हाम्रो शान्तिनगर

स्थानीय पाठ्यक्रम
२०७९

कक्षा १-५

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चिराघाट, दाङ

हाम्रो शान्तिनगर

स्थानीय पाठ्यक्रम (कक्षा १-५)

२०७९

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चिराघाट, दाङ

© सर्वाधिकार प्रकाशकमा निहित

गाउँ कार्यपालिकाको मितिः २०७९/०५/०५ गतेको बैठकबाट स्वीकृत (परीक्षणको लागि)

प्रथम प्रकाशन वि.सं. २०७९

मुद्रण प्रतिः २०१

प्रमुख सल्लाहकार

अध्यक्ष श्री प्रमोद बस्नेत

उपाध्यक्ष श्री प्रेमाकुमारी बुढाथोकी

सल्लाहकार

श्री डिल्ली खड्का (प्रमुख प्रशासकीय अधिकृत)

श्री लेखा भण्डारी (लेखा अधिकृत)

पाठ्यक्रम निर्माण समिति -

संयोजक

श्री सुमन पाण्डे (शिक्षा अधिकृत)

सदस्यहरू

१) श्री ठुमराज लामिछाने (प्र.अ. श्री शिवशक्ति मा.वि. धनौरी)

२) श्री तुलसीकुमारी गिरी (प्र.अ. श्री बी.पी. कोइराला मा.वि. बयाले)

३) श्री निम बहादुर के.सी. (प्र.अ. श्री जनकल्याण मा.वि. सिमसुन्दरपुर)

४) श्री दिपककुमार गौतम (शिक्षक, श्री जनकल्याण मा.वि. सिमसुन्दरपुर)

५) श्री दामोदर शर्मा (प्राविधिक परामर्शदाता)

भाषा सम्पादन

श्री तुलसीकुमारी गिरी (समिति सदस्य)

श्री नन्दकली लंका (प्राविधिक सहायक)

मुद्रक : महालक्ष्मी छापाखाना, तुलसीपुर दाङ

शुभकामना

शिक्षा क्षेत्रको पहिलो चिनारी भनेको साक्षरता अभिवृद्धि हो । गुणस्तरिय शिक्षाको मानकमा रूपमा साक्षरता सिद्ध भएको देखिन्छ । समाजका हरेक नागरिक साक्षर हुनुले त्यस ठाउँको साक्षरताको स्थिति राम्रो हुने र सबैले शैक्षिक अवसर प्राप्त गर्न पाउँदा आर्थिक सामाजिक सुचाङ्कमा बढोत्तरी हुने आँकलन गर्न सकिन्छ । गुणस्तरीय जीवनयापनका हरेक पक्षमा शिक्षाको माध्यमबाट सहिष्णुता कायम गर्न सकियो भने पक्कै पनि व्यक्तिगत तथा पारिवारीक जीवनयापनमा सुधार भई आर्थिक तथा सामाजिक विकास भएको अनुभुति गर्न सकिन्छ । नेपालको संविधानले दिएको अधिकार अन्तर्गत रहेर यस शान्तिनगर गाउँपालिकाले यस क्षेत्रको पहिचान कायम हुने गरि स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता प्रतिबिम्बित हुने किसिमले सम्पूर्ण पक्षलाई समाविष्ट गरि स्थानीय विषयवस्तुलाई यस गाउँपालिका अन्तर्गत संचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत बालवालिकाहरूलाई परिचित गराउने उद्देश्य अनुरूप शान्तिनगर गाउँ शिक्षा समितिको निर्णय बमोजिम यो स्थानीय पाठ्यक्रम "**हाम्रो शान्तिनगर**" तयार गरिएको हो ।

"**हाम्रो शान्तिनगर**" पाठ्यक्रमले यस गाउँपालिका क्षेत्र अन्तर्गत रहेका परम्परागत सिप तथा अन्य महत्वपुर्ण विषयवस्तुलाई वर्तमान परिपेक्ष्यसंग सामञ्जस्य बनाई भविष्यको तयारीको निम्ति योग्य, दक्ष र समक्ष जनशक्ति उत्पादनमा टेवा पुऱ्याउनु प्रमुख उद्देश्य हो । सदियौ देखि चलिआएका विभिन्न क्रियाकलाप, प्रथा, परम्पराहरूलाई अहिलेको पुस्तासँग पनि परिचित गराउने र विश्वव्यापी स्तरको ज्ञान सिप क्षमता अभिवृद्धिमा हाम्रो स्थानीय परिवेश तथा आवश्यकतामा आधारित विभिन्न विषयवस्तुहरूले स्थान पाउने गरी शैक्षिक क्रियाकलाप मार्फत सिकाई अभिवृद्धि गर्ने प्राथमिक योजना यस गाउँपालिकाको रहेको छ ।
नेपालको शिक्षा प्रणालीमा स्थानीय परिवेश झल्किने किसिमले ग्राह्यता प्रदान गरि शैक्षिकस्तर उकास्न सहयोगी सिद्ध हुने किसिमले विद्यालयमा अध्यापनरत शिक्षक तथा विद्यालय घेरामा समाहित समुदाय/अभिभावक तथा अन्य सरोकारवालाहरूमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याउने दायित्व हुनेछ भन्ने कुरा बिर्सनु हुदैन । स्थानीय कार्यपालिकाबाट स्वीकृत "**हाम्रो शान्तिनगर**" पाठ्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने पाठ्यक्रम निर्माण समिति तथा अन्य सम्बन्धित सबै धन्यवादका पात्र हुनुहुन्छ । समय परिस्थिति अनुकुल हुने गरि आवश्यक विषयवस्तु परिमार्जन सहित पूर्ण रूपमा यो पाठ्यक्रम कार्यान्वयन हुनेछ र अध्ययनरत हाम्रा सबै बालवालिकाहरूले स्थानीय विषयवस्तु अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन भन्ने विश्वास लिएका छौं ।

"**हाम्रो शान्तिनगर**" स्थानीय पाठ्यक्रम निर्माणमा उत्कृष्ट विषयवस्तु चयन मार्फत मुख्य-पाठ्यक्रमले समावेश गर्न नसकेका स्थानीय परिवेश झल्कदो विषयवस्तु समाविष्ट गरि शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नुपछ भन्ने ध्येय प्रकट गर्ने शान्तिनगर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई विशेष धन्यवाद दिन चाहन्छौं । शैक्षिक उन्नती प्रगतिको लागि सम्बन्धित सबैमा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रेमा कुमारी के.सी. (बुढाथोकी)
उपाध्यक्ष
शान्तिनगर गाउँपालिका

प्रमोद बस्नेत
अध्यक्ष
शान्तिनगर गाउँपालिका

प्राक्कथन

नेपालको संविधान, २०७२ ले अनुसूची ८ मा आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हो । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न, स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन, नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेका शैक्षिक क्षेत्रमा देखापर्ने स्थानीय शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न, स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने, पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने, पाठ्यक्रमप्रति स्थानीय जनताको अपनत्व बढ्ने, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, सरोकारवालाको सक्रिय सहभागिता रहने भएकोले शान्तिनगर गाउँपालिकाले यो पाठ्यक्रम तयार गरेको हो ।

केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जन अपेक्षा आदिले स्थान पाउने, समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूपको पाठ्यक्रम हुने, सबै पक्षको अर्थपूर्ण सहभागिता हुने परम्परागत ज्ञान, सीप सहितको स्थानीय ज्ञानको उजागर गर्ने, स्थानीय ज्ञानको खोजी गर्दै नवीनतम् ज्ञान एवम् सीपको विकासमा सहयोग पुऱ्याउने स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा समेत योगदान पुऱ्याउने अपेक्षा यस पाठ्यक्रमको रहेको छ । शान्तिनगर गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरु, गाउँपालिकाका अध्यक्ष तथा सदस्यहरु, पाठ्यक्रमविज्ञ लगायतसँग छलफल, अन्तक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा कक्षा १ देखि ५ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरेको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि कक्षा १-५ मा परीक्षणको रूपमा लागु गरिनेछ भने आगामी शैक्षिक सत्र २०८० देखि आवश्यक परिमार्जन सहित पूर्ण रूपमा कार्यान्वयन गरिनेछ । यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, शिक्षक, विद्यार्थी, अभिभावक एवम् सम्बन्धित सरोकारवालाहरूप्रति शान्तिनगर गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस गाउँपालिकाले पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ । धन्यवाद !

वि.सं. २०७९, भाद्र । शान्तिनगर गाउँपालिका

विषयसूची

क्र.सं.	विषयवस्तु	पेज नं.
१.	परिचय	१-२
२.	विषय क्षेत्र	३
३.	पाठ्यक्रमको औचित्य	३
४.	सक्षमता	३-४
५.	थिमहरू/मुख्य विषयक्षेत्रहरू	४
६.	शिक्षाको माध्यम	४
७.	विषयक्षेत्र/थिम तथा विषयवस्तु अनुसारको अनुमानित कार्य घण्टाको समष्टिगत तालिका	४-८
८.	विषयवस्तुको विस्तृतीकरण तालिका	९-३७
९.	सिकाइ सहजीकरण प्रक्रिया	३७-३९
१०.	विद्यार्थी मूल्याङ्कन प्रक्रिया	३९-६७
११.	पाठ्यक्रम मूल्याङ्कन	६७-६८
१२.	स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना	६८

अनुसूचीहरू

थप सन्दर्भ सामग्री

परिचय

शिक्षा विकास र संवृद्धिको मूल आधार हो । सभ्यताको मार्ग हो । सिप, सिर्जना र उत्पादनमा जोड दिने शिक्षा अहिलेको आवश्यकता हो । संस्कार, संस्कृति एवम् भाइचारा र बन्धुत्वको भावना विकास गराउन हामीलाई संस्कार युक्त शिक्षा चाहिन्छ । शिक्षा विकास एवम् प्रगतिको केवल पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । गुणस्तरीय र स्थानीय स्रोत, साधन एवम् सम्भावनाको पहिचान गराउन सक्ने शिक्षाले समाजलाई उन्नतिशील बनाउँछ । सभ्य समाज बनाउन मद्दत गर्छ र समतामूलक समाज निर्माणमा साथ दिन्छ । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नयनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन सक्दैन । गुणस्तरीय र व्यवहारिक शिक्षाले सिप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संस्कृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा प्रगति र समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समय सापेक्ष बनाउँदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रूपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण र कार्यान्वयनको विभिन्न मोडलहरु प्रयोगमा ल्याइएको पाइन्छ । मूलतः शिक्षालाई योजना बद्धरूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । स्थानीय आवश्यकता, विज्ञता एवम् स्थानीय परिवेशको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने नीतिगत व्यवस्था रहेको सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने प्रचलन पनि बढी रहेको पाइन्छ । संघीय स्तरमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सही ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग वाञ्छनीय हुन्छ भन्ने मान्यता अहिले आएर स्थापित भएको पाइन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीयता, समुदायको माग, सिकारूको रूचि/क्षमता एवम् अभिभावकको आवश्यकतालाई सही ढङ्गले सम्बोधन गर्न सक्ने विश्वास रही आएको देखिन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारूसम्म पुऱ्याउने एउटा सहज मार्गको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्ष्यमा समग्र शिक्षण-सिकाइको योजनाको रूपमा पनि पाठ्यक्रमलाई अर्थ्याउने गरेको देखिन्छ । जहाँसम्म स्थानीय पाठ्यक्रमको विषय छ, यो स्थानीय आवश्यकताको जगमा स्थानीय परिवेशसँग नजिक हुन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनौट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ कार्यघण्टा र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था पूर्ण रूपमा कार्यान्वयन भएन । यसैको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम,२०६९ मा साप्ताहिक ५ कार्यघण्टा र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत वा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप,

२०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरेको छ । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ कार्यघण्टा र वार्षिक रूपमा १६० कार्यघण्टा र कक्षा ४–८ का लागि साप्ताहिक ४ कार्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप स्थानीय आवश्यकतालाई समेट्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न, स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन, नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूप" ले निर्धारण गरेका शैक्षिक क्षेत्रमा देखापर्ने स्थानीय शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न, स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिन तथा विश्व बन्धुत्वको मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रूप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको सन्दर्भमा हाम्रो शान्तिनगर नामको यो पाठ्यक्रम तयार गरिएको हो । आधारभूत तहको पाठ्यक्रम अन्तर्गत कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने ४–८ कक्षामा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । कक्षा १–८ मा यो समयावधि मध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्ने प्रावधान रहेको छ । यस सम्बन्धमा शान्तिनगर गाउँपालिकाले आफ्नो स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै सरोकारवालाहरूको छलफलबाट पहिलो चरणमा कक्षा १-५ मा लागु हुने गरी "हाम्रो शान्तिनगर" विषयमा स्थानीय पाठ्यक्रम तयार गरेको छ ।

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरु, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनौट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरकफरक स्थानका फरकफरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ । यसका लागि राष्ट्रिय स्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ । स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमको एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमकै रूपमा राख्ने गरिन्छ तथापि स्थानीय ज्ञान सिपको उपयोग गरी फरकफरक ढाँचा हुँदा पनि आपत्ति हुँदैन । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ । तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि,

शिक्षण सिकाइ प्रकिया र मूल्याङ्कनका अंश रहनु पर्दछ । विषयक्षेत्रका रूपमा अलग्गै स्थानीय पाठ्यक्रम रहने व्यवस्था कक्षा १-८ को पाठ्यक्रम संरचना रहेको छ । यही संरचना अनुसार विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास वा अनुकूलन गरी कार्यान्वयन गर्नुपर्दछ भने अन्य विषयक्षेत्रमा पनि विद्यालय तथा सम्बन्धित शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय विषयवस्तु समावेश वा एकीकरण गर्न सक्दछन् । यसमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा तथा परियोजना कार्यमा स्थानीय परिवेश र विषयवस्तुबाट क्रियाकलाप सुरू गर्ने, यसलाई पाठ्यक्रमका विषयवस्तुसँग जोड्ने गर्न सक्दछन् । त्यसै गरी सिकाइ क्रियाकलापका क्रममा स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्ने, सिकाइलाई स्थानीय परिवेशमा प्रयोग गर्ने, स्थानीय विषय वा परिवेशसँग सम्बन्धित गराउने गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाइमा स्थानीय विषयवस्तु एकीकरण गर्नाले सिकाइलाई रूचिकर र सान्दर्भिक बनाउन थप सहयोग पनि प्राप्त हुन्छ ।

२. विषय क्षेत्र

यस पाठ्यक्रमको मूलभूत रूपमा स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान सिप प्रदान गर्ने मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक तथा आर्थिक पक्षलाई प्रविष्ट गरेको छ र यहाँको प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, उपयोग र संवर्द्धनलाई महत्व दिएको छ ।

३. पाठ्यक्रमको औचित्य

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरूकता आउनुपर्दछ । संसारमा सबै प्रकारका विकास र सुधारका कार्यहरु मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक सम्पदाहरु, साँस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरु र आर्थिक क्रियाकलापहरूबारे जानकार हुनुपर्दछ । आफू र आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र व्यापक क्षेत्रमा पुग्न सकिन्छ ।

यस पाठ्यक्रमले यस क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरु, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका निम्ति नयाँ सम्भावनाहरु पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा व्यवसायको लागि स्थानीयताको छनौटलाई प्रश्रय दिनेछ ।

४. सक्षमता

आधारभूत तह (कक्षा १-५) यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता प्राप्त हुनेछ :

१.शान्तिनगरको वातावरण, भौगोलिक परिवेश तथा सामाजिक मूल्य मान्यताका आधारभूत पक्षहरूलाई पहिचान गर्न ।

२. असल परम्परा एवम् शान्तिनगर क्षेत्रका राम्रा अभ्यासहरूलाई आत्मसात् गर्दै विविधताको सम्मान गर्न ।

३.शान्तिनगर क्षेत्रभित्रका पेसा, व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरु पहिचान गरी उपयुक्त पेसामा सहभागी हुन ।

४. शान्तिनगरका सम्पदाहरूसँग परिचित भई संरक्षण र संवर्द्धनमा क्रियाशील रहन ।

५. शान्तिनगरको ऐतिहासिक, पर्यटकीय एवम् पुरातात्विक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा विकासमा क्रियाशील हुन ।

६. जातजाति र भाषाभाषीबीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्व मेलापर्वहरूसँग परिचित हुन ।

७. स्थानीय संरचनासँग परिचित हुन एवम् स्थानीय सरकारको काम कर्तव्य तथा अधिकारको बारेमा उत्सुकता देखाउन तथा जानकारी राख्न ।

८. शान्तिनगर गाउँपालिकाको परिचय, सिमाना, क्षेत्रफल, ऐतिहासिक पृष्ठभूमि, भौगालिक अवस्थिति बताउन र गाउँपालिकाको नक्सा पहिचान गर्न ।

९. शान्तिनगर गाउँपालिका वा स्थानीय स्तरमा गरिने खेतीपातीतर्फ सम्मान, रूचि तथा सहभागी भई व्यावसायिकतातर्फ उन्मुख हुन ।

१०. दैनिक जीवनमा संस्कारयुक्त व्यवहारको सञ्चार र प्रतिक्रिया तथा संस्कारयुक्त व्यवहारप्रति सम्मान गर्न ।

११. समालोचनात्मक सिप र आत्मविश्वासका साथ दोहोरो सञ्चार गर्न ।

१२. संघीय संरचना अनुसारका स्थानीय सरकारका सेवा प्रदायक इकाईहरूप्रति सचेतता सहित प्रयोग र कामको जानकारी दिन ।

१३. शान्तिनगर गाउँपालिका अर्न्तगतका मेला ,जात्रा, पर्व, धार्मिक स्थलहरूको सम्बन्धमा लिखित तथा मौखिक अभिव्यक्ति दिन एवम् संरक्षण र सम्वर्द्धनप्रति सचेत हुन ।

१४. विद्यालय स्तरका कार्यक्रममा उद्घोषण गर्न र नेतृत्व लिन उत्सुकता देखाउन ।

१५. लेखापढीको जानकारी र लेखापढीप्रति सचेतता देखाउन ।

५. थिमहरू/मुख्य विषयक्षेत्रहरू:

थिम १	हाम्रो कृषिकर्म
थिम २	हाम्रो इतिहास र संस्कृति
थिम ३	हाम्रो शान्तिनगर
थिम ४	हाम्रो परम्परा
थिम ५	हाम्रो स्थानीय सरकार
थिम ६	लिखत तथा उद्घोषण

६. शिक्षाको माध्यम

स्थानीय विषयको शिक्षाको माध्यम नेपाली भाषा वा मातृभाषा हुन सक्नेछ । पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना, सञ्चार तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिई सक्दो उपयोग गरिनेछ ।

७. विषयक्षेत्र/थिम तथा विषयवस्तु अनुसारको अनुमानित कार्य घण्टाको समष्टिगत तालिका

शान्तिनगर गाउँपालिकाको लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रम २०७९ का लागि विभिन्न क्षेत्रको पाठ्यघण्टा र कार्यघण्टा निम्नानुसार रहेको छ ।

कक्षा-१

क्र.सं.	क्षेत्र	विषयवस्तु	कार्यघण्टा
१.	हाम्रो कृषिकर्म,	कृषि औजार, आफ्नो घरमा उत्पादन हुने बालीनाली, फलफूल,तरकारीको नाम,	२०
२.	हाम्रो इतिहास र संस्कृति,	पालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम, परम्परागत गीत, नृत्य, बाजा, मेला पर्व जात्रा, भेषभूषा, भाषा, खेल	३०
३.	हाम्रो शान्तिनगर	शान्तिनगर गाउँपालिका, वडा सङ्ख्या नदीनाला, खानी वनजगंल, भूगोल, जनसङ्ख्या, जातजाति, मुख्य (बाली, पेसा, भाषा)	३०
४.	हाम्रो परम्परा,	संस्कार, शिष्टाचार, व्यवहार, उखान, टुक्का, गाउँखाने कथा	४०
५.	हाम्रो स्थानीय सरकार,	वडाको सङ्ख्या, पदाधिकारीको सङ्ख्या	४०
६.	लिखत तथा उद्घोषण	दैनिक व्यवहारको लागि आवश्यक लिखतहरूका नमुना बिदाको निवेदन, आफ्नो परिचय	४०
			१६०

कक्षा-२

क्र.सं.	क्षेत्र	विषयवस्तु	कार्यघण्टा
१.	हाम्रो कृषिकर्म	कृषि औजार, उत्पादन हुने बालीनाली, फलफूल, तरकारी आधुनिक खेती प्रणाली, औजार, करेसाबारी, व्यावसायिक खेती	२०
२.	इतिहास र संस्कृति	पालिका भित्रका ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल, परम्परागत गीत, नृत्य, बाजा, मेला पर्व जात्रा, भेषभूषा, भाषा, खेल	३५
३.	हाम्रो शान्तिनगर	शान्तिनगर गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदाहरू (नदीनाला, खानी, वनजङ्गल) भूगोल, जनसङ्ख्या जातजाति, मुख्य (बाली, पेसा, भाषा, आर्थिक तथा सामाजिक सूचकहरू)	३०
४.	हाम्रो परम्परा	संस्कार, शिष्टाचार, व्यवहार, उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथा, परम्परागत सामाजिक व्यवहार	३५
५.	हाम्रो स्थानीय सरकार	गाउँपालिकाको पदाधिकारीको काम, वडाको संरचना पदाधिकारीको काम, कर्तव्य र अधिकारहरू, पालिका अर्न्तगतका सेवा प्रदायक शाखाहरू	२०

६.	लिखत तथा उद्घोषण	दैनिक व्यवहारको लागि आवश्यक लिखतहरू (निवेदन, भरपाई, निर्णय लेखन, तमसुक) उद्घोषण	२०
			१६०

कक्षा-३

क्र.सं.	क्षेत्र	विषयवस्तु	कार्यघण्टा
१,	हाम्रो कृषिकर्म,	परम्परागत खेती प्रणाली, औजार, उत्पादन हुने र भएका बालीनाली, फलफूल, तरकारी, आधुनिक खेती प्रणाली, औजार, करेसाबारी, व्यवसायिक र निर्वाहमुखी खेती	३५
२	हाम्रो इतिहास र संस्कृति,	परिचय संरक्षण र प्रवर्द्धनः पालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल, परम्परागत गीत, नृत्य, बाजा, मेला, पर्व, जात्रा, भेषभूषा, भाषा, खेल	३०
३,	हाम्रो शान्तिनगर	शान्तिनगर गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदाहरू (नदीनाला, खानी, वनजगंल) भुगोल, जनसंख्या, जातजाति, मुख्य (बाली, पेशा, भाषा, आर्थिक तथा सामाजिक सूचकहरू	२५
४	हाम्रो परम्परा	संस्कार, शिष्टाचार, व्यवहार, उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथा, परम्परागत सामाजिक व्यवहार, परम्परागत उपचार पद्धति (जडीबुटी)	२५
५,	हाम्रो स्थानीय सरकार	गाउँपालिकाको संरचना, पदाधिकारीको काम, कर्तव्य, अधिकार, वडाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकारहरू, पालिका अन्तर्गतका सेवा प्रदायक शाखाहरूको परिचय,	२०
६,	लिखत तथा उद्घोषण	दैनिक व्यवहारको लागि आवश्यक लिखतहरू (निवेदन, भरपाई, निर्णय लेखन, तमसुक) उद्घोषण	२५
			१६०

कक्षा-४

क्र.सं.	क्षेत्र	विषयवस्तु	कार्यघण्टा
१,	हाम्रो कृषिकर्म	परम्परागत खेती प्रणाली ,औजार,उत्पादन हुने र भएका बालीनाली, फलफूल, तरकारी, आधुनिक खेती प्रणाली, औजार, करेसाबारी, व्यावसायिक र निर्वाहमुखी खेती	३०
२,	हाम्रो इतिहास र संस्कृति	परिचय संरक्षण र प्रवर्द्धनःपालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल, परम्परागत गीत, नृत्य, बाजा, मेला पर्व जात्रा भेषभूषा, भाषा, खेल	२०
३	हाम्रो शान्तिनगर	शान्तिनगर गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदाहरू (नदीनाला, खानी, वनजङ्गल) भूगोल, जनसङ्ख्या, जातजाति, मुख्य (बाली, पेसा, भाषा, आर्थिक तथा सामाजिक सूचकहरू लगायत विभिन्न सूचकहरू	२०
४,	हाम्रो परम्परा	संस्कार, शिष्टाचार, व्यवहार, उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथा, परम्परागत सामाजिक व्यवहार, परम्परागत उपचार पद्धति (जडीबुटी)	२०
५,	हाम्रो स्थानीय सरकार	गाउँपालिकाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकार, वडाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकारहरू, पालिका अन्तर्गतका सेवा प्रदायक शाखाहरूको परिचय	१६
६,	लिखत तथा उद्घोषण	दैनिक व्यवहारको लागि आवश्यक लिखतहरू (निवेदन, भरपाई, निर्णय लेखन, तमसुक) उद्घोषण	२२
			१२८

कक्षा-५

क्र.सं.	क्षेत्र	विषयवस्तु	कार्यघण्टा
१,	हाम्रो कृषिकर्म	परम्परागत खेती प्रणाली, औजार,उत्पादन हुने र भएका बालीनाली, फलफूल, तरकारी, आधुनिक खेती प्रणाली, औजार, करेसाबारी, व्यावसायिक र निर्वाहमुखी खेती	३०
२,	हाम्रो इतिहास र संस्कृति	परिचय संरक्षण र प्रवर्द्धनःपालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल, परम्परागत गीत, नृत्य, बाजा, मेला, पर्व, जात्रा भेषभूषा, भाषा, खेल	२०
३	हाम्रो शान्तिनगर	शान्तिनगर गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदाहरू(नदीनाला, खानी, वनजङ्गल) भूगोल, जनसंख्या, जातजाति, मुख्य (बाली, पेसा, भाषा, आर्थिक तथा सामाजिक सूचकहरू लगायत विभिन्न सूचकहरू	२०
४,	हाम्रो परम्परा	संस्कार, शिष्टाचार, व्यवहार, उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथा, परम्परागत सामाजिक व्यवहार, परम्परागत उपचार पद्धति (जडीबुटी)	२०
५,	हाम्रो स्थानीय सरकार	गाउँपालिकाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकार, वडाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकारहरू, पालिका अन्तर्गतका सेवा प्रदायक शाखाहरूको परिचय	१६
६,	लिखत तथा उद्घोषण	दैनिक व्यवहारको लागि आवश्यक लिखतहरू (निवेदन, भरपाई, निर्णय लेखन, तमसुक) उद्घोषण	२२
			१२८

विषयवस्तुको विस्तृतीकरण

कक्षा:१

१. (क) थिम:- हाम्रो कृषिकर्म

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाँउ टोलमा पाइने तरकारी तथा बालीको नाम भन्न तथा पहिचान गर्न ।
२. आफ्नो गाँउ टोलमा पाइने तरकारी तथा बालीको लगाइने समय भन्न ।
३. आफ्नो गाँउ टोलमा पाइने तरकारी तथा बालीको लगाइने स्थान भन्न ।

(ग) विषयवस्तु:

- आलु, मुला, गोलभेडा, बन्दा, साग, फुलगोभी, सिमी बोडी जस्ता स्थानीय स्तरमा पाइने १० वटा तरकारी बालीको लगाइने समय र नाम ।
- मकै, गहुँ, धान, कोदो, जौ जस्ता स्थानीय स्तरमा खेती गरिने अन्न बालीको लगाइने समय र नाम ।
- स्थानीय स्तरमा पाइने नगदे बालीको लगाइने समय र नाम ।
- स्थानीय स्तरमा पाइने फलफूलहरूको नाम ।
- विशिष्ट खालका तरकारी बाली,नगदे बाली र अन्न बाली खेती हुने ठाउँहरू ।
- बाली विशेषको आधारमा स्थानीय स्तरमा कृषिकर्म गरिने तरिका ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- प्रयोगात्मक विधिबाट सिकाइ गर्नुपर्ने भएकोले विद्यालयमा करेसाबारी, फूलबारी जस्ता कृषिकर्मको लागि जग्गा तयारी गरी प्रयोगात्मकको लागि अनिवार्य व्यवस्था गरी शिक्षण सिकाइ गर्ने । नजिकको बारी खेतमा क्षेत्र भ्रमण गराउने ।
- विभिन्न किसिमका बालीहरूको पहिचान प्रत्यक्ष गराउन सङ्कलन विधिको प्रयोग गर्ने ।
- अवलोकन विधि, छलफल विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- नगदे बाली, अन्न बाली, फलफूल र तरकारी बालीको अवधारणा विद्यार्थीमा विकास गराउन आवश्यक कार्यहरू सम्पादन गर्ने ।

(ङ) मूल्याङ्कन:

व्यवहार अवलोकन, रूजु सूची र निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: २०

२. क) थिम:- हाम्रो इतिहास र संस्कृति

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाउँ टोलमा नाचिने नाचप्रति रूचि देखाउन ।

२. यसमा प्रयोग हुने बाजाहरू चिन्न ।

३. आफ्नो गाउँ टोलमा लाग्ने मेला पर्व र जात्राहरू तथा ऐतिहासिक स्थलको नाम भन्न ।

४. नजिकको मेलापर्व जात्राहरूमा सहभागी बन्न ।

(ग) विषयवस्तु:

- स्थानीय नाचहरू ।
- नाचमा प्रयोग हुने बाजाहरू ।
- नाचमा प्रयोग गरिने विशेष पहिरन पहिचान ।
- चित्र हेरी नाचका नाम पहिचान ।
- शान्तिनगर गाउँपालिकामा लाग्ने मेला जात्राहरूको नाम ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने पर्वहरू।
- नजिकको मेला पर्वहरूमा सहभागिता ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- श्रव्य दृश्य सामग्रीको अधिकतम प्रयोग गर्दै सहभागितामूलक सिकाइ गर्ने ।
- स्थानीय स्तरका स्रोत शिक्षकको अधिकतम प्रयोग गरी सिकाइ गर्ने ।
- प्रदर्शन विधि, अभिनय विधि, अवलोकन विधि, प्रश्नोत्तर विधिको प्रयोग गर्ने ।

(ङ) मूल्याङ्कन:

अवलोकन, चेकलिष्ट, प्रश्नोत्तर

(च) पाठ्यभार: ३०

३. क) थिम:- हाम्रो शान्तिनगर

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गा.पा. को नाम, वडा नं., टोल भन्न ।

२. जिल्लाको नक्सामा आफ्नो पालिका चिन्न ।

३. आफ्नो वडाका नदीनालाको नाम भन्न ।

(ग) विषयवस्तु:

- गाउँपालिका, जिल्ला र प्रदेशको नाम ।
- गाउँपालिकामा रहेका वडा सङ्ख्या ।
- पालिका भित्रका नदीनाला, वनजङ्गल ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- छलफल विधि, प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।

  (जस्तोः वडाको बारेमा जानकारी प्रदान गर्न वडा कार्यालयमै लगेर छलफल गराउने ।)
- अभिनय विधिको प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: ३०

४. क) थिम:- हाम्रो परम्परा

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. दैनिक जीवनमा आवश्यक पर्ने आदरार्थी शब्दको प्रयोग गर्न ।

२. परिवारका सदस्य, शिक्षक, साथी, नातेदार र पाहुनालाई अभिवादन गर्न ।

३. गल्ती स्वीकार गर्न, क्षमा गर्न र आत्मालोचना गर्न ।

(ग) विषयवस्तु:

- परिवारका सदस्यहरू,(हजुरबुबा,हजुरआमा,बाबा,आमा,दाजु, भाउजू, दिदी, मामा, माइजू) शिक्षक, मान्यजन, अतिथि तथा अपरिचितलाई आफ्नो संस्कार अनुसारको अभिवादन ।

- आदरार्थी शब्दको प्रयोग गरी अभिवादन तथा सम्बोधन ।
- दैनिक जीवनमा प्रयोग हुने आदरार्थी शब्दको प्रयोगमा निरन्तरता अथवा व्यावहारिक प्रयोग ।
- मान्यजनलाई दैनिक अभिवादन र शिष्ट भाषाको प्रयोग गरी सम्बोधन ।
- आफू भन्दा सानालाई सम्मान र उपयुक्त स्नेह प्रदर्शन ।
- सभ्य र शिष्ट व्यवहारको दैनिक प्रयोग ।
- गल्ती स्वीकार, क्षमा र आत्मालोचना ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- परिवारका सदस्यहरूलाई आफ्नो संस्कार अनुसारको अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- अभिनय विधि, खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- मान्यजन, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन, शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्न उत्प्रेरित गर्ने ।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न, व्यावहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।
- आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागे को आफैंले गरेको काम बताउन लगाई वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।

(ङ) मूल्याङ्कन: **व्यवहार अवलोकन, निरन्तर मूल्याङ्कन**

(च) पाठ्यभार: **४०**

५. (क) थिम:- **हाम्रो स्थानीय सरकार**

(ख) सिकाई उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गा.पा. को नाम, वडा नं., टोल सहितको परिचय दिन ।
२. वडाका पदाधिकारीको नाम भन्न ।
३. आफ्नो पुरा ठेगाना बताउन ।

(ग) विषयवस्तु:

- गाउँपालिका, जिल्ला र प्रदेशको नाम ।
- गाउँपालिकामा रहेका वडा सङ्ख्या।
- वडा अध्यक्षको नाम । वडा समितिको सङ्ख्या र पदाधिकारीको नाम ।
- आफ्नो पुरा ठेगाना । (जिल्ला र प्रदेश समेत)

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- छलफल विधि, प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने । जस्तोः वडाको बारेमा जानकारी प्रदान गर्न वडा कार्यालयमै लगेर छलफल गराउने ।
- अभिनय विधिको प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: **२०**

६. क) थिम:- **लिखत तथा उद्घोषण**

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. स्थानीय स्तरमा प्रचलनमा रहेका विभिन्न किसिमका लिखतहरूको नाम भन्न ।

२. आफ्नो परिचय भन्न ।

(ग) विषयवस्तु:

- लिखत चाहिने कम्तीमा ५ वटा ठाउँहरू ।
- दैनिक जीवनमा सामान्य प्रयोग हुने लिखतहरू निवेदन, चिठी, शुभकामना, निमन्त्रणा, भरपाई तमसुक र समवेदना आदि ।
- आफ्नो नाम, बाबुको नाम, आमाको नाम, टोलको नाम सहित उठेर परिचय दिन ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- विद्यालय, सामुदायिक वन, आमा समूह, वडा कार्यालय, विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गरी छलफल गरी त्यस तर्फ उत्सुक बनाउने ।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।
- शुभकामना, सामान्य चिठी, निमन्त्रणा भरपाई तमसुक, समवेदनाका नमुना प्रदर्शन गर्दै सहजीकरण गर्ने ।
- विद्यार्थीहरूलाई उभिएर आफ्नो परिचय दिन, अभिनय विधि र खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार:**२०**

कक्षा:२

१. क) थिम:- हाम्रो कृषिकर्म

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाँउ टोलमा पाइने तरकारी तथा बालीको परिचय दिन ।

२. खेतीपातीमा सहयोग गर्न, चासो देखाउन ।

३. खेतीपातीको सामान्य प्रक्रियाको परिचय दिन र स्थानीय स्तरमा प्रयोग हुने कृषि औजारको नाम भन्न ।

(ग) विषयवस्तु:

- स्थानीय स्तरमा पाइने तरकारी बाली, नगदे बाली, अन्न बाली र फलफूलको परिचय ।
- सबै प्रकारका बालीहरूको खेती, समय र स्थान ।
- अन्यको सहयोगमा करेसाबारी बनाउन ।
- कृषिकर्ममा सक्दो सहयोग ।
- स्थानीय स्तरमा प्रयोग हुने कृषि औजारहरूको नाम ।
- विद्यालयमा सामूहिक करेसाबारी निर्माणमा सहभागिता तथा सहयोग ।
- स्थानीय स्तरमा प्रयोगमा रहेका बिरूवा उत्पादन, रोपण, मल, सिँचाइ, गोडमेल, बाली भित्र्याउने र भण्डारणको सामान्य जानकारी ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- प्रयोगात्मक विधिबाट सिकाइ गर्नुपर्ने भएकोले विद्यालयमा करेसाबारी, फूलबारी जस्ता कृषिकर्मको लागि जग्गा तयारी गरी प्रयोगात्मकको लागि अनिवार्य व्यवस्था गरी शिक्षण सिकाइ गर्ने ।
- नजिकको बारीखेतमा क्षेत्र भ्रमण गराउने ।
- विभिन्न किसिमका बालीहरूको पहिचान प्रत्यक्ष गराउन सङ्कलन विधिको प्रयोग गर्ने ।
- अवलोकन विधि, छलफल विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- नगदे बाली, अन्न बाली, फलफूल र तरकारी बालीको अवधारणा विद्यार्थीमा विकास गराउन आवश्यक कार्यहरू सम्पादन गर्ने ।
- स्थानीय स्रोत शिक्षकहरूको सहयोग लिई आवश्यक जानकारी उपलब्ध गराउन सकिने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: २०

१. क) थिम:- हाम्रो इतिहास र संस्कृति

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाउँ टोलमा नाचिने नाचको शैली र गीतप्रति रूचि देखाउन र सामूहिक रूपमा नक्कल गर्न ।

२. नाचमा प्रयोग हुने बाजा चिन्न, नाम लेख्न ।

३. आफ्नो वडामा लाग्ने मेलापर्व र जात्राहरूको सामान्य परिचय भन्न ।

४. नजिकको मेलापर्व, जात्राहरूमा सहभागी भई आनन्द लिन ।

(ग) विषयवस्तु:

- स्थानीय स्तरमा नाचिने नाचको धुन र गीत ।
- स्थानीय स्तरमा नाचिने नाचको सामूहिक नक्कल ।
- स्थानीय स्तरमा नाचिने नाचमा प्रयोग हुने बाजाहरू पहिचान र स्थानीय स्तरको नाम ।
- नाचमा प्रयोग हुने विशेष पहिरनको पहिचान र प्रयोग ।
- शान्तिनगर गाउँपालिकामा लाग्ने मेलाहरू र मनाइने जात्राको सामान्य परिचय ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा जात्राहरूमा उत्सुकतापूर्वक सहभागिता ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्राका विशेषता ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- श्रव्य दृष्य सामग्रीको अधिकतम प्रयोग गर्दै सहभागितामूलक सिकाइ गर्ने ।
- स्थानीय स्तरका स्रोत शिक्षकको अधिकतम प्रयोग गरी सिकाइ गर्ने ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्रामा सम्भव भएसम्म सामूहिक क्षेत्र भ्रमण गराई उत्सुकता जगाउने ।
- प्रदर्शन विधि, अभिनय विधि, अवलोकन विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी सिकाइ गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: ३५

३. क) थिम:- हाम्रो शान्तिनगर

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफू बस्ने वडाको सामान्य परिचय दिन ।

२. आफ्नो वडामा पर्ने प्राकृतिक सम्पदाको सामान्य जानकारी राख्न ।

३. आफ्नो वडामा बसोबास गर्ने मुख्य जातजाति, बोलिने भाषाको जानकारी दिन ।

४. शान्तिनगर गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्न ।

(ग) विषयवस्तु:

- शान्तिनगर गाउँपालिकाको परिचय,
- प्राकृतिक स्रोत र सम्पदाहरू (नदीनाला, खानी, वनजङ्गल)
- भूगोल, जनसङ्ख्या, जातजाति
- मुख्य (बाली, पेसा, भाषा)
- आर्थिक तथा सामाजिक सूचकहरू

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- छलफल विधि, प्रदर्शन विधि, परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: ३०

४. क) थिम:- हाम्रो परम्परा

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. दैनिक जीवनमा आवश्यक पर्ने आदरार्थी शव्दको लिखित र व्यावहारिक प्रयोग गर्न ।

२. परिवारका सदस्य, शिक्षक, साथी, अपरिचित व्यक्ति तथा पाहुनालाई अभिवादन गर्न र सामान्य शिष्टाचार देखाउन ।

३. स्थानीय स्तरमा प्रयोग गरिने छोटा लोककथा, गाउँखाने कथाप्रति रूचि राख्न ।

(ग) विषयवस्तु:

- परिवारका सदस्यहरू, (हजुरबुबा, हजुरआमा, बाबा, आमा, दाजु, भाउजु, दिदी, मामा, माइजू) शिक्षक, मान्यजन, अतिथि तथा अपरिचितलाई आफ्नो संस्कार अनुसारको अभिवादन र सम्बोधन ।
- दैनिक जीवनमा प्रयोग हुने आदरार्थी शब्दको व्यावहारिक प्रयोग ।
- मान्यजनलाई दैनिक अभिवादन गर्न र शिष्ट भाषाको प्रयोग गरी सम्बोधन गर्ने ।
- आफूभन्दा सानालाई सम्मान र उपयुक्त स्नेह प्रदर्शन ।
- सामान्य शिष्टाचारका शब्दहरूको व्यावहारिक र लिखित प्रयोग ।

- सभ्य र शिष्ट व्यवहारको दैनिक प्रयोग ।
- गल्तीको स्वीकारोक्ति, क्षमा र आत्मालोचना ।
- अतिथि देवो भवः को हाम्रो परम्परा अनुकूलको व्यवहार प्रदर्शन ।
- नाता अनुसारको अभिवादन र सम्बोधन ।
- शिष्ट भाषामा सामान्य सहयोगको अपेक्षा तथा सहयोगी भावना ।
- स्थानीय स्तरमा प्रयोग हुने लोककथा, गाउँ खाने कथा ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- परिवारका सदस्यहरूलाई आफ्नो संस्कार अनुसारको दैनिक अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- अभिनय विधि, खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- मान्यजन, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन, शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्न उत्प्रेरित गर्ने ।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यावहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने । आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैंले गरेको काम बताउन लगाई वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्न ।
- बानीको विकास गर्ने विभिन्न सहजीकरण विधिको प्रयोग गरी सहजीकरण गर्ने ।
- अतिथिसगँ शिष्ट व्यवहार गर्न, अपरिचित व्यक्तिहरूलाई सहयोग गर्न र सभ्य आचरण गर्ने बानीको विकास गर्ने । स्थानीय स्तरमा प्रयोग हुने लोककथा, गाउँखाने कथा सुन्ने र सुनाउने उपयुक्त वातावरणको निर्माणमा जोड दिने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: ३५

५. क) थिम:- **हाम्रो स्थानीय सरकार**

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो जिल्ला र प्रदेशको नाम भन्न ।
२. आफू बस्ने वडा नम्बर र पालिकाको नाम भन्न ।
३. आ-आफ्नो वडाका पदाधिकारीको सङ्ख्या भन्न र वडा कार्यालय रहेको स्थानको नाम बताउन ।
४. वडा भित्रका सेवा प्रदायक संस्थाहरूको नाम भन्न ।

(ग) विषयवस्तु:

- गाउँपालिका, जिल्ला र प्रदेशको नाम, वडा र टोल सहितको आफू बस्ने ठेगाना ।
- गाउँपालिकाका पदाधिकारीको नाम र काम ।

- वडा अध्यक्षको नाम र काम वडा समितिको सङ्ख्या र पदाधिकारीको नाम र काम, कार्यालय रहेको स्थान ।
- वडा कार्यालयले गर्ने कामहरू।
- वडा कार्यालयले प्रदान गर्ने सेवाहरू ।
- वडा भित्रका सेवा प्रदायक संस्थाहरू ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- छलफल विधि, प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- अभिनय विधिको प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।
- वडा कार्यालय तथा सेवा प्रदायक संस्थाहरूको क्षेत्र भ्रमण गराई सो कार्यालयले प्रदान गर्ने सेवाहरूको सम्बन्धमा छलफल गराउने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: २०

६. क) थिम:- **लिखत तथा उद्घोषण**

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. दैनिक जीवनमा अति आवश्यक पर्ने विभिन्न निवेदनहरूको जानकारी राख्न,
२. निवेदनका स्वरूपमा सामान्य रूचि व्यक्त गर्न ।
३. कक्षागत कार्यक्रममा सामान्य उद्घोषण गर्न ।

(ग) विषयवस्तु:

- स्थानीय स्तरमा लिखत चाहिने स्थानहरू ।
- दैनिक जीवनमा सामान्य प्रयोग हुने लिखतहरूः निवेदन, चिठी, शुभकामना, निमन्त्रणा, भरपाई तमसुक र समवेदना आदि ।
- लिखतहरू मध्ये सामान्य चिठी, शुभकामना, निमन्त्रणा र निवेदनको खाका ।
- लिखतहरूको व्यहोरा लेखन ।
- उद्घोषणको सामान्य अभ्यास ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- विद्यालय, सामुदायिक वन, आमा समूह, वडा कार्यालय, विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गरी छलफल गरी त्यसतर्फ उत्सुक बनाउने ।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।

- शुभकामना, सामान्य चिठी, निमन्त्रणा, भरपाई तमसुक, समवेदनाका नमुना प्रदर्शन गर्दै सहजीकरण गर्ने । नमुना हेरी लेख्न सहजीकरण गर्ने ।
- कक्षागत कार्यक्रमहरूमा उद्घोषण गर्न सहजीकरण गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: २०

कक्षा:३

१. क) थिम:- हाम्रो कृषिकर्म

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीको परिचय दिन, कृषिकर्ममा सक्दो सहयोग गर्न ।
२. सामान्य खेतीपातीको लागि करेसाबारीमा काम गर्न, गोडमेल गर्न, बिरूवा रोप्न, बाली भित्र्याउने समयको जानकारी दिन ।
३. आधुनिक कृषि प्रविधितर्फ आकर्षित हुन ।
४. कृषि कर्मको आर्थिक पक्ष सम्बन्धमा सचेतता देखाउन ।

(ग) विषयवस्तु:

- शिक्षकको निर्देशनमा वा अभिभावकको निर्देशनमा करेसाबारीमा सक्दो सहयोग ।
- करेसाबारीको सामान्य काम, गोडमेल, बिरूवा रोप्ने काम, सिँचाइ, बाली भित्र्याउने ।
- आधुनिक कृषि प्रविधिको जानकारी ।
- सामूहिक रूपमा विद्यालय र घरमा फूलबारी र करेसाबारी निर्माणमा सहयोग ।
- स्थानीय स्तरमा गरिने सबै खालका (अन्न, तरकारी, फलफूल) बालीहरूको परिचय ।
- स्थानीय स्तरमा प्रयोग भएका आधुनिक कृषि औजारका नाम र काम ।
- कृषि उत्पादनको बिक्री वितरण ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- प्रयोगात्मक विधिबाट सिकाइ गर्नुपर्ने भएकोले विद्यालयमा करेसाबारी, फूलबारी जस्ता कृषिकर्मको लागि जग्गा तयारी गर्न सहयोग गरी विद्यार्थीहरूको सहभागितालाई सुनिश्चतता गर्दै प्रयोगात्मक शिक्षण सिकाइ गर्ने ।
- विद्यालयमा सम्भव नभएमा नजिकको खेत वा बारीमा क्षेत्र भ्रमण गराउने ।
- करेसाबारीमा शिक्षकको प्रत्यक्ष निगरानीमा उनीहरूलाई सहज हुनेगरी गर्नसक्ने कार्यहरू विभाजन गरी बिऊ छर्न, बिरूवा रोप्न, सिँचाई गर्न, गोडमेल गर्न, बाली भित्र्याउने कार्यहरूमा उनीहरूको संलग्नतालाई सुनिश्चितता प्रदान गर्ने ।
- उत्पादित बालीलाई बिक्री वितरणमा सहजीकरण गर्ने ।

- विभिन्न किसिमका बालीहरूको पहिचान प्रत्यक्ष गराउन सङ्कलन विधिको प्रयोग गर्ने ।
- अवलोकन विधि, छलफल विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- नगदे बाली, अन्न बाली, फलफूल र तरकारी बालीको अवधारणा विद्यार्थीमा विकास गराउन आवश्यक प्रयोगात्मक कार्यहरू सम्पादन गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: ३५

१. क) थिम:- **हाम्रो इतिहास र संस्कृति**

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाउँ टोलमा नाचिने नाचप्रति रूचि देखाउँदै सामान्य नक्कल गर्न ।
२. नाचमा प्रयोग हुने बाजा चिन्न, महत्व बताउन, विभिन्न नाचको नाम भनी सामान्य फरक छुट्टाउन ।
३. शान्तिनगर गाउँपालिकामा लाग्ने मेलापर्व र जात्राहरूको परिचय र महत्व लेख्न तथा भन्न ।
४. नजिकको मेलापर्व, जात्राहरूमा सहभागी भई आनन्द लिन र नाचप्रति उत्सुकता देखाउन ।
५. शान्तिनगर गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको नाम भन्न ।
६. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धनमा रूचि देखाउन ।

(ग) विषयवस्तु:

- आफ्नो गाउँ टोलका मौलिक संस्कृतिप्रति रूचि देखाउँदै स्थानीय नाचहरूको सामान्य नक्कल ।
- स्थानीय परम्परागत नाचका गीतहरूको सामान्य नक्कल ।
- स्थानीय परम्परागत नाचमा प्रयोग हुने बाजाहरूबीचको फरक ।
- स्थानीय परम्परागत नाचमा प्रयोग हुने धुनहरूबीचको फरक ।
- शान्तिनगरनगर गाउँपालिकामा लाग्ने मेला र मनाइने जात्राहरूको सामान्य परिचय र महत्व ।
- मेला, पर्व, जात्रामा सहभागिता ।
- शान्तिनगर गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको नाम ।
- शान्तिनगर गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको अवस्था र अवस्थिति ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप:

- श्रव्यदृश्य सामग्रीको प्रयोग गर्दै सहभागितामूलक सिकाइ गर्ने ।
- स्थानीय स्तरमा पाइने बाजाहरूको सङ्ग्रहालयमा विद्यार्थीलाई क्षेत्र भ्रमण गराउने ।
- विशेष अवसरमा नाचिने तथा गाइने विविध मौलिक संस्कृतिहरूलाई प्रत्यक्ष अवलोकन गराई सिकाइ गराउने । स्थानीय स्तरका स्रोत शिक्षकको अधिकतम प्रयोग गरी सिकाइ गर्ने ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्रामा सम्भव भएसम्म सामूहिक क्षेत्र भ्रमण गराई उत्सुकता

जगाउने । शान्तिनगर गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको परिचय दिई सम्भव भएसम्म क्षेत्र, भ्रमण अवलोकन भ्रमण गराउने तथा सो सम्बन्धी जानकारीमूलक सामग्रीको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।

- प्रदर्शन विधि, अभिनय, विधि, अवलोकन विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी सिकाइ गर्ने ।

(ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

(च) पाठ्यभार: ३०

३ क) थिम:- **हाम्रो शान्तिनगर**

(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो वडाको भौगोलिक अवस्था र जनसङ्ख्या भन्न ।

२. आफू बस्ने वडाको सामान्य परिचय दिन ।

३. आफ्नो वडामा पर्ने नदीनाला, खानी, वनजङ्लको नाम बताउन ।

४. आफ्नो वडामा बसोबास गर्ने व्यक्तिहरूको मुख्य पेसा बताउन ।

५. आफ्नो वडामा बोलिने सबै भाषाहरूको जानकारी दिन ।

६. आफ्नो वडामा बसोबास गर्ने सबै जातजातिहरूको नाम भन्न ।

ग) विषयवस्तु:

- ✔ आफनो वडाको भौगोलिक अवस्था र जनसङ्ख्या ।
- ✔ आफू बस्ने वडाको सामान्य परिचय ।
- ✔ आफ्नो वडामा पर्ने नदीनाला, खानी, वनजङ्गलको नाम ।
- ✔ आफ्नो वडामा बसोबास गर्ने व्यक्तिहरूको मुख्य पेसा ।
- ✔ आफ्नो वडामा बोलिने सबै भाषाहरूको नाम ।
- ✔ आफ्नो वडामा बसोबास गर्ने सबै जातजातिहरूको नाम ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- ✔ छलफल विधि, प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- ✔ विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।

- ✔ टोलहरूमा भएका जातजाति कक्षामा भएका जातजातिहरूको सूची बनाउन लगाई सहजीकरण गर्ने ।
- ✔ वडाहरूभित्र बोलिने भाषाहरूको बारेमा छलफल गराउने ।
- ✔ परिवारले अपनाएको मुख्य पेसाको सम्बन्धमा सहजीकरण गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

च) पाठ्यभार: २५

४) थिम:- **हाम्रो परम्परा**

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. सबैसगँ शिष्ट व्यवहार देखाउन ।
२. मान्यजनलाई दैनिक अभिवादन, आदर र शिष्ट व्यवहार गर्न ।
३. आफूभन्दा सानालाई स्नेह देखाउन तथा जिम्मेवारीप्रति आकर्षण देखाउन ।
४. कक्षा स्तरीय कार्यक्रममा प्रस्तुतीकरण गर्न तथा त्यसतर्फ उत्सुक हुन ।
५. स्थानीय स्तरमा सुनाइने लोककथा, उखानटुक्का, गाउँखाने कथाप्रति रूचि देखाउन र भन्न उत्सुक बन्न ।
६. परम्परागत उपचार पद्धतिको बारेमा उत्सुकता देखाउन ।

ग) विषयवस्तु:

- ✔ परिवारका सदस्यहरू, शिक्षक, मान्यजन, अतिथि तथा अपरिचितलाई आफ्नो संस्कार अनुसारको अभिवादन र सम्बोधन ।
- ✔ दैनिक जीवनमा प्रयोग हुने आदरार्थी शब्दको प्रयोगमा निरन्तरता ल्याउन अथवा व्यावहारिक प्रयोग ।
- ✔ मान्यजनलाई अनिवार्य दैनिक अभिवादनको प्रयोग र शिष्ट भाषाको प्रयोग गरी सम्बोधन ।
- ✔ आफूभन्दा सानालाई समेत सम्मान तथा उपयुक्त स्नेह प्रदर्शन ।
- ✔ सभ्य र शिष्ट व्यवहारको दैनिक प्रयोग ।
- ✔ गल्तीको स्वीकारोक्ति क्षमायाचना र आत्मालोचना ।
- ✔ आफूभन्दा सानाका लागि आफ्नो जिम्मेवारीप्रति जागरूक ।
- ✔ कक्षा स्तरीय कार्यक्रममा प्रस्तुतीकरण ।
- ✔ स्थानीय स्तरमा सुनाइने लोककथा, उखानटुक्का, गाउँखाने कथा ।
- ✔ परम्परागत उपचार पद्धति ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- ✔ परिवारका सदस्यहरूलाई आफ्नो संस्कार अनुसारको अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- ✔ अभिनय विधि, खेलविधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- ✔ मान्यजन, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन, शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्ने तथा आदरार्थी

शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।

- ✔ गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यावहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।
- ✔ आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैँले गरेको काम बताउन लगाई वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।
- ✔ स्थानीय स्तरमा सुनाइने लोककथा, उखानटुक्का, गाउँखाने कथाहरू प्रस्तुत गर्ने र उनीहरूलाई प्रस्तुत गर्न प्रोत्साहित गर्ने ।
- ✔ परम्परागत उपचार पद्धति जडीबुटीको सामान्य परिचय दिँदै प्रचलित जडीबुटीहरूको सम्बन्धमा छलफल गराउने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

च) पाठ्यभार: २५

५ क) हाम्रो स्थानीय सरकार

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. शान्तिनगर वडा समितिको गठन प्रक्रियाप्रति उत्सुकता देखाउन ।

२. गाउँपालिका तथा वडा समितिको पदाधिकारी सङ्ख्या बताउन ।

३. वडा कार्यालयले गर्ने कार्यहरूप्रति उत्सुकता देखाउन तथा कामको सामान्य जानकारी बताउन र लेख्न ।

४. पालिका अन्तर्गतका सेवा प्रदायक शाखाहरूको परिचयप्रति सामान्य रूचि व्यक्त गर्न ।

ग) विषयवस्तु:

- ✔ गाउँपालिकाको संरचना
- ✔ पदाधिकारीको सङ्ख्या, काम, कर्तव्य र अधिकार,
- ✔ वडाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकारहरू
- ✔ पालिका अन्तर्गतका सेवा प्रदायक शाखाहरूको परिचय

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- ✔ छलफल विधि, प्रदर्शन विधि, परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- ✔ विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

च) पाठ्यभार: २०

६ क) थिम:- लिखत तथा उद्घोषण

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. दैनिक जीवनमा अति आवश्यक पर्ने निवेदनहरूको खाका तयार गर्न ।

२. विभिन्न निवेदनहरूको व्यहोराप्रति उत्सुकता देखाउन ।

३. कक्षागत कार्यक्रममा उद्घोषण गर्न ।

ग) विषयवस्तु:

- ✔ दैनिक जीवनमा सामान्य प्रयोग हुने लिखतहरूको (निवेदन, चिठी, शुभकामना, निमन्त्रणा, भरपाई तमसुक र समवेदना) सामान्य खाका ।
- ✔ दैनिक जीवनमा प्रयोग हुने सामान्य भरपाई तमसुकको खाका ।
- ✔ स्थानीय स्तरका संस्थाहरूमा लेखिने लिखतहरूको ढाँचा तथा व्यहोरा लेखन ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- ✔ विद्यालय, सामुदायिक वन, आमा समूह, वडा कार्यालय, विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा भ्रमण गराई त्यसतर्फ उत्सुक बनाउने ।
- ✔ निवेदन तथा विभिन्न लिखत (भरपाई, तमसुक, निर्णय लेखन पुस्तिका) का नमुना प्रदर्शन गर्ने ।
- ✔ शुभकामना, सामान्य चिठी, निमन्त्रणा भरपाई, समवेदनाका नमुना प्रदर्शन गर्दै सहजीकरण गर्ने ।
- ✔ चिठी, निवेदन, शुभकामना पत्र, समवेदना पत्र लगायतका सामग्री लेखनमा उत्प्रेरित बनाउने ।
- ✔ कक्षागत कार्यक्रमहरूको आयोजना गरी प्रस्तुतीकरण गर्न प्रेरित गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

च) कार्यघण्टा : २५

कक्षा:४

१. क) थिम:- हाम्रो कृषिकर्म

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आधुनिक कृषि प्रणालीप्रति रूचि देखाउँदै आफ्नो गाउँ टोलमा पाइने तरकारी, नगदे बाली तथा अन्य बालीहरूको परम्परागत प्रणालीसँग परिचित हुन ।

२. आधुनिक खेती प्रणालीको बारेमा जानकारी राख्न र उत्सुक हुन ।

३. सामूहिक करेसाबारी निर्माण गरी आफ्नो क्षेत्रमा हुने तरकारी बालीहरूको खेती गर्न ।

४. खेतीपातीको आर्थिक पक्ष सम्बन्धि जानकारी राख्न तथा महत्त्व बताउन।

५. विषादी रहित खेती प्रणालीतर्फ उत्सुक हुन र यसको पौष्टिकतातर्फ सचेत हुन ।

६. आधुनिक कृषि प्रविधि, औजारहरूको प्रयोगतर्फ आर्कषित हुन तथा स्थानीय स्तरमा प्रचलनमा आएका आधुनिक कृषि औजारहरूको नाम र काम भन्न ।

ग) विषयवस्तु:

☞ स्थानीय स्तरमा हुने सबै प्रकारका बालीः अन्न बाली, तरकारी बाली, नगदे बाली, फलफूलको प्राचीन र आधुनिक खेती प्रणालीको सामान्य जानकारी ।

☞ विद्यालयमा वा शिक्षकको निर्देशनमा निर्देशित स्थानमा करेसाबारी निर्माण गरी उपलब्ध स्रोत साधनको प्रयोग गरी कम्तीमा कुनै एउटा नगदे बालीको खेती ।

☞ करेसाबारीमा उत्पादित वस्तुलाई (उपर्युक्त) बजारमा बिक्री तथा व्यावसायिक खेती प्रणाली ।

☞ तरकारी बाली लगायत खाद्यान्न बालीले स्वास्थ्यमा पार्ने प्रभाव ।

☞ विषादी रहित खेती प्रणाली, आधुनिक कृषि प्रविधि ।

☞ स्थानीय स्तरमा प्रयोगमा आएका वा सहजै प्रयोग गर्न सकिने आधुनिक कृषि औजारहरूको सामान्य जानकारी ।

☞ आधुनिक औजारको प्रयोगप्रतिको उत्सुकता ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

☞ विद्यालयमै करेसाबारीको निर्माण गर्न सहजीकरण गर्ने ।

☞ नजिकको खेतबारीमा क्षेत्र भ्रमण गराउने ।

☞ विभिन्न किसिमका बालीहरूको सङ्कलन गर्न लगाई प्रत्यक्ष पहिचान गर्न लगाउने ।

☞ अवलोकन विधि, छलफल विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

☞ नगदे बाली, अन्न बाली, फलफूल र तरकारी बालीको अवधारणा विद्यार्थीमा विकास गराउन साना परियोजना कार्यहरू दिई सिकाइ दिगो बनाउने ।

☞ स्थानीय स्तरका व्यावसायिक कृषि फर्महरू, किसानहरू र आधुनिक औजारहरू प्रयोग गरेका स्थानमा विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने ।

☞ विषादी रहित खेती प्रणाली (अर्गानिक खेती) तर्फ आकर्षित गर्दै यसका फाइदाहरू सम्बन्धमा छलफल गराउने ।

☞ सरोकारवाला कार्यालयहरूको समन्वयमा अर्गानिक खेती प्रणाली सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी बनाउने ।

☞ स्वस्थ र सन्तुलित आहार सम्बन्धमा कृषिकर्मको सम्बन्ध प्रष्ट पार्ने किसिमले विभिन्न वक्तृत्वकला, वादविवाद प्रतियोगिता सञ्चालन गर्ने ।

ङ) मूल्याङ्कन: प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षण र आवधिक परीक्षा ।

च) कार्यघण्टा: ३०

१क) थिम:- **हाम्रो इतिहास र संस्कृति**

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. स्थानीय स्तरका नाचहरूप्रति रूचि देखाउँदै धुनका आधारमा सामूहिक नाचमा सहभागी हुन ।

२. नाचमा प्रयोग हुने बाजाको प्रयोगमा रूचि देखाउन, बजाउन उत्सुक हुन ।
३. शिक्षकको निर्देशनमा सामान्य नाच र स्थानीय खेल प्रदर्शन गर्न उत्सुक हुन ।
४. पालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको संवर्द्धन तथा संरक्षणप्रति उत्सुकता देखाउन ।
६. शान्तिनगर गाउँपालिकामा लाग्ने मेलापर्व र जात्राहरूको परिचय र महत्त्व ऐतिहासिक तथ्यहरूको सामान्य जानकारी दिन ।
७. नजिकको मेलापर्व, जात्राहरूमा सहभागी हुन र व्यवस्थित बनाउनमा रूचि देखाउन ।
८. आफ्नो गाउँटोलमा बोलिने भाषाप्रति रूचि देखाउन ।

ग) विषयवस्तु:

☞ नाचको सुधारिएको नक्कल र धुनका आधारमा सामान्य समूहगत प्रदर्शन र सहभागिता ।
☞ शिक्षक वा स्रोत शिक्षकको निर्देशनमा नाचहरूको सामूहिक वा एकल नृत्य प्रस्तुतीकरण ।
☞ नाचमा प्रयोग हुने तालको अभ्यास । बाजाका तालहरूको सामान्य जानकारी ।
☞ शान्तिनगर गाउँपालिकाको मौलिक संस्कृतिको संवर्द्धन र संरक्षणप्रति उत्सुकता प्रदर्शन ।
☞ स्थानीय स्तरमा लाग्ने मेला, पर्व, जात्राहरूको ऐतिहासिक तथ्य र महत्वको जानकारी, व्यवस्थापनमा रूचि तथा सक्रिय सहभागिता ।
☞ गाउँटोलमा बोलिने भाषा ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

☞ स्थानीय स्तरका नाचका गुरूहरूलाई विद्यालयमा आमन्त्रण गरी उनीहरूको ज्ञान, सिपलाई तथ्यगत रूपमा प्रयोग गरी सिकाइ सञ्चालन गर्ने ।
☞ श्रव्यदृश्य सामग्रीको अधिकतम उपयोग गर्ने ।
☞ सभा, समारोह तथा प्रतियोगितामा समावेश हुन र आफ्नो प्रतिभा देखाउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।
☞ बाजाहरू बजाउने स्रोत शिक्षकको प्रयोग गरी बाजाहरू बजाउन उत्सुक बनाउन अभिभावकहरूको सहयोग लिने ।
☞ स्थानीय स्तरमा पाइने बाजाहरूको संग्रहालयमा विद्यार्थीलाई क्षेत्र भ्रमण गराउने ।
☞ विशेष अवसरमा नाचिने तथा गाइने विविध मौलिक संस्कृतिहरूलाई प्रत्यक्ष अवलोकन गराई सिकाइ गराउने ।
☞ स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्रामा सम्भव भएसम्म सामूहिक क्षेत्र भ्रमण गराई उत्सुकता जगाउने ।
☞ संरक्षण र संवर्द्धनका महत्त्व, फाइदा सम्बन्धमा उत्सुक बनाउन समूह कार्यलाई प्रोत्साहन गर्ने ।
☞ स्थानीय भाषाप्रति रूचि जगाउने खालका क्रियाकलापहरू गर्ने ।
☞ प्रदर्शन विधि, अभिनय विधि, अवलोकन विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी सिकाइ गर्ने ।

ङ) मूल्याङ्कन: प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा ।

च) कार्यघण्टा: २०

३.क) थिम:- हाम्रो शान्तिनगर

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गा.पा.को नाम, जनसङ्ख्या, प्राकृतिक सम्पदाहरूको परिचय दिन ।

२. नक्सा हेरी गाउँपालिका चिन्न ।

३. शान्तिनगर गाउँपालिकाको सामान्य आर्थिक तथा सामाजिक सूचकहरूप्रति उत्सुकता देखाउन ।

४. शान्तिनगर गाउँपालिकाको ऐतिहासिक र पर्यटकीय स्थलहरूको नाम बताउन ।

५. शान्तिनगर गाउँपालिकाको जनसङ्ख्या वितरण सम्बन्धमा रूचि देखाउन ।

ग) विषयवस्तु:

☞ प्रदेश वा जिल्लाको राजनीतिक नक्सामा शान्तिनगर गाउँपालिका ।

☞ शान्तिनगर गाउँपालिकाको भौगोलिक अवस्था सहितको परिचय ।

☞ शान्तिनगर गाउँपालिकाको जनसङ्ख्या (महिला, पुरूष, उमेरगत सङ्ख्या) ।

☞ शान्तिनगर गाउँपालिकाको ऐतिहासिक र पर्यटकीय स्थल ।

☞ शान्तिनगर गाउँपालिकाको आर्थिक तथा सामाजिक सूचकहरू ।

☞ शान्तिनगर गाउँपालिकाको प्राकृतिक स्रोत र सम्पदाहरू ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

☞ छलफल विधि, प्रदर्शन विधि, परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।

☞ विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।

☞ गाउँपालिका अन्तर्गतका प्राकृतिक स्रोत र सम्पदाहरूका बारेमा सहजीकरण गर्न गाउँपालिकाले प्रकाशित गर्ने वार्षिक प्रतिवेदनको आधारमा विभिन्न सूचकहरूको छलफल गराउने ।

ङ) मूल्याङ्कन: प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा ।

च) कार्यघण्टा: २०

४. क) थिम:- हाम्रो परम्परा

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. सबैसगँ शिष्ट व्यवहार देखाउन, मान्यजनलाई दैनिक अभिवादन गर्न तथा आदर गर्न, शिष्ट व्यवहार गर्न ।

२. आफूभन्दा सानालाई स्नेह देखाउन तथा जिम्मेवारी प्रदर्शन गर्न ।

३. शिष्ट व्यवहार र अशिष्ट व्यवहारबीच फरक छुट्टयाउन ।

४. स्थानीय स्तरका लोककथा, गाउँखाने कथा, सवाई, उखान टुक्का रूचिपूर्वक सुन्न र भन्न उत्सुक हुन ।

५. स्थानीय स्तरमा प्रचलनमा रहेका कुनै ५ जडीबुटीको नाम बताउन ।

ग) विषयवस्तु:

☞ सबैलाई शिष्ट अभिवादन र सम्बोधन ।

☞ दैनिक जीवनमा प्रयोग हुने आदराथी शब्दको प्रयोगमा निरन्तरता अथवा व्यावहारिक प्रयोग ।
☞मान्यजनलाई अनिवार्य दैनिक अभिवादन र शिष्ट भाषाको प्रयोग गरी सम्बोधन ।
☞आफूभन्दा सानालाई समेत सम्मान र उपयुक्त स्नेह प्रदर्शन ।
☞सभ्य र शिष्ट व्यवहारको दैनिक प्रयोग । टोल छिमेक, विद्यालय पेशा सम्बन्ध सगँको नाता लगाएर सम्बोधन तथा अभिवादन गर्न ।
☞ गल्तीको अनिवार्य स्वीकारोक्ति, क्षमायाचना र आत्मालोचना ।
☞ उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथा ।
☞ परम्परागत उपचार पद्धति (जडीबुटी) ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:
☞ सबैलाई संस्कार अनुसारको अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
☞ अभिनय विधि, खेलविधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
☞ दैनिक जीवनमा मान्यजनलाई दैनिक अभिवादन गर्न, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन, शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्ने तथा आदराथी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
☞ आफूभन्दा सानाप्रतिको जिम्मेवारी बोध गर्ने क्रियाकलाप गराउने तथा स्नेह प्रदर्शन गर्नुपर्ने बोध गराउन विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।
☞ गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यावहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।
☞ आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैले गरेको काम बताउन लगाई वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।
☞ उद्घोषणको लागि सबैलाई सहभागी बनाई प्रयोगात्मक कक्षा सञ्चालन गर्ने ।
☞ स्थानीय लोककथा, गाउँखाने कथा, उखान टुक्का, सवाईहरू संकलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।
☞ स्थानीय स्तरका सामान्य खालका उपचारमा प्रयोग हुने तथा सहजै प्रयोगमा आइरहेका जडीबुटी सम्बन्धमा छलफल गराउने ।

ङ) मूल्याङ्कन:
प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षण ।
च) कार्यघण्टा: २०

५. क) थिम:- **हाम्रो स्थानीय सरकार**
ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:
१. आफू बस्ने वडाको सामान्य परिचय दिन ।
२. वडा कार्यालयले गर्ने कार्यहरूप्रति उत्सुकता देखाउन तथा कामको सामान्य जानकारी बताउन र लेख्न ।

३. गाउँपालिकाबाट प्रदान गरिने सामान्य सेवाबारे जानकारी लिन र दिन ।
४. स्थानीय तहले प्रदान गर्ने सेवाहरूको सूची बनाउन ।
५. शान्तिनगर गाउँपालिकाका सेवा प्रदायक शाखाहरूको नाम बताउन र सेवा लिन उत्सुक हुन ।

ग) विषयवस्तु:

☞ गाउँपालिकाको संरचना ।
☞ पदाधिकारीको काम, कर्तव्य, अधिकार ।
☞ वडाको संरचना, पदाधिकारीको काम, कर्तव्य र अधिकारहरू ।
☞ आफू बस्ने वडाको उल्लेख्य विशेषता सहितको परिचय वडा कार्यालयले प्रदान गर्ने कम्तीमा १५ वटा सेवाको सूची ।
☞ वडा कार्यालयले प्रदान गर्ने सेवाहरू तथा सेवा लिने प्रक्रिया ।
☞ गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूको सूची ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

☞ छलफल विधि, प्रदर्शन विधि, परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
☞ विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
☞ स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई आमन्त्रण गरी संघीय संरचना सम्बन्धमा सहजीकरण गर्ने ।
☞ अभिनय विधिको प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।
☞ वडा कार्यालयको नागरिक बडापत्रको बारेमा क्षेत्र भ्रमणको माध्यमबाट दिइने सुविधा सम्बन्धमा जानकारी गराउने ।
☞ गाउँपालिकाले प्रदान गर्ने सेवाहरूको सूची सम्बन्धमा छलफल गराउने ।

ङ) मूल्याङ्कन: प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा ।

च) कार्यघण्टा: १६

६.क) थिम:- **लिखत तथा उद्घोषण**

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. दैनिक जीवनमा अति आवश्यक पर्ने लिखतहरू लेख्न ।
२. विभिन्न प्रकारका बैठक पुस्तिकाको उपस्थिति र प्रस्ताव लेख्न ।
३. विभिन्न निवेदनहरूको व्यहोरा र लेखनमा उत्सुकता देखाउन ।
४. विद्यालय स्तरीय सभा, समारोहमा सामान्य प्रस्तुतीकरण गर्न ।
५. विभिन्न कार्यक्रमहरूमा शिष्ट उद्घोषण गर्न ।
६. विद्यालय स्तरीय औपचारिक कार्यक्रमको सम्बोधन गर्न ।

ग) विषयवस्तु:

☞ दैनिक जीवनमा सामान्य प्रयोग हुने लिखतहरू निवेदन, चिठी, शुभकामना, निमन्त्रणा, भरपाई, तमसुक र समवेदनाको सामान्य खाका ।

☞ स्थानीय स्तरका संस्थाहरूमा लेखिने लिखतहरूको व्यहोरा लेखनको ढाचाँको नमुना।

☞ विभिन्न समूह तथा बैठकको पुस्तिका, उपस्थिति लेखन, प्रस्ताव लेखन र निर्णय लेखनको नमुना ।

☞ विद्यालय स्तरीय कार्यक्रमको शिष्ट सम्बोधन र प्रस्तुतीकरण ।

☞ बाल क्लब अथवा कक्षागत तथा विद्यालयगत कार्यक्रममा शिष्ट उद्घोषण ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

☞ विद्यालय, सामुदायिक वन, आमा समूह, वडा कार्यालय, विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा वा सम्बन्धित व्यक्तिसँग छलफल गरी त्यसतर्फ उत्सुक बनाउने ।

☞ निवेदनका नमुना प्रदर्शन गर्ने ।

☞ शुभकामना, सामान्य चिठी, निमन्त्रणा भरपाई, तमसुक, समवेदनाका नमुना प्रदर्शन गर्दै लेख्नलाई उत्प्रेरित गर्ने ।

☞ चिठी, निवेदन, शुभकामना पत्र, समवेदना पत्र लगायतका सामग्रीको नमुना लेखनमा उत्प्रेरित बनाउने ।

☞ विभिन्न समूहका बैठकका निर्णयका नमुना प्रदर्शन गरी निर्णय लेखनमा उत्प्रेरित गर्ने ।

☞ बाल क्लब अथवा कक्षागत तथा विद्यालयगत कार्यक्रममा शिष्ट उद्घोषण गर्न कक्षागत कार्यक्रमका आयोजना गरी सहजीकरण गर्ने ।

ङ) मूल्याङ्कन: प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा ।

च) कार्यघण्टा: २२

कक्षा: ५

१. क) थिम: हाम्रो कृषिकर्म

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आधुनिक कृषि प्रणालीप्रति रूचि देखाउँदै आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीहरूको आधुनिक प्रणालीको बारेमा जानकारी राख्न ।

२. सामूहिक करेसाबारी निर्माण गरी आफ्नो क्षेत्रमा हुने तरकारी बालीहरूको खेती गर्न ।

३. खेतीपातीको आर्थिक पक्ष, स्वास्थ्य पक्षको जानकारी राख्न तथा महत्त्व बताउन ।

४. विषादी रहित खेती प्रणालीतर्फ उत्सुक हुन ।

५. आधुनिक कृषि प्रविधि, औजारहरूको प्रयोगतर्फ आकर्षित हुन ।

६. स्थानीय स्तरमा प्रचलनमा रहेका विभिन्न आधुनिक कृषि औजारहरूको नाम र काम भन्न ।

ग) विषयवस्तु:

- शान्तिनगर गाउँपालिकामा गरिने खेतीपाती तथा अन्न बाली, तरकारी बाली, नगदे बाली, फलफूल खेतीको परिचय ।
- परापूर्वकालदेखि गरिँदै आएको खेती प्रणालीमा आधुनिक कृषि प्रणालीले पारेको सामान्य फरक ।
- शान्तिनगर गाउँपालिकामा सहजै प्रयोग गर्न सकिने आधुनिक कृषि औजारको परिचय र खोजी।
- शिक्षकको निर्देशनमा विद्यालयमा करेसाबारी निर्माण गरी सामूहिक खेती प्रणालीमा सिकाइको प्रयोगात्मक अभ्यास गरी अनिवार्य उत्पादन तथा कृषिलाई व्यावसायीकरण ।
- कृषि पेसाको सम्मान र पेसाबाट हुने आर्थिक उपार्जन ।
- सन्तुलित भोजन र स्वस्थ आहारको लागि कृषि उत्पादनको सम्बन्ध ।
- विषादी रहित खेती प्रणाली, विषादीको प्रयोगका बेफाइदा ।
- सहकारीको सिद्धान्त अनुरूप सामूहिक खेती प्रणालीको अभ्यास ।
- दैनिक जीवनको कृषिकर्मसगँको सम्बन्ध ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- विद्यालयमै करेसाबारी, फूलबारीको निर्माण गर्न सहजीकरण गर्ने ।
- करेसाबारीमा उत्पादित वस्तुहरूको बिक्री वितरण गर्न लगाई सहकारिताको मोडेलमा उनीहरूलाई कृषिकर्म आर्थिक उपार्जनको श्रोत समेत हो भन्ने बोध गराउन अनिवार्य स्थानीय स्तरमा उत्पादन हुने र बजारको समस्या नहुने खेती गर्न लगाई बिक्री वितरण गर्न लगाउने ।
- स्रोत शिक्षकको प्रयोग गरी प्राचीन खेती प्रणालीको बारेमा छलफल गर्ने ।
- आधुनिक खेती प्रणालीको सम्बन्धमा स्थानीय स्तरमा उपलब्ध जनशक्ति, कर्मचारीहरूको प्रयोग गरी अन्न बाली, नगदे बाली, फलफूल तथा तरकारी बाली सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- अवलोकन विधि, छलफल विधि, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने
- नगदे बाली, अन्न बाली, फलफूल र तरकारी बालीको अवधारणा विद्यार्थीमा विकास गराउन साना साना परियोजना कार्यहरू दिई सिकाइलाई दिगो बनाउने ।
- स्थानीय स्तरका व्यावसायिक कृषि र्फमहरू, किसानहरू र आधुनिक औजारहरू प्रयोग गरेका स्थानमा विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने
- विषादी रहित खेती प्रणाली (अर्गानिक खेती) तर्फ आकर्षित गर्दै यसका फाइदाहरूका बारेमा छलफल गराउने ।
- सरोकारवाला कार्यालयहरूको समन्वयमा अर्गानिक खेती प्रणाली सम्बन्धि कार्यशाला गोष्ठीमा सहभागी बनाउने ।
- स्वस्थ र सन्तुलित आहार सम्बन्धमा कृषिकर्मको सम्बन्ध प्रष्ट पार्ने किसिमले विभिन्न वक्तृत्वकला, वादविवाद प्रतियोगिता सञ्चालन गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

च) कार्यघण्टा: ३०

१.क) थिम: हाम्रो इतिहास र संस्कृति

क) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. स्थानीय नाचका सामान्य चरणहरूको नक्कल गर्न र धुनका आधारमा सामूहिक नाचमा सहभागी हुन ।
२. परम्परागत भेषभूषा, भाषा, खेलप्रति रूचि देखाउन ।
३. नाचमा प्रयोग हुने बाजाको प्रयोगमा रूचि देखाउन, बजाउन उत्सुक हुन ।
४. शिक्षकको निर्देशनमा शान्तिनगर गाउँपालिकाको मौलिक नाचहरू प्रदर्शन गर्न उत्सुक हुन ।
५. मौलिक नाचहरूको संवर्द्धन तथा संरक्षणप्रति उत्सुकता देखाउन ।
६. शान्तिनगर गाउँपालिकामा लाग्ने मेला पर्व र जात्राहरूको परिचय, महत्त्व र ऐतिहासिक तथ्यहरूको जानकारी दिन ।
७. नजिकको मेलापर्व जात्राहरूमा सहभागी हुन र व्यवस्थित बनाउनमा सहयोग लिन र दिन उत्सुक बन्न ।
८. शान्तिनगर गाउँपालिकाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको परिचय दिन ।

ख) विषयवस्तु:

- सभा समारोह, उत्सव, प्रतियोगितामा शिक्षकको सहयोगमा नाचहरूमा सहभागिता ।
- एकल वा सामूहिक नाचमा सहभागिता ।
- नाचमा बजाइने बाजाहरू, धुन र तालप्रति उत्सुकता तथा बजाउनमा रूचि ।
- श्रव्य सामग्रीको प्रयोगमा सबै नाचहरूको सामान्य नक्कल
- नाचका चरणहरूको स्रोत शिक्षकको निर्देशनमा उपयुक्त नक्कल ।
- आफ्नो रूचि अनुसारको वादन, गायन वा नृत्यको क्षेत्रप्रति उत्सुक ।
- शान्तिनगर गाउँपालिकाको मौलिक संस्कृतिको संरक्षण र संवर्द्धनमा बाल क्लब वा अन्य कुनै माध्यमबाट सहभागिता ।
- शान्तिनगर गाउँपालिकामा लाग्ने मेलापर्व एवम् जात्राहरूको परिचय र महत्त्व तथा ऐतिहासिक तथ्यहरू ।
- स्थानीय स्तरका मेलापर्व, जात्राहरूमा सक्रिय सहभागिता । त्यसमा रहेका विकृतिहरूप्रति सचेतता प्रदर्शन।
- व्यवस्थित स्थानीय स्तरका मेलापर्व, जात्राहरू । बाल क्लबका माध्यमबाट सामूहिक सहयोग ।
- पालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल ।
- परम्परागत भेषभूषा, भाषा, खेल ।

ग) शिक्षण सिकाइ क्रियाकलाप:

- स्थानीय स्तरका नाचका गुरूहरूलाई विद्यालयमा आमन्त्रण गरी उनीहरूको ज्ञान सिपलाई तथ्यगत रूपमा प्रयोग गरी सिकाइ सञ्चालन गर्ने ।
- श्रव्य दृश्य सामग्रीको अधिकतम उपयोग गर्ने ।
- सभा समारोह तथा प्रतियोगितामा समावेश हुन र आफ्नो प्रतिभा देखाउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।
- बाजाहरू बजाउने स्रोत शिक्षकको प्रयोग गरी बाजाहरू बजाउन उत्सुक बनाउन अभिभावकहरूको सहयोग लिने ।
- स्थानीय स्तरमा पाइने बाजाहरूको सङ्कलन र प्रदर्शनमा स्थानीय सरोकारवालाहरूको सहयोग लिई प्रयोगको लागि उपयुक्त वातावरण तयार गर्ने ।

- नजिकको मौलिक सांस्कृतिक सङ्ग्रहालयमा विद्यार्थीलाई क्षेत्र भ्रमण गराउने ।
- विशेष अवसरमा नाचिने तथा गाइने विविध मौलिक संस्कृतिहरूलाई प्रत्यक्ष अवलोकन गराई सिकाइ गराउने ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्रामा सम्भव भएसम्म सामूहिक क्षेत्र भ्रमण गराई उत्सुकता जगाउने ।
- संरक्षण र संवर्द्धनका महत्त्व, फाइदा सम्बन्धमा उत्सुक बनाउन बाल क्लबलाई सक्रिय बनाई मेला पर्व जात्राहरूमा व्यवस्थापन कार्यमा सहभागी बनाउन समूह कार्यलाई प्रोत्साहन गर्ने ।
- पालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको क्षेत्र भ्रमण गराई तथा स्रोत शिक्षक वा सामग्रीको प्रयोग गरी सहजीकरण गर्ने ।
- प्रदर्शन विधि, अभिनय विधि, अवलोकन विधि प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने ।

घ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

ङ) कार्यघण्टा: २०

३.क) थिम: हाम्रो शान्तिनगर

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. आफ्नो गाउँपालिकाको नाम, भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत र सम्पदाहरूको बारेमा बताउन ।
२. शान्तिनगर गाउँपालिकाको जनसाङ्ख्यिकी सूचकहरूप्रति उत्सुकता देखाउन ।
३. शान्तिनगर गाउँपालिकाको आर्थिक तथा सामाजिक सूचकहरूप्रति उत्सुकता देखाउन ।
४. शान्तिनगर गाउँपालिकाभित्रका मुख्य जातजाति, मुख्य पेसाहरूको परिचय दिन ।
५. शान्तिनगर गाउँपालिकाभित्रका मुख्य भाषाहरूको परिचय दिन ।

ग) विषयवस्तु:

- नेपालको राजनीतिक नक्सामा आफ्नो गाउँपालिकाको अवस्थिति। शान्तिनगर गाउँपालिकाको भौगोलिक अवस्था सहित परिचय ।
- शान्तिनगर गाउँपालिकाको जनसङ्ख्या (महिला, पुरूष, उमेरगत सङ्ख्या) ।
- शान्तिनगर गाउँपालिकाको प्राकृतिक स्रोत र सम्पदाहरू ।
- शान्तिनगर गाउँपालिकाको आर्थिक सूचक ।
- शान्तिनगर गाउँपालिकाको सामाजिक सूचक ।
- शान्तिनगर गाउँपालिकाको मुख्य जातजाति, मुख्य पेसा तथा भाषा ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- छलफल विधि, प्रदर्शन विधि, परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र, भ्रमण, प्रश्नोत्तर विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- गाउँपालिका अन्तर्गतका प्राकृतिक स्रोत र सम्पदाहरूका बारेमा सहजीकरण गर्न गाउँपालिकाले प्रकाशित गर्ने

वार्षिक प्रतिवेदनको आधारमा विभिन्न सूचकहरूमा छलफल गराउने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

च) कार्यघण्टा: २०

४. क) थिम: हाम्रो परम्परा

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. सबैसगँ शिष्ट व्यवहार देखाउन, मान्यजनलाई दैनिक अभिवादन गर्न तथा आदर र शिष्ट व्यवहार गर्न ।

२. आफूभन्दा सानालाई स्नेह देखाउन तथा जिम्मेवारी प्रदर्शन गर्न ।

३. स्थानीय स्तरका लोककथा, गाउँखाने कथा, सवाई, उखान टुक्का रूचिपूर्वक सुन्न र भन्न उत्सुक हुन ।

४. स्थानीय स्तरमा प्रचलनमा रहेका कुनै ५ जडीबुटीको नाम र प्रयोगबारे बताउन ।

५. शिष्ट व्यवहार र अशिष्ट व्यवहारबीच फरक छुट्टयाउन ।

ग) विषयवस्तु:

- सबैलाई शिष्ट अभिवादन र सम्बोधन ।
- दैनिक जीवनमा प्रयोग हुने आदरार्थी शब्दको व्यावहारिक प्रयोग ।
- मान्यजनलाई अनिवार्य दैनिक अभिवादन र शिष्ट भाषाको प्रयोग गरी गरिने सम्बोधन ।
- आफूभन्दा सानालाई उचित सम्मान र उपयुक्त स्नेहको प्रदर्शन ।
- आफूसगँ आश्रितहरूसगँको शिष्ट व्यवहार र सम्मान तथा जिम्मेवारी बोधयुक्त व्यवहार ।
- सभ्य र शिष्ट व्यवहार दैनिक टोल छिमेक, विद्यालय पेसा सम्बन्धसगँको नाता अनुसारको सम्बोधन तथा अभिवादन ।
- गल्तीको स्वीकारोक्ति क्षमायाचना र आत्मालोचना ।
- उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथा ।
- परम्परागत उपचार पद्धति (जडीबुटी) ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- सबैलाई संस्कार अनुसारको अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- अभिनय विधि, खेलविधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- दैनिक जीवनमा मान्यजनलाई दैनिक अभिवादन गर्न, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन, शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्ने तथा आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- आफूभन्दा सानाप्रतिको जिम्मेवारी बोध गर्ने क्रियाकलाप गराउने तथा स्नेह प्रदर्शन गर्नुपर्ने बोध गराउन विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यावहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।
- आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आँफैले गरेको काम बताउन लगाई वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास

गर्ने । उखान, टुक्का, गाउँखाने कथा, सवाई, लोककथाको प्रस्तुतीकरण गर्ने र गर्न उत्प्रेरित गर्ने ।

- परम्परागत उपचार पद्धति (जडीबुटी) सम्बन्धमा स्रोत शिक्षकको प्रयोग गरी सामान्य जडीबुटीको जानकारी दिई सो प्रति उत्प्रेरित गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

च) कार्यघण्टा: २०

५. क) थिम: हाम्रो स्थानीय सरकार

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. शान्तिनगर गा.पा. को परिचय दिन र गा.पा. कार्यालयले गर्ने कार्यहरूप्रति उत्सुकता देखाउन तथा कामको सामान्य जानकारी बताउन र लेख्न ।

२. वडाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारप्रति रूचि राख्न ।

३. गाउँपालिकाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारप्रति रूचि राख्न ।

४. गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जानकारी लिन र दिन ।

५. गाउँपालिका र वडाले प्रदान गर्ने सेवाहरूको सूची बनाउन ।

ग) विषयवस्तु:

- नेपालको राजनीतिक नक्सामा आफ्नो गाउँपालिकाको अवस्थिति ।
- वडा कार्यालयले प्रदान गर्ने सेवाहरूको जानकारी ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूको सूची ।
- संघीय संरचना बमोजिम ३ तहको सरकारको सामान्य जानकारी र कार्यहरू ।
- संघीय सरकार र प्रदेश सरकारको गठन र कार्य।संविधान प्रदत्त स्थानीय सरकार गठन र कार्य ।
- लुम्बिनी प्रदेशका जिल्लाहरूको सूची ।
- दाङ जिल्लाका स्थानीय तहको नाम र सङ्ख्या ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- छलफल विधि, प्रदर्शन विधि, परियोजना विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि, क्षेत्र भ्रमण, प्रश्नोत्तर विधिको सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- स्थानीय सरकारका प्रतिनिधिहरूलाई आमन्त्रण गरी संघीय संरचना सम्बन्धमा सहजीकरण गर्ने ।
- अभिनय विधिको प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।
- क्षेत्र भ्रमणको माध्यमबाट दिइने सुविधा सम्बन्धमा जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूको सूची सम्बन्धमा छलफल गराउने ।
- संघीय संरचना सम्बन्धमा स्थानीय जन प्रतिनिधिहरूलाई स्रोत शिक्षकको रूपमा प्रयोग गरी छलफल

कार्यक्रमको आयोजना गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

च) कार्यघण्टा: १६

६.क) थिम: लिखत तथा उद्घोषण

ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य:

१. दैनिक जीवनमा अति आवश्यक पर्ने लिखतहरू लेख्न ।

२. विभिन्न प्रकारका बैठक पुस्तिकाको उपस्थिति, प्रस्ताव र निर्णय लेख्न ।

३. विभिन्न निवेदनहरूको व्यहोराप्रति उत्सुकता देखाउन तथा नमुना लेखन गर्न ।

४. विद्यालय स्तरीय सभा, समारोहमा सामान्य प्रस्तुतीकरण गर्न ।

५. विभिन्न कार्यक्रमहरूमा शिष्ट उद्घोषण गर्न ।

६. औपचारिक कार्यक्रमको सम्बोधन गर्न ।

ग) विषयवस्तु:

- दैनिक जीवनमा सामान्य प्रयोग हुने लिखतहरू निवेदन, चिठी, शुभकामना, निमन्त्रणा, भरपाई तमसुक र समवेदनाको नमुना ।
- दैनिक जीवनमा प्रयोग हुने सामान्य भरपाई, तमसुकको खाका ।
- स्थानीय स्तरका संस्थाहरूमा लेखिने लिखतहरूको व्यहोरा लेखनको ढाचाँको नमुना।
- विभिन्न समूह तथा बैठकको पुस्तिका, उपस्थिति लेखन, प्रस्ताव लेखन र निर्णय लेखनको नमुना ।
- विद्यालय स्तरीय कार्यक्रमको शिष्ट सम्बोधन र प्रस्तुतीकरण ।
- बाल क्लब अथवा कक्षागत तथा विद्यालयगत कार्यक्रममा शिष्ट उद्घोषण ।

घ) शिक्षण सिकाइ क्रियाकलाप:

- विद्यालय, सामुदायिक वन,आमा समूह, वडा कार्यालय, विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गरी छलफल गरी त्यसतर्फ उत्सुक बनाउने ।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।
- शुभकामना, सामान्य चिठी, निमन्त्रणा भरपाई तमसुक, समवेदनाका नमुना प्रदर्शन गर्दै लेख्नलाई उत्प्रेरित गर्ने ।
- चिठी, निवेदन, शुभकामना पत्र, समवेदना पत्र लगायतका सामग्रीको नमूना लेखनमा उत्प्रेरित बनाउने ।
- विभिन्न समूहका बैठकका निर्णयका नमुना प्रदर्शन गरी निर्णय लेखनमा उत्प्रेरित गर्ने ।
- बाल क्लब अथवा कक्षागत तथा विद्यालयगत कार्यक्रममा शिष्ट उद्घोषण गर्न कक्षागत कार्यक्रमका आयोजना गरी सहजीकरण गर्ने ।

ङ) मूल्याङ्कन:

प्रश्नोत्तर, अवलोकन, एकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

च) कार्यघण्टा: २२

७. सिकाइ सहजीकरण प्रक्रिया:

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बाल मनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुशरण गरिने भएकाले यो विज्ञान तथा कला दुबै हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधिहरू अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रूचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ । आधारभूत शिक्षा अन्तर्गत कक्षा १-५ को यस स्थानीय पाठ्यक्रम समग्रमा स्थानीय विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । यस स्थानीय पाठ्यक्रममा शान्तिनगर गाउँपालिकाको स्थानीयतालाई समेट्दै विभिन्न ६ वटा थिमहरु एकीकृत गरिएको हुनाले पनि प्रचलित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा परिवर्तन आवश्यक छ । विभिन्न विषयगत थिमहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक थिमहरूबिचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमतको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी संगठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ । यसमा लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुनेगरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ ।

सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिंदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले विभिन्न क्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारूले आफैं सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषय क्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुनेगरी सिकारूको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहार कुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्नेछ ।

बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्नेछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्नेछ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनको माध्यमबाट सिकाइका क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्नेछ । सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्नेछ । विद्यार्थीको सिकाइलाई केन्द्र बिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्नेछ । पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्नेछ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्याथीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्नेछ । भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुनसक्ने वातावरण तयार गर्नुपर्नेछ । सिकाइ क्रियाकलापमा शिक्षक र सिकारू तथा सिकारूसिकारू बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाईका लागि मूल्याङकन, शिक्षक-शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्नेछ । सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्व अनुभवमा आधारित ज्ञान तथा सिप विकास र सिकाइबिचको सहसम्बन्ध हुनेगरी जीवन्त अनुभवसँगको सन्तुलन कायम गर्नुपर्नेछ । बाल केन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्नेछ ।

सिकाइ सहजीकरण क्रियाकलापमा सिकारूको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्नेछ । सिकारूको रूचि र सिकाइ गति एवम् सिकारूको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदानप्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्नेछ । सिकाइलाइ दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहार कुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्नेगरी

अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्नेछ ।

शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरु अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ । विषयवस्तुको स्वरूप अनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ । सिकारूको इच्छा, रूचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ । शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीयस्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ । शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ । उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ । शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगाव जस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ । यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रूचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ । समग्रमा यस स्थानीय विषयको शिक्षण सिकाइ गर्दा शिक्षकको भूमिका सर्वोपरि रहेको हुन्छ ।

प्राथमिक तहको शिक्षामा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्नेछ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । शान्तिनगर गाउँपालिकाको स्थानीय विषय भएकोले कतिपय सन्दर्भ सामग्रीहरू र स्रोतको लागि स्थानीय जनशक्ति प्रयोग गर्नुपर्ने भएकोले सैद्धान्तिक भन्दा व्यावहारिक तथा प्रयोगात्मक विधिमा बढी ध्यान दिन वाञ्छनीय देखिन्छ । मौलिक संस्कृतिहरू शिक्षाका पठनपाठनमा आवश्यकता अनुसार प्रविधिको पनि उपयोग गर्नुपर्नेछ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्नेछ । पठनपाठनमा कम्प्युटर प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नु पर्नेछ । सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने सहभागितामूलक क्रियाकलापमा आधारित हुनुपर्नेछ ।

८. विद्यार्थी मूल्याङ्कन प्रक्रिया:

कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मुल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्न अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण

सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकता अनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्याथीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइ अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुनेछ ।

मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थी के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका

विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेखगर्नुपर्नेछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषय क्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुनेछ ।

मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरु हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रूजुसूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरु हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ । सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्य सम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रूजु सूची, श्रेणीमापन, रूब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी सिकाइ उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या

उपलब्धि स्तर	मापन	उपलब्धिस्तरको सामान्य व्याख्या
अपर्याप्त (Insufficent)	१	मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको
सामान्य (Basic)	२	मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको
राम्रो (Proficient)	३	मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको
उच्च (Advanced)	४	मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाईको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरु प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रीम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता, सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ ।

त्यसैगरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुनेछ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो

अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइ पश्चात प्रत्येक सिकाई उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीन महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीका सबल पक्ष, रूचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

विषय क्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ ।

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरु समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँच ओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ:

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति एवम् कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकलाई विद्यार्थीले गरेका कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न ।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रीम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न ।
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न ।

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेखीकरण फाराम

- मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।
- हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।
- सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाई उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गर्नुपर्छ ।
- सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।
- विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः-

क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशतः $\frac{\text{उपलब्धिस्तरको अंकको जोड}}{\text{४ x मूल्याङ्कन गरिएका सिकाई उपलब्धिहरुको संख्या}} \times १००$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ ।

उपलब्धि प्रतिशत	स्तरीकृत अंक	अक्षरमा उपलब्धिस्तर	उपलब्धिस्तरको व्याख्या
३५ भन्दा कम	–	NG	**अवर्गीकृत** (Not Graded)
३५ र सो भन्दा माथि ४० भन्दा कम	१.६	D	**आधारभूत** (Basic)
४० र सो भन्दा माथि ५० भन्दा कम	२.०	C	**ग्राह्य** (Acceptable)
५० र सो भन्दा माथि ६० भन्दा कम	२.४	C+	**सन्तोषजनक** (Satisfactory)
६० र सो भन्दा माथि ७० भन्दा कम	२.८	B	**उत्तम** (Good)
७० र सो भन्दा माथि ८० भन्दा कम	३.२	B+	**उत्कृष्ट** (Very Good)
८० र सो भन्दा माथि ९० भन्दा कम	३.६	A	**अत्युत्तम** (Excellent)
९० र सो भन्दा माथि	४.०	A+	**सर्वोत्तम** (Outstanding)

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्क आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नुपर्छ ।

विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशतः $\frac{\text{उपलब्धिस्तरको अंकको जोड}}{\text{४ x मूल्याङ्कन गरिएका सिकाई उपलब्धिहरुको संख्या}} \times १००$

यो उपलब्धि प्रतिशतको व्याख्या माथिको तालिकामा उल्लेख भए अनुसार गर्नुपर्दछ ।

मूल्याङ्कन अभिलेखीकरण फाराम

वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरूको लेखाजोखा गरी प्राप्त उपलब्धिको अंकन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ । प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अङ्क प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्र अर्थात् थिममा उल्लेखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अंक चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अंकन महलमा

चढाउनुपर्छ । अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचक अनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिमगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात् र थप सहायता पश्चात । थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात् मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अङ्क चढाउनुपर्छ । नियमित सिकाइ पश्चात् कुनै विद्यार्थी कुनै सिकाई उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अङ्क प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अङ्क प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ ।

कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम

कक्षाः १ | विषयः हाम्रो शान्तिनगर

विद्यार्थीको नामः | रोल नम्बरः

१.क) हाम्रो कृषिकर्म | विद्यालयको नामः

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीको नाम भन्न तथा पहिचान गर्न ।	प्रश्नोत्तर र अवलोकन				
२. आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीको लगाइने समय भन्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीको लगाइने स्थान भन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

२. क) थिमः- हाम्रो इतिहास र संस्कृति

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्ना गाउँ, टोलमा नाचिने नाचप्रति रूचि देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
२. आफ्ना गाउँ, टोलमा नाचिने नाचमा प्रयोग हुने बाजाहरू चिन्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्ना गाउँ, टोलमा लाग्ने मेला, पर्व र जात्राहरू तथा ऐतिहासिक स्थलको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
४. नजिकको मेलापर्व, जात्राहरूमा सहभागी बन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

३. क) थिमः हाम्रो शान्तिनगर

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो गा.पा. को नाम, वडा नं, टोल भन्न ।	प्रश्नोत्तर र अवलोकन				
२. जिल्लाको नक्सामा आफ्नो पालिका चिन्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्नो वडाका नदीनालाको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

४. क) थिमः हाम्रो परम्परा

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. दैनिक जीवनमा आवश्यक पर्ने आदरार्थी शव्दको लिखित र व्यावहारिक प्रयोग गर्न ।	प्रश्नोत्तर र अवलोकन				
२. परिवारका सदस्य, शिक्षक, साथी, अपरिचित व्यक्ति तथा पाहुनालाई अभिवादन गर्न र सामान्य शिष्टाचार देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
३. गल्ती स्वीकार गर्न, क्षमा गर्न र आत्मालोचना गर्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

५. क) थिमः हाम्रो स्थानीय सरकार

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो गा.पा.को नाम, वडा नं टोल सहितको परिचय दिन ।	प्रश्नोत्तर र अवलोकन				
२. वडाका पदाधिकारीको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्नो पुरा ठेगाना बताउन ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

६. क) थिमः लिखत तथा उद्घोषण

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. स्थानीय स्तरमा प्रचलनमा रहेका विभिन्न किसिमका लिखतहरूको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
२. आफ्नो परिचय भन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत : शिक्षकको दस्तखत : मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

कक्षाः २ विषयः हाम्रो शान्तिनगर

विद्यार्थीको नामः रोल नम्बरः

१. क) थिमः हाम्रो कृषिकर्म विद्यालयको नामः

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीको परिचय दिन ।	प्रश्नोत्तर र अवलोकन				
२. खेतीपातीमा सहयोग गर्न, चासो देखाउन ।	प्रश्नोत्तर र अवलोकन प्रयो गात्मक				
३. खेतीपातीको सामान्य प्रक्रियाको परिचय दिन र स्थानीय स्तरमा प्रयोग हुने कृषि औजारको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत : शिक्षकको दस्तखत : मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

२. क) थिमः हाम्रो इतिहास र संस्कृति

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्ना गाउँ टोलमा नाचिने नाचको शैली र गीतप्रति रूचि देखाउन र सामूहिक रूपमा नक्कल गर्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
२. नाचमा प्रयोग हुने बाजा, चिन्न, नाम लेख्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्नो वडामा लाग्ने मेलापर्व र जात्राहरूको सामान्य परिचय भन्न ।	प्रश्नोत्तर र अवलोकन				
४. नजिकको मेलापर्व जात्राहरूमा सहभागी भई आनन्द लिन ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

३. क) थिमः- हाम्रो शान्तिनगर

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफू बस्ने वडाको सामान्य परिचय दिन ।	प्रश्नोत्तर र अवलोकन				
२. आफ्नो वडामा पर्ने प्राकृतिक सम्पदाको सामान्य जानकारी राख्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्नो वडामा बसोबास गर्ने मुख्य जातजाति, बोलिने भाषाको जानकारी दिन ।	प्रश्नोत्तर र अवलोकन				
४. शान्तिनगर गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

४. क) थिमः- हाम्रो परम्परा

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. दैनिक जीवनमा आवश्यक पर्ने आदरार्थी शव्दको लिखित र व्यावहारिक प्रयोग गर्न ।	प्रश्नोत्तर र अवलोकन				
२. परिवारका सदस्य, शिक्षक, साथी, अपरिचित व्यक्ति तथा पाहुनालाई अभिवादन गर्न र सामान्य शिष्टाचार देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
३. स्थानीय स्तरमा प्रयोग गरिने छोटा लोककथा, गाउँखाने कथाप्रति रूचि राख्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

५. क) थिमः- हाम्रो स्थानीय सरकार

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो जिल्ला र प्रदेशको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
२. आफू बस्ने वडा नम्बर र पालिकाको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आ-आफ्नो वडाका पदाधिकारीको संख्या भन्न र वडा कार्यालय रहेको स्थानको नाम बताउन ।	प्रश्नोत्तर र अवलोकन				
४. वडा भित्रका सेवा प्रदायक संस्थाहरूको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

६. क) थिमः- लिखत तथा उद्घोषण

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. दैनिक जीवनमा अति आवश्यक पर्ने विभिन्न निवेदनहरूको जानकारी राख्न ।	प्रश्नोत्तर र अवलोकन				
२. निवेदनका स्वरूपमा सामान्य रूचि व्यक्त गर्न ।	प्रश्नोत्तर र अवलोकन				
३. कक्षागत कार्यक्रममा सामान्य उद्घोषण गर्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम

कक्षाः ३ विषयः हाम्रो शान्तिनगर

विद्यार्थीको नामः रोल नम्बरः

१. क) थिमः- हाम्रो कृषिकर्म विद्यालयको नामः

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो गाउँ टोलमा पाइने तरकारी तथा बालीको परिचय दिन, कृषिकर्ममा सक्दो सहयोग गर्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
२. सामान्य खेतीपातीको लागि करेसाबारीमा काम गर्न, गोडमेल गर्न, बिरूवा रोप्न, बाली भित्र्याउने समयको जानकारी दिन ।	प्रश्नोत्तर र अवलोकन				
३. आधुनिक कृषि प्रविधितर्फ आकर्षित हुन ।	प्रश्नोत्तर र अवलोकन				
४. कृषिकर्मको आर्थिक पक्ष सम्बन्धमा सचेतता देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत : शिक्षकको दस्तखत : मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

२. क) थिमः- हाम्रो इतिहास र संस्कृति

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्ना गाउँ टोलमा नाचिने नाचप्रति रूचि देखाउँदै सामान्य नक्कल गर्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
२.नाचमा प्रयोग हुने बाजा, चिन्न, महत्व बताउन, विभिन्न नाचको नाम भनी सामान्य फरक छुट्टाउन ।	प्रश्नोत्तर र अवलोकन				
३. शान्तिनगर गाउँपालिकामा लाग्ने मेलापर्व र जात्राहरूको परिचय र महत्व लेख्न तथा भन्न ।	प्रश्नोत्तर र अवलोकन				
४. नजिकको मेलापर्व, जात्राहरूमा सहभागी भई आनन्द लिन र नाचप्रति उत्सुकता देखाउन ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
५. शान्तिनगर गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन				
६. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र संवर्द्धनमा रूचि देखाउन ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

३. क) थिमः- हाम्रो शान्तिनगर

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. आफ्नो वडाको भौगोलिक अवस्था र जनसङ्ख्या भन्न ।	प्रश्नोत्तर र अवलोकन				
२. आफू बस्ने वडाको सामान्य परिचय दिन ।	प्रश्नोत्तर र अवलोकन				
३. आफ्नो वडामा पर्ने नदीनाला, खानी, वनजगंलको नाम बताउन ।	प्रश्नोत्तर र अवलोकन				
४. आफनो वडामा बसोबास गर्ने व्यक्तिहरूको मुख्य पेसा बताउन ।	प्रश्नोत्तर र अवलोकन				
५. आफ्नो वडामा बोलिने सबै भाषाहरूको जानकारी दिन ।	प्रश्नोत्तर र अवलोकन				
६. आफ्नो वडामा बसोबास गर्ने सबै जातजातिहरूको नाम भन्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

४. क) थिमः- हाम्रो परम्परा

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१.सबैसगँ शिष्ट व्यवहार देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
२. मान्यजनलाई दैनिक अभिवादन, आदर र शिष्ट व्यवहार गर्न ।	प्रश्नोत्तर र अवलोकन				
३. आफूभन्दा सानालाई स्नेह देखाउन तथा जिम्मेवारीप्रति आकर्षण देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
४. कक्षा स्तरीय कार्यक्रममा प्रस्तुतीकरण गर्न तथा त्यसतर्फ उत्सुक हुन ।	प्रश्नोत्तर र अवलोकन				
५. स्थानीय स्तरमा सुनाइने लोक कथा, उखानटुक्का, गाउँखाने कथाप्रति रूचि देखाउन र भन्न, उत्सुक बन्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
६. परम्परागत उपचार पद्धतिको बारेमा उत्सुकता देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

५.क) थिमः- हाम्रो स्थानीय सरकार

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. शान्तिनगर वडा समितिको गठन प्रक्रियाप्रति उत्सुकता देखाउन ।	प्रश्नोत्तर र अवलोकन				
२. गाउँपालिका तथा वडा समितिको पदाधिकारी सङ्ख्या बताउन ।	प्रश्नोत्तर र अवलोकन				
३. वडा कार्यालयले गर्ने कार्यहरूप्रति उत्सुकता देखाउन तथा कामको सामान्य जानकारी बताउन र लेख्न ।	प्रश्नोत्तर र अवलोकन				
४. पालिका अन्तर्गतका सेवा प्रदायक शाखाहरूको परिचयप्रति सामान्य रूचि व्यक्त गर्न ।	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत : शिक्षकको दस्तखत : मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

६.क) थिमः- लिखत तथा उद्घोषण

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित सिकाइ पछिको मूल्याङ्कन		थप सहायता पछिको मूल्याङ्कन	
		मिति	अंकन	मिति	अंकन
१. दैनिक जीवनमा अति आवश्यक पर्ने निवेदनहरूको खाका तयार गर्न ।	प्रश्नोत्तर र अवलोकन प्रयोगात्मक				
२. विभिन्न निवेदनहरूको व्यहोराप्रति उत्सुकता देखाउन ।	प्रश्नोत्तर र अवलोकन प्रयोगात्मक				
३. कक्षागत कार्यक्रममा उद्घोषण गर्न ।	प्रश्नोत्तर र अवलोकन सहभागिता				
अभिभावकको दस्तखतः शिक्षकको दस्तखतः मितिः	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न मुख्य पाठ्यक्रम जस्तै दुबै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनले निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरु, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रूजसूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरु, व्यावहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरु हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाई उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिनेछ ।

सि.नं.	मूल्याङ्कनका पक्ष	अंक भार
१	सहभागिता	४
२	प्रयोगात्मक/परियोजना	
	क) परम्परा र लिखत क्षेत्रका सिपको प्रस्तुति	६
	ख) करेसाबारी निर्माण, उत्पादन तथा बजारीकरण	२०
	ग) परियोजना कार्य एवम् प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण	६
	घ) अन्तर्वार्ता	४
३	त्रैमासिक परीक्षा २ वटा	१०
	जम्मा	५०

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

- सहभागिता अन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्नेछ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिइनेछ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको ५ प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्नेछ । पहिलोबाट ५ र दोस्रोबाट ५ गरी जम्मा १० अङ्कको भार राख्नुपर्दछ ।
- त्रैमासिक परीक्षामा सुरूदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्नेछ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा विशिष्टीकरण तालिकाको आधारमा सञ्चालन

गर्नुपर्नेछ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्नेछ ।

- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेडसिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १० को छुटटै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड कायम हुने गरी अक्षराङ्कन पद्धति २०७८ बमोजिम ग्रेड सिट तयार गर्नुपर्नेछ ।
- विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्नेछ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकता अनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्री लगायतको उपयोग गर्नुपर्नेछ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, सांकेतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्नेछ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रूचि र आवश्यकताका आधारमा समय तालिका बनाई सो अनुसार मूल्याङ्कन गर्नुपर्नेछ ।

बाह्य मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कन अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरू देखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा अनुसूचीमा उल्लेखित विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ५ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले कक्षा ४ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्नेछ ।

९. पाठ्यक्रम मूल्याङ्कन

क) पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुनेछन्ः

अ) विद्यार्थीको उपलब्धि स्तर ।

आ) शिक्षकको कार्य सम्पादन स्तर ।

इ) पठनपाठनमा उपयोग गरिएको समय ।

ई) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव ।

उ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया ।

ऊ) सरोकारवालाको विद्यालयप्रतिको धारणा ।

उपर्युक्त पक्ष समेतका आधारमा प्रत्येक वर्ष पाठ्यक्रमको मूल्याङ्कन गरिनेछ ।

ख) यस पाठ्यक्रमलाई समसामयिक, स्तरीय, गुणात्मक, बाल केन्द्रित, जीवनोपयोगी र समावेशी बनाउन विभिन्न गोष्ठी, सेमिनार, अन्तरक्रिया, समीक्षा आदि विविध माध्यमबाट सम्बद्ध विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, राजनीतिज्ञ, व्यापारी, विशेषज्ञ, नीति निर्माता, उद्योगी एवं व्यावसायी लगायत सबै सरोकारवालाहरूको सुझाव सङ्कलन गरी पाठ्यक्रम विकास कार्य गरिनेछ ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण र कार्यान्वयन योजना परीक्षण योजना वर्ष

पाठ्यक्रम परीक्षण	२०७९
पाठ्यक्रम कार्यान्वयन तथा पाठ्यपुस्तक परीक्षण	२०८०
पाठ्यपुस्तक कार्यान्वयन	२०८१

अनुसूची-१

क्र सं	क्षेत्र/थिम	कक्षा १		कक्षा २		कक्षा ३		कक्षा ४		कक्षा ५	
		सिकाइ उपलब्धि सङ्ख्या	कार्यघण्टा	सिकाइ उपलब्धि सङ्ख्या	कार्यघण्टा	सिकाइ उपलब्धि सङ्ख्या	कार्यघण्टा	सिकाइ उपलब्धि सङ्ख्या	कार्यघण्टा	सिकाइ उपलब्धि सङ्ख्या	कार्यघण्टा
१	हाम्रो कृषिकर्म	३	२०	३	२०	४	३५	६	३०	६	३०
२	हाम्रो इतिहास र संस्कृति	४	३०	४	३५	६	३०	८	२०	८	२०
३	हाम्रो शान्तिनगर	३	३०	४	३०	६	२५	५	२०	५	२०
४	हाम्रो परम्परा	३	४०	३	३५	६	२५	५	२०	५	२०
५	हाम्रो स्थानीय सरकार	३	२०	४	२०	४	२०	५	१६	५	१६
६	लिखत तथा उद्घोषण	१	२०	३	२०	३	२५	६	२२	६	२२
		१७	१६०	२१	१६०	२९	१६०	३५	१२८	३५	१२८

अनुसूची-२

विशिष्टिकरण तालिका (कक्षा ४-५)

पूर्णाङ्कः ५०

समयः २ घण्टा

क्र. सं.	क्षेत्र/ थिम	कार्य घण्टा	पूर्णाङ्क	ज्ञान			बोध			प्रयोग			उच्च दक्षता			जम्मा प्रश्नसङ्ख्या			जम्मा अङ्क भार			जम्मा अङ्क
				अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	
१.	हाम्रो कृषिकर्म	३०	१२	२	१	–	१	–	–	१	–	१	–	१	–	४	२	१	४	४	४	१२
२.	हाम्रो इतिहास र संस्कृति	२०	८	२	१	–	१	१	–	१	–	–	–	–	–	४	२	–	४	४	–	८
३.	हाम्रो शान्तिनगर	२०	८	१	१	–	१	–	–	२	१	–	–	–	–	४	२	–	४	४	–	८
४.	हाम्रो परम्परा	२०	८	१	–	–	२	–	१	–	–	–	–	१	–	४	–	१	४	–	४	८
५.	हाम्रो स्थानीय सरकार	१६	५	१	१	–	–	१	–	–	–	–	–	–	–	१	२	–	१	४	–	५
६.	लिखत तथा उद्घोषण	२२	९	–	–	–	१	–	–	१	१	१	१	–	–	३	१	१	३	२	४	९
		१२८	५०	७	४	–	६	२	१	५	२	२	२	१	–	२०	९	३	२०	१८	१२	५०

थप सन्दर्भ सामग्री

१. परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ । यही अवधारणाअनुसार यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्त्वहरू समावेश गरिएको छ । यस पाठ्यक्रममा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको छ । यसमा पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयिक सुधार तथा परिमार्जनका लागि मार्गनिर्देश गरिएको छ ।

आधारभूत तहअन्तर्गत कक्षा १-३ का लागि विकास गरिएको पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले परीक्षणका लागि स्वीकृत गरेअनुसार शैक्षिक वर्ष २०७६ मा कक्षा एकमा परीक्षण गरिएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी परीक्षणबाट प्राप्त भएका पृष्ठपोषणसमेतका आधारमा आवश्यक सुधारसहित तयार गरिएको एकीकृत ढाँचाको यो पाठ्यक्रम शैक्षिक वर्ष २०७७ बाट नेपालका सम्बन्धित सबै विद्यालयहरूमा कार्यान्वयन गर्ने गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले मिति २०७६ माघ २ मा स्वीकृत गरेको हो । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ को यस दस्तावेजमा पाठ्यक्रम परिमार्जनको सन्दर्भ तथा औचित्य, पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया, पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू तथा एकीकृत ढाँचाको पाठ्यक्रम निर्माण प्रक्रिया उल्लेख गरिएको छ । त्यसै गरी यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा १-३), आधारभूत तह (कक्षा १-३) का विषयगत पाठ्यक्रम, एकीकृत पाठ्यक्रममा समावेश गरिने व्यवहारकुशल सिपहरू र एकीकृत पाठ्यक्रमको समग्र संरचना समावेश गरिएको छ । यसमा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया पनि समावेश गरिएको छ ।

२. पाठ्यक्रम परिमार्जनको सन्दर्भ र औचित्य

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । अध्ययन अनुसन्धानका नतिजाहरू, विद्यार्थी, शिक्षक तथा अभिभावकहरू, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घ सङ्गठन, राजनीतिकर्मी, सूचना तथा सञ्चार माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक बनाउन सकारात्मक सल्लाह तथा सुझाव प्राप्त हुँदै आएका छन् । त्यसै गरी ज्ञानको विस्तार तथा सिर्जना, प्रविधिमा आएको परिवर्तन, राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, विद्यार्थीहरूमा विकसित हुनुपर्ने सिपहरूलगायत आजको प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई विचार गरेर पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नु आवश्यक छ । यही आवश्यकतालाई दृष्टिगत गरी विद्यालय तहका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले सिकाइलाई जीवनोपयोगी र समयसापेक्ष बनाउन पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएको सन्दर्भमा आधारभूत तहअन्तर्गत कक्षा १-३ का लागि यो पाठ्यक्रम तयार गरिएको छ । नेपालमा विद्यालय तहको पाठ्यक्रम परिमार्जन यसरूपमा गर्नुका औचित्य निम्नअनुसार छन् :

(क) लामो समयदेखि सामान्य अद्यावधिक गर्नेबाहेक पाठ्यक्रमका सिद्धान्त, मान्यता, स्वरूपलगायत शिक्षाका उद्देश्यसमेतलाई पुनरवलोकन गरी पाठ्यक्रम परिमार्जन नभएको सन्दर्भमा सामयिक विषयवस्तु समावेश गर्न

(ख) नेपालको लोकतान्त्रिक सङ्घीय गणतन्त्रले लक्षित गरेको विकास, समता, स्वतन्त्रता र स्वाभिमानको अभिवृद्धिमा सहयोग पुऱ्याई जिम्मेवार र सदाचारी नागरिक तयार गर्न

(ग) ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर तथा चुनौतीहरूसापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय सन्दर्भको सन्तुलनसहित स्थानीय आवश्यकताको सम्बोधन गर्न

(घ) व्यवहारकुशल सिपहरूलाई सिकाइ प्रक्रियामा एकीकृत गरी पाठ्यक्रममा ती सिपहरूसँग सम्बन्धित सक्षमताहरू उल्लेख गरी सिकाइलाई जीवनसापेक्ष बनाउन

(ङ) विभिन्न विषयको सिकाइलाई अन्तरसम्बन्धित गरी सिकाइलाई बढी सान्दर्भिक र रुचिकर बनाउनका लागि एकीकृत संरचनाको पाठ्यक्रम कार्यान्वयन गर्न

(च) सिकाइका नवीनतम सिद्धान्त, विधि तथा प्रक्रियाहरू प्रयोग गरी सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न

(छ) विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी प्रत्येक विद्यार्थीको न्यूनतम सिकाइ सुनिश्चित हुने गरी सिकाइस्तर वृद्धिका लागि सहयोग पुऱ्याउन

३. पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया

विभिन्न अध्ययन अनुसन्धानहरूका सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा यस पाठ्यक्रमको विकास प्रारम्भ गरिएको थियो । यस क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरिएको छ । आधारभूत तह (कक्षा १-३) को यो पाठ्यक्रम विकासमा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको थियो :

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय तहको पाठ्यक्रम परिमार्जनको आवश्यकता देखाएको सन्दर्भमा उक्त प्रारूपले प्रस्तुत गरेको पाठ्यक्रमको संरचना तथा आधारभूत सिद्धान्तमा आधारित भई पाठ्यक्रम विकास गरिएको छ ।

(ख) पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित विषय समिति तथा विषयगत शाखाहरूले प्राप्त सुझाव तथा आफ्नो अध्ययन तथा अनुभवमा आधारित भई पाठ्यक्रम सुधारका लागि पहिचान गरेका पक्ष तथा क्षेत्रहरूलाई समेत आधार मानिएको थियो ।

(ग) स्थलगत अध्ययन, शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूबाट प्राप्त र अन्य विभिन्न माध्यमबाट पाठ्यक्रम विकास केन्द्रलाई प्राप्त भएका रायसुझावलाई समेत विश्लेषण गरिएको थियो ।

(घ) सम्बन्धित विषय समिति, शिक्षक तथा विशेषज्ञहरूको संलग्नतामा विभिन्न विषयक्षेत्रमा विद्यार्थीले हासिल गर्नुपर्ने तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

(ङ) तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदालाई शिक्षक, विषय विज्ञ तथा विभिन्न विज्ञहरू सम्मिलित कार्यशालामा प्रस्तुत गरी नेपाल तथा केही अन्य मुलुकको अभ्यासको समीक्षा र समाजका अपेक्षा तथा विद्यार्थीका आवश्यकताहरूको विश्लेषणसमेतका आधारमा तहगत सक्षमता र विषयगत सिकाइ उपलब्धिमा आवश्यक परिमार्जनसहित तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको परिमार्जित मस्यौदा तयार गरिएको थियो ।

(च) पाठ्यक्रम विकास केन्द्रले एकीकृत पाठ्यक्रमको अवधारण तथा स्वरूपका सम्बन्धमा सम्बद्ध विज्ञहरूबिच विभिन्न गोष्ठी, बैठक तथा कार्यशालाका माध्यमबाट छलफल प्रारम्भ गर्नुका साथै कक्षा १-३ को तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको मस्यौदासहित शिक्षक, विषयविज्ञहरू तथा पाठ्यक्रम विज्ञहरू सम्मिलित कार्यशालामा एकीकृत पाठ्यक्रमको विकास प्रक्रियाका सम्बन्धमा छलफल गर्नुका साथै एकीकृत पाठ्यक्रमको अवधारणा तथा स्वरूपका बारेमा स्पष्टता कायम गरी राष्ट्रियस्तरमा क्षमता अभिवृद्धि गरिएको थियो ।

(छ) पाठ्यक्रम विकास केन्द्रले कक्षा १-३ को पाठ्यक्रमको विकास तथा पाठ्यक्रम एकीकरण सम्बन्धमा भएका यसअघिका प्रारम्भिक कार्यको समीक्षासहित सम्बन्धित विज्ञसँगको छलफल, एकीकृत पाठ्यक्रमसँग सम्बन्धित सिद्धान्त, स्वरूप तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययनसमेत गरेर एकीकृत पाठ्यक्रम निर्माणको मार्गचित्र तथा कार्ययोजनाको मस्यौदा तयार गरी विभिन्न विज्ञहरू, शिक्षक तथा अन्य सरोकारवालाहरूबिच छलफल तथा अन्तरक्रिया गरेको थियो । छलफल तथा अन्तरक्रियाबाट मार्गचित्र तथा कार्ययोजनाको मस्यौदामा परिमार्जन गरी सो अवधारणा तथा मार्गचित्रलाई अन्तिम रूप प्रदान गरी सोही आधारमा पाठ्यक्रम मस्यौदा तयार गरिएको थियो ।

(ज) शिक्षक, विषयविज्ञ तथा विशेषज्ञहरूको कार्यशालाले विषयगत सक्षमता, सिकाइ उपलब्धि तथा विषयवस्तुको मस्यौदा तयार गरेको थियो ।

(झ) मस्यौदा गरिएका विषयगत सक्षमता, सिकाइका क्षेत्र, सिकाइ उपलब्धि तथा विषयवस्तुका आधारमा एकीकृत पाठ्यक्रमको निर्धारित ढाँचाअनुसार सर्वप्रथम सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, सिर्जनात्मक कला र स्वास्थ्य तथा शारीरिक शिक्षालाई हाम्रो सेरोफेरो विषयक्षेत्रका रूपमा विभिन्न अन्तरविषयक विषयक्षेत्रमा एकीकृत गरिएको पाठ्यक्रम मस्यौदा तयार गरियो । त्यसै गरी हाम्रो सेरोफेरोमा निर्धारण गरिएका विषयक्षेत्रहरूमा समावेश हुने गरी गणित, नेपाली र अङ्ग्रेजी विषयका केही बहुविषयक विषयक्षेत्रहरू निर्धारण गरियो भने यी विषयक्षेत्रहरूभन्दा बाहिर राख्न उपयुक्त हुने सिकाइ उपलब्धिलाई सम्बन्धित अलग्गै विषयक्षेत्र वा क्षेत्रमा समावेश गरिएको थियो ।

(ञ) एकीकृत पाठ्यक्रम विकासको मार्गचित्रअनुसारको ढाँचामा पाठ्यक्रमको मस्यौदा तयार गर्न शिक्षक, विषय विशेषज्ञ तथा पाठ्यक्रम विज्ञहरूको सहभागितामा कार्यशाला आयोजना गरी सिकाइ उपलब्धि तथा विषयवस्तु र अन्तरविषयक, बहुविषयक तथा विषयगत विषयक्षेत्रहरूलाई पुनरवलोकन गरी अन्तिम रूप दिनुका साथै एकीकृत ढाँचाको पाठ्यक्रमका मुख्य अङ्गहरूको मस्यौदा तयार गरिएको थियो । सो मस्यौदालाई आवश्यक सम्पादन तथा परिमार्जन गरी विज्ञहरूको समूहले परिमार्जित मस्यौदा तयार गरेको थियो ।

(ट) पाठ्यक्रमको विषयगत मस्यौदा तथा एकीकृत स्वरूपलाई शिक्षक कार्यशालाबाट प्राप्त सुझावलाई समेत समावेश गरी विषय समितिहरूका छुट्टाछुट्टै तथा संयुक्त बैठकबाट अन्तिम रूप दिइएको थियो ।

(ठ) विषय समितिले सिफारिस गरेको पाठ्यक्रमको मस्यौदालाई क्षेत्र र क्रमलगायतका पक्षहरू पुनरवलोकन गरी समन्वय तथा सम्पादन समितिले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गर्न गरेको सिफारिसका आधारमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गरेको थियो ।

(ड) यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७५/१२/२२ को निर्णयअनुसार परीक्षणका लागि स्वीकृत भई शैक्षिक सत्र २०७६ मा कक्षा १ मा परीक्षण गरिएको थियो ।

(ढ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा आधारलाई विचार गरेर परीक्षणका क्रममा प्राप्त पृष्ठपोषणसमेतका आधारमा शिक्षक तथा विज्ञहरूको कार्यशाला आयोजना गरी परीक्षणका लागि तयार गरिएको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी परिमार्जित मस्यौदा तयार गरिएको थियो ।

(ञ) परिमार्जित मस्यौदालाई विषय समितिले आवश्यक सम्पादनसहित स्वीकृतिका लागि सिफारिस गरेअनुसार समन्वय तथा सम्पादन समितिको पुनरवलोकनपश्चात् पाठ्यक्रम विकास केन्द्रले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गरेकामा परिषद्ले २०७६ माघ २ मा स्वीकृत गरेअनुसार यो पाठ्यक्रम शैक्षिक वर्ष २०७७ बाट नेपालका सबै विद्यालयमा कार्यान्वयन हुने छ ।

४. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई एकीकृत सिद्धान्तअनुसार पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा १-३ का तहगत तथा विषयगत सक्षमताहरू पहिचान गरिएको छ ।

५. एकीकृत ढाँचाको पाठ्यक्रम विकास

अलग अलग विषयहरू आआफ्नै तरिकाले शिक्षण गर्ने गरी निर्माण गरिएको विषयगत पाठ्यक्रमले विभिन्न विषयलाई अन्तरसम्बन्धित गर्ने र सिकाइलाई दैनिक जीवनसापेक्ष बनाई सान्दर्भिक बनाउने कार्यमा अपेक्षित योगदान गर्न नसकेको महसुस गरी पाठ्यक्रमको वैकल्पिक ढाँचाको खोजीकै क्रममा विज्ञ तथा अनुसन्धानकर्ताहरूले एकीकृत पाठ्यक्रमका विभिन्न ढाँचाहरू सिफारिस गरेका छन् । कतियप विषयक्षेत्रमा माथिल्लो तहमा पनि एकीकृत पाठ्यक्रमको प्रयोग भए पनि विद्यालय तहका प्रारम्भिक चरणहरूमा भने एकीकृत ढाँचाको पाठ्यक्रमको प्रयोगमा व्यापकता आएको छ । एकीकृत पाठ्यक्रम विभिन्न स्वरूपका हुने भए पनि समग्रमा एकीकृत पाठ्यक्रमले विभिन्न विषयलाई अन्तरसम्बन्धित गरेर जीवनसापेक्ष हुने गरी सिकाइ सञ्चालन गर्ने भन्ने बुझाउँछ । विभिन्न विषयका ज्ञान र सिपलाई कुनै समस्यामा वा विषयक्षेत्रमा केन्द्रित गर्नेदेखि लिएर कुनै मुद्दा वा समस्यामा केन्द्रित भई विषयवस्तुको कुनै सीमा निर्धारण नगरी समस्या समाधानका लागि आवश्यक ज्ञान तथा सिप प्राप्त हुने गरी शिक्षण सिकाइ सञ्चालन गर्ने एकीकृत पाठ्यक्रमका ढाँचाहरू रहेका छन् । पाठ्यक्रमले अपेक्षा गरेअनुसारको सिकाइ उपलब्धि (ज्ञान र सिप) लाई वास्तविक जीवनमा रूपान्तरण गर्नका लागि एकीकृत ढाँचाको पाठ्यक्रम र तदनुकूलको शिक्षण सिकाइ सहयोगी हुन्छ । नेपालमा एकीकृत पाठ्यक्रम सम्बन्धमा विगतमा केही अभ्यास भएका पनि छन् । नेपालका यससम्बन्धी अभ्यासहरू निम्नअनुसार रहेका छन् :

(क) पाठ्यक्रम एकीकृत नभएको तर अन्तरविषयगत समायोजन गरी निम्नमाध्यमिक तहको नेपाली र सामाजिक विषयमा वि.सं. २०४२/०४३ र कक्षा १-३ को मेरो सेरोफेरो विषयका रूपमा वि.सं. २०५० मा पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गरिएको थियो तर यो पाठ्यपुस्तक केही वर्ष प्रयोग गरिए पनि यसलाई निरन्तरता दिइएन ।

(ख) केही विषय र कक्षामा अन्तरविषयगत विषयक्षेत्र एकीकरण गरिए पनि सिकाइ सामग्री विकास गर्दा एकीकृत सिद्धान्त अवलम्बन नभई विषयक्षेत्रगत पाठ्यसामग्री अलग अलग रूपमा राखिएको छ । जस्तै : सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, स्वास्थ्य र शारीरिक शिक्षा, विज्ञान र वातावरण शिक्षा, पेसा, व्यवसाय र प्रविधि शिक्षा ।

(ग) पाठ्यसामग्रीमा समावेश भएका सिकाइ क्रियाकलापहरू एकीकृत नगरी भिन्नभिन्न सिकाइ उपलब्धिसँग आबद्ध गरिएको छ ।

(ङ) सिकारुको सक्रियता, सिकारु निर्दिष्ट सिकाइ क्रियाकलाप सञ्चालन र अन्तरविषयगत तथा बहुविषयगत सिकाइको मूल्याङ्कन गर्ने उद्देश्यका साथ पाठ्यसामग्री विकास तथा मूल्याङ्कन कार्य यसअघि प्राथमिकताका साथ बढेको देखिँदैन ।

विभिन्न देशहरूले एकीकृत पाठ्यक्रम विकास गर्दा देशको परिस्थिति, प्राविधिक दक्षता, प्रविधिको उपलब्धता, जनशक्तिको पेसागत तथा प्राविधिक दक्षता, सामाजिक तथा सांस्कृतिक परिवेशलाई आधार मानेका देखिन्छन् । विश्वका विभिन्न देशका अभ्यासहरूको पुनरवलोकन गर्दा समान प्रकृतिको पाठ्यक्रम विकास ढाँचा प्रयोग भएको देखिँदैन । अधिकांश देशमा विषयगत पहिचानले मुख्य स्थान पाए पनि एकीकृत पाठ्यक्रम विकास तथा प्रयोगको क्रममा वृद्धि भइरहेको छ । यस्तो एकीकृत पाठ्यक्रमको विकास र प्रयोगका सन्दर्भमा विभिन्न किसिमका मिश्रित नमुनाहरू उपयोगमा ल्याइएका देखिन्छन् ।

आधारभूत तहअन्तर्गत कक्षा १-३ को पाठ्यक्रमलाई एकीकृत स्वरूपमा व्यवस्थित गर्ने सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले पनि दिशानिर्देश गरेको र एकीकृत शिक्षण सिकाइले सिकाइलाई बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउने भएकाले यस पाठ्यक्रमलाई एकीकृत ढाँचामा विकास गरिएको छ । अन्तर्राष्ट्रिय अभ्यास र नेपालको अनुभव, नेपालको शिक्षण सिकाइको अभ्यास, शिक्षक आपूर्ति र तयारी, पेसागत विकासलगायतका सन्दर्भको विश्लेषण गरी सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक (Interdisciplinary) ढाँचाको पाठ्क्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरिएको छ भने पाठ्यक्रमको समग्र संरचनामा हाम्रो सेरोफेरो, गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा विषयक्षेत्रलाई समावेश गरी बहुविषयक (Multidisciplinary) ढाँचाको एकीकृत पाठ्यक्रम तयार गरिएको छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरू (Soft skills) लाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिएको छ ।

एकीकृत पाठ्यक्रमको विकाससँगसँगै आवश्यक पाठ्यसामग्री विकास र तिनको सहज पहुँच, शिक्षक तयारी, कक्षा शिक्षणको अभ्यास, सिकारुको सक्रिय सहभागिता, अभिभावकको संलग्नता तथा मूल्याङ्कन प्रक्रियामा सुधार र विद्यालयमा आधारित पेसागत सहयोग पद्धतिलाई समेत व्यवस्थित हुने गरी यो एकीकृत पाठ्यक्रम कार्यान्वयन गरिनु आवश्यक हुन्छ ।

६. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

७. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

विद्यालयको तह	कक्षा	उमेर समूह	सिकाइ क्षमतास्तर
प्रारम्भिक बालविकास तथा शिक्षा	प्रारम्भिक बालविकास तथा शिक्षा	४ वर्ष	
आधारभूत	कक्षा १- ३	५ देखि ७ वर्षसम्म	तह १
	कक्षा ४ - ५	८ देखि ९ वर्षसम्म	तह २
	कक्षा ६ - ८	१० देखि १२ वर्षसम्म	तह ३
माध्यमिक	कक्षा ९ - १०	१३ देखि १४ वर्षसम्म	तह ४
	कक्षा ११ - १२	१५ देखि १६ वर्षसम्म	तह ५

८. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

८.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

क्र.सं.	सिपका क्षेत्रहरू	सिपहरू	वार्षिक समय (घण्टामा)
१.	आधारभूत सिप सिकाइका क्षेत्र	(क) शारीरिक सिप (ख) संवेगात्मक सिप (ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप (घ) बौद्धिक तथा मानसिक सिप (ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप (च) सिर्जनात्मक सिप	३८४
२.	विषयगत सिप सिकाइका क्षेत्र	(क) भाषिक सिप (ख) पूर्वगणितीय सिप (ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता (घ) वरपरको वातावरण (ङ) सामाजिक सिप	१९२
		जम्मा	५७६

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)

८.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

क्र. स.	विषयसम्बन्धी क्रियाकलाप	पाठ्यघण्टा	वार्षिक कार्यघण्टा
१.	भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली)	५	१६०
२.	भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी)	४	१२८
३.	गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप (गणित)	४	१२८
४	विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो)	८	२५६
५.	मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप	५	१६०
	जम्मा	२६	८३२

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

८.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

क्र. स.	विषय	पाठ्यघण्टा	वार्षिक कार्यघण्टा
१.	नेपाली	५	१६०
२.	अङ्ग्रेजी	५	१६०
३.	गणित	५	१६०
४	विज्ञान तथा प्रविधि	५	१६०
५.	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६.	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला	३	९६
७.	मातृभाषा/स्थानीय विषय	४	१२८
जम्मा		३२	१०२४

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ । यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत भाषा, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

८.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

	विषय				
क्र.स.	**साधारण**	**संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा**	**गोन्पा तथा विहार/मदर्सा शिक्षा**	**पाठ्यघण्टा**	**वार्षिक कार्यघण्टा**
१.	नेपाली	नेपाली	नेपाली	५	१६०
२.	अङ्ग्रेजी	अङ्ग्रेजी वा संस्कृत रचना	अङ्ग्रेजी	५	१६०
३.	गणित	गणित	गणित	५	१६०
४.	विज्ञान तथा प्रविधि	विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण	विज्ञान तथा प्रविधि	५	१६०
५.	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६.	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला	संस्कृत भाषा	स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक)	३	९६
७.	मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा	वेद वा नीति शास्त्र	भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा	४	१२८
जम्मा				३२	१०२४

९. आधारभूत शिक्षाका तहगत सक्षमता

९.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

९.२ आधारभूत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन् :

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

खण्ड (क) पाठ्यक्रमको परिचय तथा संरचना

१. परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्छ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्छ ।

यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्त्वहरू समावेश गरिएको छ । यसमा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको छ । त्यसै गरी यसमा पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयिक सुधार तथा परिमार्जनका लागि मार्गनिर्देश गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी आधारभूत तहअन्तर्गत कक्षा ४-५ को यो पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक वर्ष २०७८ मा कक्षा ४ मा परीक्षण गरी परीक्षणबाट पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जनसहित शैक्षिक वर्ष २०७९ देखि देशभर कार्यान्वयन गर्ने गरी पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले मिति २०७६ माघ २ मा स्वीकृत गरेको हो । आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम, २०७६ को यस दस्तावेजमा पाठ्यक्रम परिमार्जनको सन्दर्भ तथा औचित्य, पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया, पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू तथा एकीकृत ढाँचाको पाठ्यक्रम निर्माण प्रक्रिया उल्लेख गरिएको छ । त्यसै गरी यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा ४-५) समावेश गरिएको छ । यसमा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया पनि समावेश गरिएको छ ।

२. पाठ्यक्रम परिमार्जनको सन्दर्भ र औचित्य

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । अध्ययन अनुसन्धानका नतिजाहरू, विद्यार्थी, शिक्षक तथा अभिभावकहरू, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घ सङ्गठन, राजनीतिकर्मी, सूचना तथा सञ्चार माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक बनाउन सकारात्मक सल्लाह तथा सुझाव प्राप्त हुँदै आएका छन् । त्यसै गरी ज्ञानको विस्तार तथा सिर्जना, प्रविधिमा आएको परिवर्तन, राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, विद्यार्थीहरूमा विकसित हुनुपर्ने सिपहरूलगायत आजको प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई विचार गरेर पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नु आवश्यक छ । यही आवश्यकतालाई दृष्टिगत गरी विद्यालय तहका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले सिकाइलाई जीवनोपयोगी र समयसापेक्ष बनाउन पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएको सन्दर्भमा आधारभूत तहअन्तर्गत कक्षा ४-५ का लागि यो पाठ्यक्रम तयार गरिएको छ । नेपालमा विद्यालय तहको पाठ्यक्रम परिमार्जन यसरूपमा गर्नुका औचित्य निम्नअनुसार छन् :

(क) पाठ्यक्रमका सिद्धान्त, मान्यता, स्वरूपलगायत शिक्षाका उद्देश्यसमेतलाई पुनरवलोकन गरी पाठ्यक्रममा सामयिक विषयवस्तु समावेश गर्न

(ख) नेपालको लोकतान्त्रिक सङ्घीय गणतन्त्रले लक्षित गरेको विकास, समता, स्वतन्त्रता र स्वाभिमानको अभिवृद्धिमा सहयोग पुऱ्याई जिम्मेवार र सदाचारी नागरिक तयार गर्न

(ग) ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर तथा चुनौतीहरूसापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय सन्दर्भको सन्तुलनसहित स्थानीय आवश्यकताको सम्बोधन गर्न

(घ) व्यवहारकुशल सिपहरूलाई सिकाइ प्रक्रियामा एकीकृत गरी पाठ्यक्रममा ती सिपहरूसँग सम्बन्धित सक्षमताहरू उल्लेख गरी सिकाइलाई जीवनसापेक्ष बनाउन

(ङ) सिकाइका नवीनतम सिद्धान्त, विधि तथा प्रक्रियाहरू प्रयोग गरी सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न

(च) विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी प्रत्येक विद्यार्थीको न्यूनतम सिकाइ सुनिश्चित हुने गरी सिकाइस्तर वृद्धिका लागि सहयोग पुऱ्याउन

३. पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया

विभिन्न अध्ययन अनुसन्धानहरूका सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा यस पाठ्यक्रमको विकास प्रारम्भ गरिएको थियो । यस क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरिएको छ । आधारभूत तह (कक्षा ४-५) को यो पाठ्यक्रम विकासमा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको थियो :

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय तहको पाठ्यक्रम परिमार्जनको आवश्यकता देखाएको सन्दर्भमा उक्त प्रारूपले प्रस्तुत गरेको पाठ्यक्रमको संरचना तथा आधारभूत सिद्धान्तमा आधारित भई पाठ्यक्रम विकास गरिएको छ ।

(ख) पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित विषय समिति तथा विषयगत शाखाहरूले प्राप्त सुझाव तथा आफ्नो अध्ययन तथा अनुभवमा आधारित भई पाठ्यक्रम सुधारका लागि पहिचान गरेका पक्ष तथा क्षेत्रहरूलाई समेत आधार मानिएको थियो ।

(ग) स्थलगत अध्ययन, शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूबाट प्राप्त र अन्य विभिन्न माध्यमबाट पाठ्यक्रम विकास केन्द्रलाई प्राप्त भएका रायसुझावलाई समेत विश्लेषण गरिएको थियो ।

(घ) सम्बन्धित विषय समिति, शिक्षक तथा विशेषज्ञहरूको संलग्नतामा विभिन्न विषयक्षेत्रमा विद्यार्थीले हासिल गर्नुपर्ने तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

(ङ) तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदालाई शिक्षक, विषय विज्ञ तथा विभिन्न विज्ञहरू सम्मिलित कार्यशालामा प्रस्तुत गरी नेपाल तथा केही अन्य मुलुकको अभ्यासको समीक्षा र समाजका अपेक्षा तथा विद्यार्थीका आवश्यकताहरूको विश्लेषणसमेतका आधारमा तहगत सक्षमता र विषयगत सिकाइ उपलब्धिमा आवश्यक परिमार्जनसहित तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको परिमार्जित मस्यौदा तयार गरिएको थियो ।

(च) शिक्षक, विषयविज्ञ तथा विशेषज्ञहरूको कार्यशालाले विषयगत सक्षमता, सिकाइ उपलब्धि तथा विषयवस्तुको मस्यौदा तयार गरेको थियो ।

(छ) पाठ्यक्रमको विषयगत मस्यौदा शिक्षक कार्यशालाबाट प्राप्त सुझावलाई समेत समावेश गरी विषय समितिहरूका छुट्टाछुट्टै बैठकबाट अन्तिम रूप दिइएको थियो ।

(ज) विषय समितिले सिफारिस गरेको पाठ्यक्रमको मस्यौदालाई क्षेत्र र क्रमलगायतका पक्षहरू पुनरवलोकन गरी समन्वय तथा सम्पादन समितिले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गर्न गरेको सिफारिसका आधारमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गरेको हो ।

(झ) यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७५/१०/०२ को निर्णयअनुसार परीक्षणका लागि स्वीकृत भई शैक्षिक सत्र २०७८ मा कक्षा ४ मा परीक्षण गरिएको थियो ।

(ञ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा आधारलाई विचार गरेर परीक्षणका क्रममा प्राप्त पृष्ठपोषणसमेतका आधारमा शिक्षक तथा विज्ञहरूको कार्यशाला आयोजना गरी परीक्षणका लागि तयार गरिएको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी परिमार्जित पाठ्यक्रम शैक्षिक सत्र २०७९ बाट नेपालभर कार्यान्वयनमा ल्याइएको छ ।

४. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा ४-५ का तहगत तथा विषयगत सक्षमताहरू पहिचान गरिएको छ ।

५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

६. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

विद्यालयको तह	कक्षा	उमेर समूह	सिकाइ क्षमतास्तर
प्रारम्भिक बालविकास तथा शिक्षा	प्रारम्भिक बालविकास तथा शिक्षा	४ वर्ष	
आधारभूत	कक्षा १- ३	५ देखि ७ वर्षसम्म	तह १
	कक्षा ४ - ५	८ देखि ९ वर्षसम्म	तह २
	कक्षा ६ - ८	१० देखि १२ वर्षसम्म	तह ३
माध्यमिक	कक्षा ९ - १०	१३ देखि १४ वर्षसम्म	तह ४
	कक्षा ११ - १२	१५ देखि १६ वर्षसम्म	तह ५

७. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

७.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

क्र.सं.	सिपका क्षेत्रहरू	सिपहरू	वार्षिक समय (घण्टामा)
१.	आधारभूत सिप सिकाइका क्षेत्र	(क) शारीरिक सिप (ख) संवेगात्मक सिप (ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप (घ) बौद्धिक तथा मानसिक सिप (ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप (च) सिर्जनात्मक सिप	३८४
२.	विषयगत सिप सिकाइका क्षेत्र	(क) भाषिक सिप (ख) पूर्वगणितीय सिप (ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता (घ) वरपरको वातावरण (ङ) सामाजिक सिप	१९२
		जम्मा	५७६

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ ।)

७.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

क्र. स.	विषयसम्बन्धी क्रियाकलाप	पाठ्यघण्टा	वार्षिक कार्यघण्टा
१.	भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली)	५	१६०
२.	भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी)	४	१२८
३.	गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप	४	१२८
४	आफ्नो सेरोफरोसम्बन्धी ज्ञान, सिप तथा अभिवृत्ति (सामाजिक अध्ययन, तथा सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप)	८	२५६
५.	मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप	५	१६०
	जम्मा	२६	८३२

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको २६ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

७.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

क्र. स.	विषय	पाठ्यघण्टा	वार्षिक कार्यघण्टा
१.	नेपाली	५	१६०
२.	अङ्ग्रेजी	५	१६०
३.	गणित	५	१६०
४	विज्ञान तथा प्रविधि	५	१६०
५.	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६.	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला	३	९६
७.	मातृभाषा वा स्थानीय विषय	४	१२८
जम्मा		३२	१०२४

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ । यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

७.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

	विषय				
क्र.स.	**साधारण**	**संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा**	**गोन्पा तथा विहार/मदर्सा शिक्षा**	**पाठ्यघण्टा**	**वार्षिक कार्यघण्टा**
१.	नेपाली	नेपाली	नेपाली	५	१६०
२.	अङ्ग्रेजी	अङ्ग्रेजी वा संस्कृत रचना	अङ्ग्रेजी	५	१६०
३.	गणित	गणित	गणित	५	१६०
४.	विज्ञान तथा प्रविधि	विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण	विज्ञान तथा प्रविधि	५	१६०
५.	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६.	स्वास्थ्य तथा शारीरिक शिक्षा	संस्कृत भाषा	स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक)	३	९६
७.	मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा	वेद वा नीति शास्त्र	भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा	४	१२८
जम्मा				३२	१०२४

८. आधारभूत शिक्षाका तहगत सक्षमता

८.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

८.२ आधारभूत शिक्षा (कक्षा ४-५) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहारकुशल
६. सिप (Soft Skills) को विकासकला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

९. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

(क) निर्माणात्मक मूल्याङ्कन : निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ । प्रामाणिक मूल्याङ्कन (Authentic assessment) एक अनौपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्ने छ । विषयगत रेकर्ड (Anecdotal record) विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ । आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

(ख) निर्णयात्मक मूल्याङ्कन : आधारभूत तह (कक्षा ४ र ५) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

(आ) निर्माणत्मक मूल्याङ्कनका सामान्य आधार निम्नानुसार हुने छन् । अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

सि. नं.	मूल्याङ्कनका आधार	भार
१.	सहभागिता : कक्षा सहभागिता र सिकाइमा सक्रियता	४
२.	प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप	३६

३.	त्रैमासिक परीक्षा	१०
	जम्मा	५०

प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलापको विस्तृत विवरण विषयगत पाठ्यक्रममा दिइएको छ । एक शैक्षिक वर्षमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ र निर्णयात्मक मूल्याङ्कनमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षाको नतिजाका आधारमा अङ्कभार समावेश गर्नुपर्ने छ ।

(इ) अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई परीक्षामा केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।

(ई) विद्यार्थी मूल्याकनको नतिजा विवरण (Grade Sheet) यसप्रकार हुने छ :

विद्यालयको नाम : .....

विद्यार्थीको नाम :

कक्षा : ..... रोल न..... जन्म मिति :

अभिभावकको नाम : .....

नतिजा विवरण (Grade Sheet)

क्र.सं	विषय	पाठ्यघण्टा	आन्तरिक मूल्याङ्कन		बाह्य मूल्याङ्कन		कैफियत
			ग्रेड	ग्रेड प्वाइन्ट	ग्रेड	ग्रेड प्वाइन्ट	
१	नेपाली						
२	अङ्ग्रेजी						
३	गणित						
४	विज्ञान तथा प्रविधि						
५	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा						
६	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला						
७	मातृभाषा वा स्थानीय विषय						
				औसत ग्रेड प्वाइन्ट (GPA):			

विषय शिक्षकको हस्ताक्षर :

नाम :

प्रधानाध्यापकको हस्ताक्षर :

नाम :

मिति :

१०. शिक्षाको माध्यम

आधारभूत तह (कक्षा ४ र ५) मा शिक्षणको माध्यम भाषा सामान्यतया मातृभाषा, बहुभाषा वा नेपाली भाषा हुने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुने छ :

(क) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ ।

(ख) गणित र विज्ञान तथा प्रविधि विषयको पठनपाठनको माध्यम भाषा अङ्ग्रेजी पनि हुन सक्ने छ ।

(ग) सामाजिक अध्ययन र मानवमूल्य शिक्षा वा चारित्रिक शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुहरूबाहेक अन्य विषयहरूमा पठनपाठनका लागि माध्यम भाषा अङ्ग्रेजी पनि प्रयोग गर्न सकिने छ ।

(घ) शास्त्रीय विषयहरूको पाठ्यसामग्री र पठनपाठनको माध्यम सम्बन्धित भाषा हुने छ । धार्मिक प्रकृतिका विषयहरूको पठनपाठन सम्बन्धित धार्मिक ग्रन्थ लेखिएको भाषामा नै गर्न सकिने छ ।

(ङ) गैरनेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने र अन्य विषयको हकमा विषय अङ्ग्रेजी वा रोजेको माध्यममा पठनपाठन गर्ने व्यवस्था मिलाउन सकिने छ ।

११. पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन् :

(क) विद्यार्थीको उपलब्धि स्तर

(ख) शिक्षकको कार्य सम्पादन स्तर

(ग) पठन पाठनमा उपयोग गरिएको समय

(घ) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(ङ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया

(च) सरोकारवालाको विद्यालयप्रतिको धारणा

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ । यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने छ ।

माननीय मन्त्रीस्तरको मिति २०७८।०९।०७ को निर्यणवाट स्वीकृत

लेटर ग्रेडिङ निर्देशिका, २०७८

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

लेटर ग्रेडिङ निर्देशिका, २०७८

प्रस्तावना: विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणिकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५८ को नियम १८२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका तयार गरी लागु गरेको छ ।

परिच्छेद -१

नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

१. **नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम " लेटर ग्रेडिङ निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यस निर्देशिकाको प्रावधान देशभरका विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिमका पाठ्यक्रमको कार्यान्वयनसँगै लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "केन्द्र" भन्नाले मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्र सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५८ सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले शिक्षा नियमावलीको नियम ३२ अनुसार गठित राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् सम्झनु पर्छ ।

(घ) "पाठ्यक्रम" भन्नाले राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् तथा नेपाल सरकारद्वारा स्वीकृत तहगत वा विषयगत पाठ्यक्रम सम्झनु पर्छ ।

(ङ) "पाठ्यघण्टा ८ऋचभमप्त जयगच०" भन्नाले पठनपाठन सञ्चालनका लागि खर्च भएको साप्ताहिक बत्तीस घण्टाको समयावधि सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) दफा ४क. बमोजिम गठित बोर्ड सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ज) " लेटर ग्रेडिङ (भिततभच न्चबमप्लन)" भन्नाले तोकिएको सक्षमताको मूल्याङ्कन पश्चात् विद्यार्थीले हासिल गर्ने सिकाइ स्तरलाई अक्षरमा गरिने प्रस्तुति सम्झनु पर्छ ।

(झ) "स्तरीकृत अङ्क (न्चबमभ उयप्लत)" भन्नाले अक्षरमा गरिएको विद्यार्थी मूल्याङ्कनको स्तरीकरणलाई अङ्कमा प्रस्तुत गरिएको आनुसाङ्ख्यिक मान सम्झनु पर्छ ।

३. **उद्देश्य :** विद्यालय शिक्षामा लेटर ग्रेडिङ कार्यान्वयनको उद्देश्य देहाय अनुसार रहेका छन् :

(क) विद्यार्थीको सिकाइ सक्षमतालाई यथारूपमा प्रमाणीकरण गर्ने,

(ख) सिकाइ उपलब्धिको मापनबाट प्राप्त अङ्कगत स्तरलाई आठ ओटा अक्षरगत स्तरमा सूचित गर्ने,

(ग) शैक्षिक क्षतिलाई न्यूनीकरण गर्दै शैक्षिक गुणस्तर प्रवर्धन गर्ने,

(घ) एकल विषय प्रमाणीकरणका माध्यमबाट विद्यार्थीको बहु बौद्धिकताका आधारमा सिकाइका अवसर प्रदान गर्ने ।

परिच्छेद -२

पाठ्यघण्टा

४. **पाठ्यघण्टा तथा कार्यघण्टा :** (१) विद्यालय तहमा पठनपाठन सञ्चालनका लागि सामान्यतया साठी मिनेटको एक घन्टी हुनेछ । तर विद्यालयले वार्षिक कार्यघण्टा नघट्ने गरी समय व्यवस्थापन गर्न सक्नेछ ।

(२) पठनपाठन सञ्चालनका लागि खर्च भएको वत्तिस घण्टाको समयावधिलाई एक पाठ्यघण्टा ८क्ष्चभमप्त ज्यगच० मानिनेछ ।

(३) मौजुदा पाठ्यक्रमले व्यवस्था गरेको पठनपाठनको समयावधिलाई पाठ्यघण्टामा रूपान्तरण गरी प्रमाणीकरण गरिनेछ ।

५. **पाठ्यघण्टा र क्रियाकलाप** : (१) शिक्षक र विद्यार्थीबिचमा प्रत्यक्ष संवाद र सहकार्य गरी गरिने सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना गर्नु पर्नेछ ।

(२) निर्णयात्मक मूल्याङ्कनका लागि लिइने परीक्षामा सहभागी हुन विद्यालय खुलेको वा पठनपाठन भएको कुल दिनको पचहत्तर प्रतिशत हाजिरी भएको हुनु पर्नेछ ।

तर खुला विद्यालय तथा वैकल्पिक सिकाई प्रणालीमा अध्ययनरत विद्यार्थीको हाजिरी तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थाको हकमा सम्बन्धित निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) पाठ्यक्रममा प्रयोगात्मक कार्यका लागि निर्दिष्ट पाठ्यघण्टा अनुसार कक्षा सञ्चालन गर्दा सिकाइ सम्बद्ध क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापलाई आधार मानी मूल्याङ्कन गर्नु पर्नेछ ।

परिच्छेद -३

विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ

६. **ग्रेड निर्धारण :** (१) विद्यालय शिक्षा (कक्षा १-१२) मा लेटर ग्रेडिङ लागु गर्न देहाय बमोजिम ग्रेड निर्धारण गरिनेछ,-

क्र.स.	उपलब्धि प्रतिशत	स्तरीकृत अङ्क	अक्षरमा उपलब्धिस्तर	उपलब्धि स्तरको व्याख्या
१	९० र सोभन्दा माथि	४.०	A+	सर्वोत्तम (Outstanding)
२	८० र सोभन्दा माथि ९० भन्दा कम	३.६	A	अत्युत्तम (Excellent)
३	७० र सोभन्दा माथि ८० भन्दा कम	३.२	B+	उत्कृष्ट (Very Good)
४	६० र सोभन्दा माथि ७० भन्दा कम	२.८	B	उत्तम (Good)
५	५० र सोभन्दा माथि ६० भन्दा कम	२.४	C+	सन्तोषजनक (Satisfactory)
६	४० र सोभन्दा माथि ५० भन्दा कम	२.०	C	ग्राह्य (Acceptable)
७	३५ र सोभन्दा माथि ४० भन्दा कम	१.६	D	आधारभूत (Basic)
८	३५ भन्दा कम	-	NG	अवर्गीकृत (Not Graded)

(२) निर्धारित ग्रेडको निम्नानुसार व्याख्याको विस्तृतीकरण गरिनेछ :

ग्रेड	व्याख्या	व्याख्याको विस्तृतीकरण
A+	सर्वोत्तम (Outstanding)	Has deep and broad knowledge with highly-developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyze and succinctly present subject matter fluently and clearly with extraordinary performance; a significant capacity for original, creative and logical thinking with superior communication skills.
A	अत्युत्तम (Excellent)	Has deep and broad knowledge with developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyze and succinctly present subject matter fluently and clearly with exemplary performance; a significant capacity for original, creative and logical thinking with advanced communication skills.
B+	उत्कृष्ट (Very Good)	Has broad knowledge with developed insight as well as comprehensive and independent appreciation of the theoretical or practical subject matter; a special ability to organize, use, analyze and succinctly present subject matter clearly with a high level of performance; a highly-developed capacity for original, creative and logical thinking with sound communication skills.
B	उत्तम (Good)	Has decent knowledge with developed insight as well as comprehensive and good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyze and succinctly present subject matter with respectable performance; a developed capacity for original, creative and logical thinking with reasonable communication skills.
C+	सन्तोषजनक (Satisfactory)	Has adequate knowledge with developing insight as well as comprehensive and reasonably good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyze and succinctly present subject matter with blameless performance; some capacity for original, creative and logical thinking with sufficient communication skills.
C	ग्राह्य (Acceptable)	Has sufficient knowledge with developing insight as well as comprehensive and acceptable understanding of the theoretical or practical subject matter; an ability to organize, use, analyze and present subject matter with guiltless performance; limited capacity for original, creative and logical thinking with acceptable communication skills.
D	आधारभूत (Basic)	Has some knowledge with developing insight as well as comprehensive and partial understanding of the theoretical or practical subject matter; limited ability to organize, use, analyze and present subject matter with guiltless performance ; limited capacity for original, creative and logical thinking with minimal participation in communication skills.
NG	अवर्गीकृत (Not Graded)	Has less knowledge with incomplete insight as well as comprehensive and negligible understanding of the theoretical or practical subject matter; seriously deficient ability to organize, use, analyze and present subject matter; very limited capacity for original, creative and logical thinking with inadequate communication skills.

७. लेटर ग्रेडिङको कार्यान्वयन विधि तथा ग्रेड वृद्धि परीक्षा: (१) लेटर ग्रेडिङ कार्यान्वयन विधि देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक विषयको उत्तरपुस्तिकाको परीक्षण र सम्परीक्षण अङ्कमा गरिनेछ । परीक्षण र सम्परीक्षणबाट प्राप्त अङ्क (ग्रेड सिटमा सैद्धान्तिक र आन्तरिकको छुट्टाछुट्टै अङ्क) लाई अक्षर ग्रेडमा रूपान्तर गरिनेछ ।

(ख) सम्बन्धित तह वा कक्षा पूरा गरेको विद्यार्थीले प्राप्त ग्रेड सिटका आधारमा सम्बन्धित तह वा कक्षा पुरा गरेको भएमा पेसागत र प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्राप्त गर्ने छन् । अग्र अध्ययनका लागि भने सो तह वा कक्षा पूरा गरी स्तरीकृत अङ्क (GPA) सहितको ग्रेड सिट र मूल प्रमाणपत्र उपलब्ध गराइनेछ ।

(ग) विद्यार्थीहरूले प्राप्त गरेको ग्रेडको व्याख्या (Descriptor) लब्धाङ्क पत्रमा उल्लेख गरिनेछ ।

(२) ग्रेड वृद्धि परीक्षा र प्रमाण पत्रका सम्बन्धमा देहाय बमोजिम हुनेछ :

(क) कक्षा आठ, कक्षा दश र कक्षा बाह्र मा सबै विषयमा न्यूनतम ग्रेड पूरा गरेपछि मात्र सम्बन्धित निकायले मूल प्रमाणपत्र उपलब्ध गराउनेछ ।

तर विषयगत रूपमा आन्तरिकतर्फ C र सैद्धान्तिकतर्फ D ग्रेड प्राप्त गर्न नसक्ने विद्यार्थीका लागि मूल प्रमाणपत्र उपलब्ध गराइने छैन ।

(ख) अन्य कक्षाको हकमा यो निर्देशिकाको प्रतिकूल नहुने गरी विद्यालयले नै ग्रेड सिट र प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(ग) अग्र अध्ययनका लागि मूल प्रमाणपत्र अनिवार्य हुनेछ । मूल प्रमाण पत्र नलिई अग्र अध्ययन गरेमा समकक्षता प्रदान गरिने छैन ।

(घ) मूल प्रमाणपत्र प्राप्त गर्न नसकेका विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा संलग्न हुन पाउने छन् र ग्रेड वृद्धि परीक्षामा संलग्न हुने तथा आन्तरिक मूल्याङ्कनमा सहभागी भई बाह्य मूल्याङ्कनमा संलग्न हुन नसकेका विद्यार्थीको हकमा आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको अङ्क तीन वर्षसम्म कायम रहनेछ ।

(ङ) दुई विषयभन्दा बढी विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेमा वा ग्रेड वृद्धि परीक्षामा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थी अर्को वर्षको सम्पूर्ण विषयको परीक्षामा संलग्न हुन वा सोही कक्षामा पुन: अध्ययन गर्न पाउने छन् ।

(च) आन्तरिक मूल्याङ्कनमा तोकिएको ग्रेड प्राप्त नभई वार्षिक वा बाह्य परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षा रद्द हुन सक्नेछ ।

(छ) विदेशी बोर्डहरूबाट अध्ययन गरी उत्तीर्ण भएका विद्यार्थीहरूको ग्रेड निर्धारण समेत यसै कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

परिच्छेद -द्ध
लेटर ग्रेडिङको कार्यान्वयनमा सम्बन्धित निकायहरूको भूमिका

८. **मन्त्रालयको भूमिका:** लेटर ग्रेडिङको कार्यान्वयनमा मन्त्रालयको भूमिका देहाय अनुसार हुनेछ :
(क) लेटर ग्रेडिङ सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,
(ख) लेटर ग्रेडिङ कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

९. **केन्द्रको भूमिका** : केन्द्रको भूमिका देहाय अनुसार हुनेछ :
(क) लेटर ग्रेडिङका सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत नीति कार्यान्वयन गर्ने,
(ख) लेटर ग्रेडिङ कार्यान्वयनमा आवश्यक सहजीकरण तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

१०. **शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका देहाय अनुसार हुनेछ :
(क) लेटर ग्रेडिङको कार्यान्वयनमा सहजीकरण गर्ने,
(ख) शिक्षक तालिम कार्यक्रममा विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङलाई समावेश गर्ने ।

११. **बोर्डको भूमिका :** बोर्डको भूमिका देहाय अनुसार हुनेछ :
(क) विद्यार्थी मूल्यांकनका लागि परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाणिकरण गर्दा लेटर ग्रेडिङ कार्यान्वयन गर्ने,
(ख) विद्यालय शिक्षामा लेटर ग्रेडिङ कार्यान्वयन गर्ने क्रममा सम्बद्ध निकायका काममा आवश्यक समन्वय र सहजिकरण गर्ने ।

१२. **शिक्षा विकास निर्देशनालयको भूमिका :** शिक्षा विकास निर्देशनालयले विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्नेछ ।

१३. **शिक्षा विकास तथा समन्वय एकाइको भूमिका :** शिक्षा विकास तथा समन्वय एकाइको भूमिका देहाय अनुसार हुनेछ :
(क) विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने गराउने,
(ख) विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्न विद्यालयहरूलाई निर्देशन दिने र आवश्यक अभिमुखीकरण, सहजीकरर्णे तथा अनुगमन गर्ने ।

१४. **विद्यालयको भूमिका :** विद्यालयको भूमिका देहाय अनुसार हुनेछ :
(क) विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने, गराउने,
(ख) शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवाला सबैमा यस पद्धतिबारे जानकारी गर्ने गराउने,
(ग) आवश्यकताअनुसार अभिमुखीकरण र छलफल गरी अवधारणगत स्पष्टता कायम गर्ने,
(घ) प्रयोगात्मक कार्य, परियोजना कार्यलगायतका सिकाइ सम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विद्यार्थी उपलब्धिको विवरण अभिलेख अनुसार प्रमाणीकरण गरी उपलब्ध गराउने ।

परिच्छेद -५
विविध

१५. **समकक्षता :** लेटर ग्रेडिङबाट प्राप्त ग्रेडको अङ्काङ्कनमा निर्धारित श्रेणीहरूको समकक्षता माध्यमिक शिक्षासरह मान्यता तथा समकक्षता निर्धारण निर्देशिकामा व्यवस्था भएबमोजिम हुनेछ ।

१६. **निर्देशिका संशोधनः** मन्त्रालयले सम्बन्धित निकायहरूको परामर्श र केन्द्रको सिफारिसमा निर्देशिकामा आवश्यक संशोधन गर्न सक्नेछ ।

१७. **वाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिकामा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा वा अस्पष्टता भएमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **खारेजी र बचाउ :** (१) विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ खारेज गरिएको छ ।

(२) विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ बमोजिम भएका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

लेटर ग्रेडिङ पद्धतिको कार्यान्वयनका लागि

सहयोगी पुस्तिका

२०७९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

१. सन्दर्भ

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालय शिक्षामा निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन प्रणालीको पुनरवलोकन गरी सुधार गर्ने कुरा उल्लेख गरेको छ । निर्माणात्मक मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गरी सिकाइ सुधारका लागि प्रभावकारी ढङ्गले प्रयोग गर्नुपर्छ । आधारभूत तह (कक्षा ८) को अन्त्य, माध्यमिक तहअन्तर्गत कक्षा १० र कक्षा १२ को परीक्षा क्रमशः स्थानीय, प्रदेश र सङ्घीय तहबाट सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने तथा विद्यार्थी मूल्याङ्कनको विद्यमान पद्धतिको पुनरवलोकन गर्दै प्रयोगात्मक परीक्षा, व्यावहारिक अभ्यास, इन्टर्नसिप जस्ता परीक्षण विधि अवलम्बन गरिने नीति रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यार्थी मूल्याङ्कन, प्रमाणीकरण, समकक्षता तथा राष्ट्रिय योग्यता प्रारूपसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने आवश्यकतालाई दृष्टिगत गरी विद्यार्थी मूल्याङ्कन प्रक्रियामा परिमार्जनको प्रस्ताव गरेको छ । यस प्रारूपले मार्गनिर्देश गरेअनुसार विकास गरिएका आधारभूत तथा माध्यमिक शिक्षाका पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियासँग आबद्ध गर्ने, मूल्याङ्कनका माध्यम तथा साधनमा विविधता कायम गर्ने र विद्यार्थीको सिकाइ सक्षमतालाई स्पष्ट ढङ्गले व्याख्या गर्ने गरी विद्यार्थीको सिकाइस्तर परिभाषित गर्ने गरी विद्यार्थी मूल्याङ्कन प्रक्रियामा परिमार्जन गरेको छ ।

विद्यार्थी मूल्याङ्कनले विद्यार्थी उपलब्धिसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने र प्राप्त सूचनाका आधारमा सिकाइमा आवश्यक पृष्ठपोषण प्राप्त गरी सिकाइको पुनर्योजना गर्ने कार्यमा सहयोग गर्नुपर्छ । त्यसै गरी विद्यार्थी उपलब्धिसम्बन्धी नतिजाका आधारमा विद्यार्थीको सिकाइस्तर प्रमाणित गर्ने कार्य पनि मूल्याङ्कनले गर्नुपर्छ । विद्यार्थी मूल्याङ्कनलाई विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी पाठ्यक्रमद्वारा निर्दिष्ट सिकाइ उपलब्धि हासिल भयो वा भएन भन्ने पहिचान गर्ने कार्यमा केन्द्रित गर्नुपर्ने, सिकाइ सहजीकरण क्रियाकलापमा सुधार ल्याउन र विद्यार्थीको सिकाइमा सुधार ल्याउन मूल्याङ्कन नतिजा प्रयोग गर्नु पर्ने र शैक्षिक नीति निर्माणको निर्णयका लागि पृष्ठपोषण दिन मूल्याङ्कन नतिजाको प्रयोग गर्नु पर्ने आवश्यकता छ ।

विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनलाई व्यापक उपयोग गरी सिकाइका लागि मूल्याङ्कन(Assessment for learning) भन्ने मान्यता स्थापित गर्ने कार्य अहिलेको आवश्यकता हो । मूल्याङ्कन प्रणालीलाई परीक्षामा सीमित नगरी यसलाई सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गर्नु आवश्यक छ । गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक कार्य, परियोजना कार्य, प्रस्तुतीकरण, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलाप आदिलाई मूल्याङ्कनमा समावेश गर्न विद्यालयको मौजुदा मूल्याङ्कन प्रक्रियामा सुधार आवश्यक छ ।

बालबालिकाको सिकाइस्तरका आधारमा शिक्षक, विद्यालय र समग्र पद्धतिको मूल्याङ्कन गर्ने परिपाटी स्थापित गर्नु जरुरी छ । अतः विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कार्यान्वयन गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने र सिकारुका सिकाइ सक्षमतालाई सही ढङ्गले व्याख्या गर्ने कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको छ ।

मूल्याङ्कनलाई निश्चित मापदण्डमा आधारित बनाउने सन्दर्भमा विगत केही वर्षदेखि खास गरी कक्षा १० र १२ को अन्त्यमा लिइने सार्वजनिक परीक्षाको नतिजाको व्याख्या लेटर ग्रेडिङपद्धतिअनुसार गर्न थालिएको छ । एकातिर यो पद्धतिको प्रयोग विद्यालय तहका सबै कक्षामा समान रूपमा गर्नुपर्ने छ भने अर्कोतिर यसको प्रयोग तथा व्याख्यामा एकरूपता कायम गर्नुका साथै मूल्याङ्कनप्रक्रिया तथा साधनलाई थप सरल र प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ ।

उल्लिखित सन्दर्भ र आवश्यकताअनुरूप विद्यालय शिक्षाका सबै कक्षामा लेटर ग्रेडिङ पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गर्ने पद्धति स्थापित गर्ने र लेटर ग्रेडिङ पद्धतिलाई थप प्रभावकारी बनाउन शिक्षक तथा सम्बन्धित सबैलाई सहयोग पुऱ्याउने उद्देश्यले नेपालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७८ पुस ७ गते स्वीकृत लेटर ग्रेडिङ निर्देशिका, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि यो सहयोगी पुस्तिका विकास गरिएको छ । यसमा लेटर ग्रेडिङ पद्धतिको परिचय, नेपालको विद्यालय शिक्षामा यसको अभ्यास, विद्यालय शिक्षाको विद्यमान ग्रेडिङ पद्धति र यसको प्रयोग गरी नतिजा तयार गर्ने तरिका समावेश गरिएको छ ।

२. लेटर ग्रेडिङ पद्धतिको परिचय

लेटर ग्रेडिङ (letter grading) ले पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धिको मूल्याङ्कनपश्चात् विद्यार्थीले हासिल गरेको सिकाइस्तरलाई विभिन्न अक्षरमा गरिने प्रस्तुतिलाई जनाउँछ । विद्यार्थीको सिकाइस्तरलाई उच्चदेखि न्यून गरी कति भाग वा श्रेणीमा विभाजन गर्ने भन्ने विषयमा एकरूपता नदेखिए पनि धेरैजसो शिक्षा पद्धतिले पाँचदेखि नौ भागमा विभाजन गरेको देखिन्छ । प्रत्येक लेटर ग्रेडले विद्यार्थीका भिन्नता छुट्याउन सकिने क्षमता वा स्तरलाई इङ्कित गर्दछ भन्ने मान्यतामा आधारित भएर विद्यार्थीको सिकाइलाई विभिन्नस्तरमा विभाजन गरिनुपर्छ । लेटर ग्रेडिङ प्रणाली विद्यार्थीको सिकाइस्तरलाई सङ्ख्यात्मक नभई गुणात्मक व्याख्या गर्नुपर्छ भन्ने मान्यता रहेको छ । यसमा एउटा विद्यार्थीको क्षेत्रगत वा विषयगत उपलब्धिलाई स्तरअनुरूप अलगअलग लेटर ग्रेड प्रदान गरिने भएकाले विद्यार्थीको समग्र कक्षागत स्तर पहिचानका लागि औसत अङ्कका रूपमा व्यक्त गर्ने गरिन्छ । यसरी विद्यार्थीको समग्र कक्षागत स्तर पहिचान गर्नका लागि गणना गरिने एउटा प्रचलित तरिका जसलाई स्तरीकृत अङ्क (Grade Point) रूपान्तरण गरी स्तरीकृत औसत अङ्क (Grade Point Average-GPA) निकाल्ने रहेको छ । स्तरीकृत अङ्क (Grade Point) भन्नाले अक्षरमा गरिएको विद्यार्थी मूल्याङ्कनको स्तरीकरणलाई अङ्कमा प्रस्तुत गरिएको आनुसाङ्ख्यिक मानलाई जनाउँछ । यो पाठ्यघण्टा (Credit Hour) को अनुपातमा गणना गरी निकालिएको औसत अङ्कस्तरीकृत औसत अङ्क (Grade Point Average-GPA) हो । पाठ्यघण्टा (Credit Hour) ले पठनपाठन सञ्चालनका लागि उपयोग भएको साप्ताहिक विषयगत समयावधिलाई जनाउँछ ।

३. अन्तर्राष्ट्रिय अभ्यास

विश्वका शिक्षा पद्धतिमा उपलब्धिस्तरलाई विभिन्न स्तरगत समूहमा बाँडेर विद्यार्थीलाई ग्रेड प्रदान गर्ने फरक फरक विधि तथा तरिका प्रचलित छन्, जस्तै : प्राप्ताङ्क प्रतिशतका आधारमा विद्यार्थीलाई उत्तीर्ण वा अनुत्तीर्ण गरी दुई श्रेणीमा छुट्याउने, विभिन्न श्रेणीमा छुट्याउने (जस्तैः डिस्टिङ्सन, प्रथम श्रेणी, द्वितीय श्रेणी, तृतीय श्रेणी, फेल आदि उत्कृष्ठ, उत्तम, मध्यम, न्यून आदि) ।

त्यस्तै प्रत्येक तह वा श्रेणीको मापन आधार तयार गरेर क्रमिक सङ्ख्यात्मक (१, २, ३, ४ .... इत्यादि) वा अक्षरात्मक -A, B, C, D ... इत्यादि) ग्रेड (सङ्केत) प्रदान गर्ने प्रचलन पनि विभिन्न शिक्षा पद्धतिमा रहेको छ । अहिले विश्वका धेरै शिक्षा पद्धतिमा क्रमिक सङ्ख्यात्मक वा लेटर ग्रेडिङ प्रणाली प्रचलित छ भने यसका आधारमा स्तरीकृत अङ्क (Grade Point) तथा स्तरीकृत औसत अङ्क (Grade Point Average -GPA) निकाल्ने अभ्यास पनि रहेको पाइन्छ ।

एउटै देश तथा देशभित्र पनि विभिन्न परीक्षा बोर्ड र विश्वविद्यालयअनुसार फरक फरक अभ्यास र प्रचलन पाइए तापनि लेटर ग्रेडिङ पद्धतिका सन्दर्भमा एसियाका केही देशको विद्यालय तथा विश्वविद्यालयतर्फको श्रेणीकरण प्रक्रिया तलको तालिकामा उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । :

देश	ग्रेड सङ्ख्या
Indonesia	A देखि E सम्म ५ ओटा
Iran	A देखि E सम्म ५ ओटा
South Korea	A+ देखि F सम्म ९ ओटा
Afghanistan	A देखि F सम्म ७ ओटा
Malaysia	A देखि F सम्म ११ ओटा
Pakistan	A+ देखि F सम्म ८ ओटा
Saudi Arabia	A+ देखि F सम्म ९ ओटा
Singapore	A देखि F सम्म ९ ओटा
Thailand	A देखि F सम्म ८ ओटा

उल्लिखित केही देशको अभ्यासलाई हेर्दा वर्गान्तर ११ ओटासम्म रहेको देखिन्छ । माथिल्लो श्रेणीमा वर्गान्तर कम रहेको, माथिल्लो श्रेणीमा वर्गान्तर बढी रहेको र वर्गान्तर समान रहेको सबै अवस्था प्रचलनमा रहेको पाइन्छ भने सबै देशमा न्यूनतम आधार श्रेणी (Cut–off Point/ Benchmark) निर्धारण गरेको देखिन्छ । सबैजसो देशमा न्यूनतम आधार श्रेणी शतप्रतिशतको एकतिहाइ र दुईतिहाइभित्र रहेको पाइन्छ । यी देशको अभ्यास हेर्दा न्यूनतम आधार श्रेणीभन्दा लगत्तै माथिल्लो वर्गान्तर चाहिँ तुलनात्मक रूपमा कम देखिन्छ ।

४. नेपालको अभ्यास

विभिन्न अध्ययन प्रतिवेदनको राय, सुझाव तथा प्रचलित अन्तर्राष्ट्रिय अभ्यासलाई आधार मानेर राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७१ असार ३० गते बसेको बैठकबाट सैद्धान्तिक निर्णय गरी सो परिषद्को २०७१ मङ्सिर २४ गते बसेको बैठकबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसी) मा अक्षराङ्कन पद्धति (Letter Grading System) लागु गर्ने निर्णय भएअनुसार अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ तयार भई २०७२ मङ्सिर २३ मा जारी भयो । विद्यालय तहमा विद्यार्थी उपलब्धिको मापन तथा मूल्याङ्कनका लागि अक्षराङ्कन पद्धतिबारे अवधारणागत एकरूपता, कार्यान्वयनमा सहजता र स्पष्टता प्रदान गर्न विद्यमान अङ्क प्रणालीका सट्टामा वि.स. २०७१ मा एसएलसी परीक्षामा प्राविधिक तथा व्यावसायिक धारतर्फ परीक्षणका रूपमा र २०७२ देखि साधारण, प्राविधिक तथा व्यावसायिक र संस्कृत धारको एसएलसी परीक्षामा समेत अक्षराङ्कन पद्धति लागु भयो । यसमा परीक्षार्थीले प्राप्त गरेको अङ्कलाई ९ वर्गान्तरमा श्रेणीकरण गरी विषयगत अक्षराङ्कन (A^+, A, B^+, B, C^+, C, D^+, Dर E) सहितस्तरीकृत अङ्क तथा औसत स्तरीकृत अङ्क (GPA) उल्लेख भएको प्रमाण पत्र जारी गर्न थालियो । यसैअनुसार २०७४ मा कक्षा ११ र २०७५ मा कक्षा १२ मा ९ वर्गान्तरयुक्त अक्षराङ्कन पद्धति लागु गरिएको थियो ।

५. लेटर ग्रेडिङ पद्धति, २०७८

लेटर ग्रेडिङ पद्धति, २०७८ ले विद्यालय तहका पाठ्यक्रममा स्तरीकृत अङ्क र अक्षरमा उपलब्धि स्तर निर्धारण गर्ने निम्नानुसारका तरिका उल्लेख गरेको छ :

क्र.स.	उपलब्धि प्रतिशत	स्तरीकृत अङ्क	अक्षरमा उपलब्धिस्तर	उपलब्धि स्तरको व्याख्या
१	९० र सोभन्दा माथि	४.०	A+	सर्वोत्तम (Outstanding)
२	८० र सोभन्दा माथि ९० भन्दा कम	३.६	A	अत्युत्तम (Excellent)
३	७० र सोभन्दा माथि ८० भन्दा कम	३.२	B+	उत्कृष्ट (Very Good)
४	६० र सोभन्दा माथि ७० भन्दा कम	२.८	B	उत्तम (Good)
५	५० र सोभन्दा माथि ६० भन्दा कम	२.४	C+	सन्तोषजनक (Satisfactory)
६	४० र सोभन्दा माथि ५० भन्दा कम	२.०	C	ग्राह्य (Acceptable)
७	३५ र सोभन्दा माथि ४० भन्दा कम	१.६	D	आधारभूत (Basic)
८	३५ भन्दा कम	-	NG	अवर्गीकृत (Not Graded)

विद्यालय शिक्षाको वर्तमान पाठ्यक्रमले निर्देश गरेअनुसारको पाठ्यघण्टा तथा कार्यघण्टालाई आधार मानेर लेटर ग्रेडिङ निर्देशिकाले स्तरीकृत औसत अङ्क (GPA) निकाल्ने व्यवस्था गरेको छ । विद्यालय तहमा पठनपाठन सञ्चालनका लागि सामान्यतया ६० मिनेटको एक पिरियड हुने छ तर विद्यालयले वार्षिक कार्यघण्टा नघट्ने गरी समय व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit Hour) मानिएको छ । मौजुदा पाठ्यक्रमले व्यवस्था गरेको पठनपाठनको समयावधिलाई पाठ्यघण्टामा रूपान्तरण गरी प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । यसै गरी पाठ्यघण्टा र क्रियाकलापका सन्दर्भमा शिक्षक र विद्यार्थीबिच प्रत्यक्ष संवाद र सहकार्य गरी गरिने सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना गर्नुपर्ने प्रावधान छ । बाह्य मूल्याङ्कनका लागि लिइने परीक्षामा सहभागी हुन विद्यालय खुलेको वा पठनपाठन भएको कुल दिनको ७५ प्रतिशत हाजिरी भएको हुनुपर्ने छ । पाठ्यक्रममा प्रयोगात्मक कार्यका लागि निर्दिष्ट पाठ्यघण्टाअनुसार कक्षा सञ्चालन गर्दा सिकाइसम्बद्ध क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापलाई आधार मानी मूल्याङ्कन गर्नुपर्नेछ ।

लेटर ग्रेडिङको कार्यान्वयनका लागि प्रत्येक विषयको उत्तरपुस्तिकाको परीक्षण र सम्परीक्षण अङ्कमा गर्नुपर्छ । परीक्षण र सम्परीक्षणबाट प्राप्त सैद्धान्तिक र आन्तरिकको छुट्टाछुट्टै अङ्कलाई अक्षर ग्रेडमा रूपान्तर गर्नुपर्छ । सम्बन्धित तह वा कक्षा पूरा गरेको विद्यार्थीले प्राप्त ग्रेड सिटका आधारमा सम्बन्धित तह वा कक्षा पूरा गरेको भएमा विद्यार्थीले पेसागत र प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्राप्त गर्ने छन् । अग्र अध्ययनका लागि भने सो तह वा कक्षा पूरा गरी स्तरीकृत औसत अङ्क (GPA) सहितको ग्रेड सिट र मूल प्रमाणपत्र आवश्यक पर्ने छ । विद्यार्थीले प्राप्त गरेको ग्रेडको व्याख्या (Descriptor) पनि ग्रेडसिटमा उल्लेख गरिने छ ।

ग्रेड वृद्धि परीक्षा र प्रमाण पत्रका सम्बन्धमा कक्षा आठ, कक्षा १० र कक्षा १२ मा सबै विषयमा न्यूनतम ग्रेड पूरा गरेपछि मात्र सम्बन्धित निकायले मूल प्रमाणपत्र उपलब्ध गराउने छ । विषयगत रूपमा आन्तरिकतर्फ C र सैद्धान्तिकतर्फ D ग्रेड प्राप्त गर्न नसक्ने विद्यार्थीका लागि मूल प्रमाणपत्र उपलब्ध गराइने छैन । अन्य कक्षाको हकमा यो निर्देशिकाको प्रतिकूल नहुने गरी विद्यालयले नै ग्रेड सिट र प्रमाणपत्र उपलब्ध गराउनेछ । अग्र अध्ययनका लागि मूल प्रमाणपत्र अनिवार्य हुनेछ । मूल प्रमाण पत्र नलिई अग्र अध्ययन गरेमा समकक्षता प्रदान गरिने छैन । मूल प्रमाणपत्र प्राप्त गर्न नसकेका विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा संलग्न हुन पाउने छन् र ग्रेड वृद्धि परीक्षामा संलग्न हुने तथा आन्तरिक मूल्याङ्कनमा सहभागी भई बाह्य मूल्याङ्कनमा संलग्न हुन नसकेका विद्यार्थीको हकमा आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको अङ्क तीन वर्षसम्म कायम रहनेछ । दुई विषयभन्दा बढी विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेमा वा ग्रेड वृद्धि परीक्षामा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थी अर्को वर्षको सम्पूर्ण विषयको परीक्षामा संलग्न हुन वा सोही कक्षामा पुनः अध्ययन गर्न पाउने छन् । आन्तरिक मूल्याङ्कनमा तोकिएको ग्रेड प्राप्त नभई वार्षिक वा बाह्य परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षा रद्द हुन सक्नेछ । विदेशी बोर्डहरूबाट अध्ययन गरी उत्तीर्ण भएका विद्यार्थीको ग्रेड निर्धारणसमेत यसै कार्यविधिबमोजिम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्नेमुख्य दायित्व विद्यालयको हो । शिक्षक, विद्यार्थी,अभिभावक र सरोकारवाला सबैमा यस पद्धतिबारे जानकारी गर्ने, गराउने काम पनि

विद्यालयको नै हो । यसका लागि विद्यालयले आवश्यकताअनुसार अभिमुखीकरण र छलफल गरी अवधारणगत स्पष्टता कायम गर्नुपर्छ । प्रयोगात्मक कार्य, परियोजना कार्यलगायतका सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विद्यार्थी उपलब्धिको विवरण अभिलेखअनुसार प्रमाणीकरण गरी उपलब्ध गराउने काम पनि विद्यालयले नै गर्नुपर्ने भएकाले लेटर ग्रेडिङको कार्यान्वयनमा प्रमुख भूमिका विद्यालय र शिक्षकको हुन्छ ।

लेटर ग्रेडिङ पद्धतिअनुसार विद्यार्थीको सिकाइ उपलब्धिको अभिलेखीकरणका लागि निम्नानुसारको ग्रेड सिट तथा अन्य व्यवस्था गरिएको छ :

६. स्तरीकृत औसत अङ्क निकाल्ने तरिका

६.१आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रमअनुसार उपलब्धि प्रतिशत निकाल्ने तरिका

आधारभूत तहको कक्षा १–३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक विषयको क्षेत्रगत(Thematic) उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइपश्चात् र थप सहायतापश्चात् गरी दुई पटक निकाल्नुपर्छ र उक्त थिमगत रूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छ :

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{थिमअन्तर्गतका सबै सिकाइ उपलब्धिमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४ ×थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

विषयको समग्र वार्षिक उपलब्धि निकाल्दा भने प्रत्येक विषयको प्रत्येक थिममा थप सहायतापश्चात् विद्यार्थीले प्राप्त गरेको अङ्कको योग निकाल्नुपर्छ । उदाहरणका लागि हाम्रो सेरोफेरो विषयक्षेत्रको कक्षा १ मा रहेको पहिलो थिम म र मेरो परिवारमा जम्मा ५ ओटा सिकाइ उपलब्धि रहेका छन् । यदि एकजना विद्यार्थीले थप सहायतापश्चात् प्राप्त गरेको थिमगत उपलब्धिको अङ्क १६ रहेछ भने माथिको सूत्रअनुसार यस थिममा उक्त विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत $\frac{१६}{४ \times ५} \times १००$ = ८०% हुन्छ । यसैअनुसार प्रत्येक थिममा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत निकालेर तलको तालिका जस्तै थिमगत र जम्मा विषयक्षेत्रगत सिकाइ उपलब्धि प्रतिशत निकाल्नुपर्छ ।

हाम्रो सेरोफेरो विषयको जम्मा उपलब्धि प्रतिशत =

$$\frac{\text{थप सहायतापछिको मूल्याङ्कन पश्चात सबै थिममा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको जोड}}{\text{४ × सबै थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$ हुन्छ ।

उदाहरणका लागि यदि कुनै विद्यार्थीले हाम्रो सेरोफेरोमा प्राप्त गरेको जम्मा उपलब्धि ९३ रहेछ भने उपलब्धि प्रतिशत $\frac{९३}{४ \times २७} \times १००$ = ८६.११ हुन जान्छ । जहाँ २७ ले कक्षा १ मा सेरोफेरो विषयमा भएका जम्मा मुख्य सिकाइ उपलब्धि जनाउँछ । यो उपलब्धि प्रतिशतका आधारमा उक्त विद्यार्थीको ग्रेड A(८८.११) हुन जान्छ ।

हाम्रो सेरोफेरो विषयको कक्षा १ मा एक जना विद्यार्थीले थप सहायतापश्चात् प्राप्त गरेको थिमगत तथा कुल उपलब्धि विवरणलाई उदाहरणको रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

क्र.स.	थिमको नाम	थिमअन्तर्गत रहेका मुख्य सिकाइ उपलब्धिसङ्ख्या	थप सहायता पछिको प्राप्त अङ्क विवरण	उपलब्धि प्रतिशत	कैफियत
१.	म र मेरो परिवार	५	१६	८०	
२.	मेरो दैनिक जीवन	४	१४	८७.५	
३.	हाम्रो समुदाय	३	१०	८३.३३	
४.	मेरो विद्यालय	३	११	९१.६६	
५.	हाम्रा वरपरका सजीवहरू	२	७	८७.५	
६.	हाम्रो वातावरण	२	८	१००	
७.	मेरो सिर्जना	३	११	९१.६६	
८.	हाम्रो संस्कृति	१	३	७५	
९.	सञ्चार प्रविधि र बजार	२	६	७५	
१०	हाम्रो वरपरको संसार	२	७	८७.५	
जम्मा		२७	९३	$\frac{९३}{४ \times २७} \times १००$ = ८६.११	A

रो.न.	विद्यार्थीको नाम, थर	विषयक्षेत्र									
		नेपाली		अङ्ग्रेजी		गणित		हाम्रो सेरोफेरो		स्थानीय	
		उपलब्धि प्रतिशत	ग्रेड	उपलब्धि प्रतिशत	ग्रेड	उपलब्धि प्रतिशत	ग्रेड	उपलब्धि प्रतिशत	ग्रेड	उपलब्धि प्रतिशत	ग्रेड
१.	सुगम अधिकारी	८२.६६	A	९७.५	A+	६६.६६	B	८६.११	A	७५.५	B+
२.											
३.											
४.											

५.											
६.											

यस्तै गरी अन्य विषयको विषयगत उपलब्धि प्रतिशत र ग्रेड निर्धारण गर्न सकिन्छ ।

सबै विषयको विषयगत उपलब्धि प्रतिशत र ग्रेड निकालिसकेपछि तलको अभिलेखीकरण तालिकामा उपलब्धि प्रतिशत माथि उल्लिखित प्रतिशतको वर्गान्तरण तालिकाअनुसार राख्नु पर्छ ।

विषयगत रूपमा ग्रेड निर्धारण गरेपश्चात तपसीलको सूत्र प्रयोग गरी औसत स्तरीकृत अङ्क (GPA) निकाल्नु पर्छ ।

यसका लागि सर्वप्रथम तल तालिकामा दिइएअनुसारWeighted Grade Point (WGP)को योगफल निकाल्नु पर्छ ।

Sum of weighted Grade Point (WGP) = Credit hour of Nepali × Obtained GP in Nepali + Credit hour of English × Obtained GP in English + Credit hour of Math × Obtained GP in Math + Credit hour of Our Surrounding × Obtained GP in Our Surrounding + Credit hour of Local subject ×Obtained GP in local subject)

अब निम्नअनुसार स्तरीकृत औसत अङ्क (GPA) निकालिन्छ:

$$\text{GPA} = \frac{\text{Sum of WGP}}{\text{Total credit of the class}}$$

Calculation of Grade Point Average (GPA)

S.N.	SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT	GRADE	Weighted Grade Point (WGP)
1.	NEPALI	5	3.6	A	18
2.	ENGLISH	4	4	A+	16
3.	MATHMATICS	4	2.8	B	11.2
4.	OUR SURROUNDING	8	3.6	A	28.8
5.	LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT	5	3.2	B+	16
TOTAL		26			90
GRADE POINT AVERAGE = 3.46					

माथिको उदाहरणमा,

Sum of Weighted Grade Point (WGP) = 5 × 3.6 + 4 × 4 + 4 × 2.8 + 8 × 3.6 + 5 ×3.2 = 90

अब,

GPA = $\frac{90}{26}$= 3.46

विद्यार्थीलाई दिइने ग्रेड सिटमा भने तपसिलको विवरण समावेश गर्नुपर्ने छ :

SN	SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT	GRADE	REMARKS
1	NEPALI	5	3.6	A	EXCELLENT
2	ENGLISH	4	4	A+	OUTSTANDING
3	MATHMATICS	4	2.8	B	GOOD
4	OUR SURROUNDING	8	3.6	A	EXCELLENT
5	LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT	5	3.2	B+	VERY GOOD
GRADE POINT AVERAGE = 3.46					

विद्यालयले कक्षा १, २ र ३ का विद्यार्थीलाई निम्नानुसारको ग्रेड सिट उपलब्ध गराउनुपर्ने छ :

..... SCHOOL

.....

THE FOLLOWING ARE THE GRADES BY:.....

DATE OF BIRTH:.....B.S. (.....A.D.)

ROLL NO:..... GRADE: ……..

IN THE ANNUAL ASSESSMENT CONDUCTED BY SCHOOL ARE GIVEN BELOW.

S.N.	SUBJECTS	CREDIT HOUR (CH)	GRADE	GRADE POINT	REMARKS
1.	NEPALI	5			
2.	ENGLISH	4			
3.	MATHEMATICS	4			
4.	HAMRO SEROFERO	8			
5.	LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT	5			
GRADEP AVERAGE POINT (GPA) =					

....

CHECKED BY HEAD TEACHER

DATE OF ISSUE:.....

NOTE: ONE CREDIT HOUR EQUALS TO 32 WORKING HOURS.

द्रष्टव्य

- कक्षा १ देखि ३ सम्मको विद्यार्थी मूल्याङ्कन सिकाइका लागि र सिकाइ उपलब्धिमा आधारित भएकाले विद्यार्थीको सिकाइ उपलब्धिस्तर १ वा २ प्राप्त भएको प्रत्येक सिकाइ उपलब्धिमा अनिवार्य रूपमा उपचारात्मक शिक्षण (Remedial Teaching) गरी सिकाइ सुधार गर्नपर्ने भएकाले सबै विद्यार्थीको उपलब्धिस्तर शिक्षकले कक्षा शिक्षणकै क्रममा प्रवीण (Proficient) वा सुदृढ (Advanced) भएको सुनिश्चित गर्नुपर्ने छ । तसर्थ कक्षा १ देखि ३ सम्म ग्रेड उल्लेख नभएका (Not Graded) विद्यार्थी रहने अवस्था नरहने हुँदा यस तहमा ग्रेड वृद्धि परीक्षाको आवश्यकता पर्दैन ।

६.२ आधारभूत तह (कक्षा ४-८) को पाठ्यक्रमअनुसार उपलब्धि प्रतिशत निकाल्ने तरिका

कक्षा ४ देखि ८ सम्म त्रैमासिक र वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ । त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा निम्नअनुसार कार्य गर्नुपर्छ :

- आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिताबापत ४, प्रयोगात्मक तथा परियोजना कार्यबापत ३६ र त्रैमासिक परीक्षाबाट प्राप्त १० अङ्कभारमा विद्यार्थीले पाएको अङ्कभार लेख्ने
- त्रैमासिक परीक्षाको लागि ५० अङ्कभारमा परीक्षा सञ्चालन गरी १० अङ्कभारमा रूपान्तरण गर्ने

- वर्गान्तर तालिकाअनुसार विद्यार्थीले पाएको जम्मा अङ्कभारलाई ग्रेडमा उल्लेख गर्ने, जस्तै :

क्र.स.	विषय	सहभागिता	प्रयोगात्मक तथा परियोजना कार्य	त्रैमासिक परीक्षा	जम्मा	ग्रेड
	जम्मा अङ्कभार	**४**	**३६**	**१०**	**५०**	
१.	नेपाली	३	३३	९	४५	A+
२.	अङ्ग्रेजी	३	२७	६	३६	B+
३.	गणित	२.५	३०	७.५	४०	A
४.	विज्ञान तथा प्रविधि	३.५	३३	९.५	४६	A+
५.	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	३	२८	७	३८	B+
६.	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला	३.५	३२	८.५	४४	A
७.	स्थानीय विषय/मातृभाषा/संस्कृत	३	३१	८	४२	A

- आन्तरिक मूल्याङ्कनमा विषयगत ग्रेड दिइसकेपछि तपसिलको ग्रेड विस्तृतीकरण तालिका तयार गर्नुपर्छ ।

Grade 4-8

Calculation of Grade Point Average (GPA) in Internal Evaluation

S.N.	SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT	GRADE	WEIGHT GRADED POINT (WGP)
1.	NEPALI	2.5	4	A+	10
2.	ENGLISH	2.5	3.2	B+	8
3.	MATHMATICS	2.5	3.6	A	9
4.	SCIENCE AND TECHNOLOGY	2.5	4	A+	10
5.	SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION	2.5	3.2	B+	8
6.	HEALTH, PHYSICAL AND CREATIVE ARTS	1.5	3.6	A	5.4
7.	LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT	2	3.6	A	7.2
TOTAL		16			57.6
GRADE POINT AVERAGE = 3.60					

विद्यार्थीलाई दिइने ग्रेड सिटमा भने तपसिलको विवरण समावेश गर्नुपर्ने छ :

S.N.	SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT	GRADE	REMARKS
1.	NEPALI	2.5	4	A+	OUTSTANDING
2.	ENGLISH	2.5	3.2	B+	VERY GOOD
3.	MATHMATICS	2.5	3.6	A	EXCELLENT
4.	SCIENCE AND TECHNOLOGY	2.5	4	A+	OUTSTANDING
5.	SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION	2.5	3.2	B+	VERY GOOD
6.	HEALTH, PHYSICAL AND CREATIVE ARTS	1.5	3.6	A	EXCELLENT

7.	LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT	2	3.6	A	EXCELLENT
GRADE POINT AVERAGE = 3.60					

६.३ कक्षा ४ देखि ८ सम्मको वार्षिक नतिजा तयार गर्ने तरिका

(अ) आन्तरिक मूल्याङ्कनका लागि

- वर्षभरिको सहभागिताबापतको ४ अङ्कमा विद्यार्थीले पाएको अङ्कभार राख्ने
- वर्षभरिको प्रयोगात्मक तथा परियोजना कार्यबापतको ३६ अङ्कमा विद्यार्थीले पाएको अङ्कभार राख्ने
- वर्षभरिको त्रैमासिक परीक्षाबापतको १० अङ्कभारका लागि दुईओटा त्रैमासिक परीक्षामा पाएको १०।१० अङ्कभारलाई ५।५ अङ्कभारमा रूपान्तरण गरी विद्यार्थीले पाएको जम्मा अङ्कभार राख्ने

(आ) बाह्य मूल्याङ्कनका लागि

- विशिष्टीकरण तालिकाअनुसार ५० पूर्णाङ्कको परीक्षामा विद्यार्थीले पाएको अङ्क उल्लेख गर्ने । यसको लागि यहाँ आन्तरिक र बाह्य मूल्याङ्कन गर्दाको नमुना यहाँ दिइएको छ :

क्र.स.	विषय	आन्तरिक मूल्याङ्कनको अङ्कभार					बाह्य मूल्याङ्कनको अङ्कभार
		सहभागिता	प्रयोगात्मक तथा परियोजना कार्य	त्रैमासिक परीक्षा		जम्मा	
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक		
जम्मा अङ्कभार		**४**	**३६**	**५**	**५**	**५०**	**५०**
१.	नेपाली	३	३३	४.५	४.५	४५	४०
२.	अङ्ग्रेजी	३	२७	३.५	२.५	३६	४३
३.	गणित	२.५	३०	३.५	४	४०	४५
४.	विज्ञान तथा प्रविधि	३.५	३३	५	४.५	४६	४२
५.	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	३	२८	४	३	३८	३५

६.	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला	३.५	३२	४.५	४	४४	४१
७	स्थानीय विषय	३	३१	४	४	४२	४४

त्रैमासिक परीक्षा सञ्चालन गर्दा पहिलो त्रैमासिक अवधिमा पठनपाठन भएका विषयवस्तुलाई पहिलो त्रैमासिकमा, पहिलो र दोस्रो त्रैमासिक अवधिमा पठनपाठन भएका विषयवस्तुलाई दोस्रो त्रैमासिकमा र वर्षभरि पठनपाठन भएका विषयवस्तुलाई वार्षिक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ । आन्तरिकतर्फ हाजिरी तथा सिकाइमा सक्रियता र प्रयोगात्मक तथा परियोजना कार्य सबै त्रैमासिकमा छुट्टाछुट्टै तोकिएको जम्मा अङ्कभारमा गराउनु पर्ने छ । निरन्तर र सुधारात्मक मूल्याङ्कन भएकाले यो खण्डको सिकाइ उपलब्धि वार्षिक मूल्याङ्कनसँग जोडिँदैन । त्रैमासिक परीक्षाको अङ्क वार्षिक परीक्षामा समावेश गर्दा पहिलो त्रैमासिकमा लिखित परीक्षामा प्राप्त अङ्कलाई १० अङ्कमा रूपान्तर गरी ग्रेड सिटमा आन्तरिकतर्फ चढाउनुपर्छ । यसै गरी दोस्रो त्रैमासिकमा प्राप्त अङ्कलाई पनि १० अङ्कमा रूपान्तर गरी ग्रेड सिटमा आन्तरिकतर्फ चढाउनुपर्छ । आन्तरिकतर्फ वार्षिक नतिजा तयार गर्दा दुई त्रैमासिकमा प्राप्त अङ्कलाई ५/५ मा रूपान्तरण गरी पुनः १० अङ्क आन्तरिकतर्फ चढाउनुपर्छ ।

(इ) औसत ग्रेड पोइन्ट र विषयको अन्तिम ग्रेड निकाल्ने तरिका

- ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कनको भार भएकाले पाठ्यघण्टा पनि सोहीअनुसार आधा गर्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनमा विद्यार्थीले पाएको अङ्कभार छुट्टाछुट्टै राख्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनमा विद्यार्थीले पाएको अङ्कभारको आधारमा ग्रेड निर्धारण तालिकाअनुसार ग्रेड पोइन्ट लेख्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनको पाठ्यघण्टाले GRADE POINT लाई छुट्टाछुट्टै गुणन गरी WGP निकाल्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनमा आएको WGP लाई जोडेर विषयको पाठ्यघण्टाले भाग गरी विषयगत अन्तिम ग्रेड निकाल्ने
- यसरी भाग गर्दा निस्केको अङ्कलाई तलको विषयगत अन्तिम ग्रेड रेन्जअनुसार अन्तिम ग्रेड दिने

क्र.स.	**विषयगत Final Grade Range**	**Final Grade**
१.	३.६१ देखि ४.० सम्म	A+
२.	३.२१ देखि ३.६ सम्म	A
३.	२.८१ देखि ३.२ सम्म	B+
४.	२.४१ देखि २.८ सम्म	B
५.	२.०१ देखि २.४ सम्म	C+

६.	१.६१ देखि २.० सम्म	C
७.	१.६	D
८.	१.६ भन्दा कम	Not Graded

- माथिको तालिकामा दिइएको वर्गान्तरअनुसार विषयको अन्तिम ग्रेड निम्नानुसार निकाल्ने :

SUBJECTS	CREDIT HOUR (CH)	MARKS	GRADE POINT	WEIGHTED GRADE POINT (WGP) : (CH×GP)	FINAL GRADE
NEPALI (TH) NEPALI (IN)	2.5 2.5	40 45	3.6 4	9 10	A+
ENGLISH (TH) ENGLISH (IN)	2.5 2.5	43 36	3.6 3.2	9 8	A
MATHEMATICS (TH) MATHEMATICS (IN)	2.5 2.5	45 40	4 3.6	10 9	A+
SCIENCE AND TECHNOLOGY (TH) SCIENCE AND TECHNOLOGY (IN)	2.5 2.5	42 46	3.6 4	9 10	A+
SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION (TH) SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION (IN)	2.5 2.5	35 38	3.2 3.2	8 8	B+
HEALTH, PHYSICAL AND CREATIVE ARTS (TH) HEALTH, PHYSICAL AND CREATIVE ARTS (IN)	1.5 1.5	41 44	3.6 3.6	5.4 5.4	A
LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT (TH) LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT (IN)	2 2	44 42	3.6 3.6	7.2 7.2	A
Total	32			115.2	
	GRADE POINT AVERAGE (GPA) = 3.60				

- औसत ग्रेड पोइन्ट निकाल्दा प्रत्येक विषयको WGPको योगफल निकाल्ने र कक्षाको पाठ्यघण्टाले भाग गर्ने, जस्तै :

GPA =Nepali (theoreticalWGP + internal WGP) + English (theoretical WGP + internalWGP) +Mathematics (theoreticalWGP + internalWGP) + Science and

IN THE EXAMINATION CONDUCTED IN..... B.S. (..... A.D.) ARE GIVEN BELOW.

SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT (GP)	GRADE	FINAL GRADE	REMARKS
NEPALI (TH) NEPALI (IN)	2.5 2.5				
ENGLISH (TH) ENGLISH (IN)	2.5 2.5				
MATHEMATICS (TH) MATHEMATICS (IN)	2.5 2.5				
SCIENCE AND TECHNOLOGY (TH) SCIENCE AND TECHNOLOGY (IN)	2.5 2.5				
SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION (TH) SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION (IN)	2.5 2.5				
HEALTH, PHYSICAL AND CREATIVE ARTS (TH) HEALTH, PHYSICAL AND CREATIVE ARTS (IN)	1.5 1.5				
LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT (TH) LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT (IN)	2 2				
	32	**GRADE POINT AVERAGE (GPA) =**			

PREPARED BY: CHECKED BY HEAD TEACHER

....

DATE OF ISSUE: .....

IN THE EXAMINATION CONDUCTED IN..... B.S. (..... A.D.) ARE GIVEN BELOW.

SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT (GP)	GRADE	FINAL GRADE	REMARKS
NEPALI (TH) NEPALI (IN)	2.5 2.5				
ENGLISH (TH) ENGLISH (IN)	2.5 2.5				
MATHEMATICS (TH) MATHEMATICS (IN)	2.5 2.5				
SCIENCE AND TECHNOLOGY (TH) SCIENCE AND TECHNOLOGY (IN)	2.5 2.5				
SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION (TH) SOCIAL STUDIES AND HUMAN VALUE EDUCATION (IN)	2.5 2.5				
HEALTH, PHYSICAL AND CREATIVE ARTS (TH) HEALTH, PHYSICAL AND CREATIVE ARTS (IN)	1.5 1.5				
LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT (TH) LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT (IN)	2 2				
	32	**GRADE POINT AVERAGE (GPA) =**			

PREPARED BY: CHECKED BY HEAD TEACHER

..... …… .....

DATE OF ISSUE: .....

NOTE: ONE CREDIT HOUR EQUALS TO 32 WORKING HOURS

INTERNAL(IN): THIS COVERS THE PARTICIPATION, PRACTICAL/PROJECT WORKS AND TERMINALEXAMINATIONS.

THEORY(TH): THIS COVERS WRITTEN EXTERNAL EXAMINATION

ABS = ABSENT * NG= NOT GRADED

स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा

१.१ सन्दर्भ

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकतासमेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । देश विकासका विभिन्न पक्षमा सबै नागरिकको स्वामित्व र सहभागिता आवश्यक हुन्छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ । यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराई सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ । नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएका थिए । राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्ले सिफारिस गरेको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ मा पनि स्थानीय पाठ्यक्रमलाई पाठ्यक्रम महत्त्वपूर्ण स्थान दिनुपर्ने उल्लेख छ । स्थानीय पाठ्यक्रमको विकास तथा निर्माण प्रक्रिया र त्यसको प्रभावकारी कार्यान्वयनमा विद्यालय तथा स्थानीय तहलाई सहयोग पुऱ्याउने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रले यो स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ तयार गरेको छ । यो मार्गदर्शन स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने स्थानीय तहका जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षाविद्, शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलगायत स्थानीय पाठ्यक्रमसम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

यो मार्गदर्शनमा स्थानीय पाठ्यक्रमअन्तर्गत मातृभाषा तथा अन्य स्थानीय विषयहरूका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । यो मार्गदर्शनलाई तीन

भागमा विभाजन गरिएको छ । पहिलो, अर्थात् परिचय भागमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन विकासको सन्दर्भ, यो मार्गदर्शन विकास गर्नुका उद्देश्य, स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त, नेपालमा यसको अभ्यास, स्थानीय पाठ्यक्रमको औचित्य र यसको विकासमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । दोस्रो भागमा स्थानीय पाठ्यक्रमसम्बन्धी नीति, यसको विकास तथा कार्यान्वयनका विधि तथा प्रक्रिया उल्लेख गरिएको छ । तेस्रो भागमा स्थानीय पाठ्यक्रमअन्तर्गत विकास तथा कार्यान्वयन हुने मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनसँग सम्बन्धित विषवस्तु तथा उदाहरणहरू प्रस्तुत गरिएको छ ।

१.२ मार्गदर्शन विकासको उद्देश्य

यो मार्गदर्शन विकास गर्नुका उद्देश्य निम्नलिखित छन् :

(क) सबै सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा, सिद्धान्त र औचित्यसहित यसको आवश्यकता पहिचान गर्न सहयोग गर्नु

(ख) नेपालमा स्थानीय पाठ्यक्रमसम्बन्धी नीति तथा अभ्यासको समीक्षा गरी विद्यालय तहका लागि भावी योजना निर्माण र कार्यान्वयनका लागि सहजीकरण गर्नु

(ग) स्थानीय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनमा सहजीकरण गर्नु

(घ) पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्नु

१.३ नेपालमा स्थानीय पाठ्यक्रमको अभ्यास

नेपालमा स्थानीय पाठ्यक्रमको सम्बन्धमा ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने अनौपचारिक रूपमा परम्परादेखि चलनचल्तीमा रहेको पारिवारिक शिक्षासम्म पुग्न सकिन्छ । यसमा परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा कनिष्ठ सदस्यलाई पेसागत ज्ञान र सिप दिने, पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने चलन थियो । गुरुकुल, गुम्बा, मदर्सा, मुन्धुम जस्ता धार्मिक शिक्षामा गुरुले चेलालाई सिकाउने विषयवस्तु र सिकाइ प्रक्रियालाई समेत स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ । औपचारिक शिक्षा सुरु भइसकेपछि नेपालमा राष्ट्रिय पाठ्यक्रमको अवधारणाको प्रारम्भ भए पनि स्थानीय ठाउँमा पाइने शैक्षिक सामग्री, स्रोत साधन आदिका आधारमा देशभित्र पनि विविध प्रकारका विषयवस्तु र शिक्षण प्रक्रिया धेरै पछिसम्म अभ्यासमा रहेका देखिन्छन् । यसलाई पनि पाठ्यक्रमको स्थानीयकरणको रूपमा लिन सकिन्छ । वि.सं.२०२८ मा देशभरि शिक्षा पद्धतिलाई एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरियो । यसले देशभरि एकै प्रकारको पाठ्यक्रम लागु गर्नुपर्ने आवश्यकता महसुस गरेपछि शिक्षामा अत्यधिक केन्द्रीकरण सुरु भएको आभास दिन्छ । यद्यपि यसप्रकारको केन्द्रीय पाठ्यक्रम भए तापनि विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान, शिक्षण प्रक्रियाको क्रममा स्थानीय विषयवस्तुको उदाहरण दिन सकिने अवस्था आदिले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने जमर्को गरेको देखिन्छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो । उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेन । पाठ्यक्रम विकास केन्द्रले नै विकास गरेका केही मातृभाषाका नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक सीमित विद्यालयले पठनपाठनमा ल्याए भने धेरै विद्यालयले अङ्ग्रेजी, अतिरिक्त गणित, कम्प्युटर जस्ता विषय अध्यापन गरेको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै यसलाई केही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिँदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा समावेश गर्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० समेत विकास गरियो । स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुँदैन भन्ने कुरा निर्क्योल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययनसमेत गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरिएको छ । कक्षा १-८ कै स्थानीय विषयलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन स्रोत सामग्रीसमेत विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक पाठ्यघन्टा १६० कायम गरेको छ । यसैअनुरूप तयार गरिएको आधारभूत तह (कक्षा १ देखि ३) को एकीकृत पाठ्यक्रम २०७५ मा ५ पाठ्यभारको मातृभाषिक सिप/स्थानीय विषयवस्तुका लागि स्थानीय तहले नै पाठ्यक्रम विकास तथा छनोट गरी कार्यान्वय गर्नुपर्ने उल्लेख गरिएको छ । त्यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारभूत तहकै कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु पाठ्यभार ४ र पाठ्यघन्टा १२८ तोकिएको छ ।

पाठ्यक्रम संरचनामा स्थानीय पाठ्यक्रमको व्यवस्था भएपछि यसको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले विभिन्न कार्यक्रममार्फत् प्राविधिक तथा अन्य सहयोगसमेत प्रदान गर्दै आएको छ । सम्बन्धित भाषिक समुदायको सहभागितामा मातृभाषाका नमुना पाठ्यसामग्री विकास गरिएको छ । वि.सं.२०६१ देखि वि. सं. २०६६ सम्मकक्षा १-५ को पाठ्यक्रम परीक्षण गर्ने क्रममा देशका १० जिल्लाका ५० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सहयोग पुऱ्याइएको थियो । वि.सं. २०६७ मा तत्कालीन पाँच विकास क्षेत्रका एकएकओटा जिल्लाका एकएकओटा विद्यालयमा स्थलगत भ्रमण गरी विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई स्थानीय पाठ्यक्रम विकास गर्न प्राविधिक सहयोग प्रदान गरिएको थियो । यसका लागि पूर्वाञ्चल विकास क्षेत्रबाट सुनसरी, मध्यमाञ्चल

विकास क्षेत्रबाट काभ्रेपलाञ्चोक, पश्चिमाञ्चल विकास क्षेत्रबाट मुस्ताङ, मध्य पश्चिमाञ्चलबाट बर्दिया र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रबाट डोटी जिल्ला छनोट भएका थिए ।

वि.सं. २०६८ मा सिन्धुपाल्चोक जिल्लाका ५०० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्ला तथा स्रोत केन्द्रस्तरमा पाठ्यक्रम विकाससम्बन्धी तालिम सञ्चालन गरिएको थियो । कक्षा ६-८ मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएपछि परीक्षण भएका १०० विद्यालयका शिक्षकलाई यस सम्बन्धमा प्रबोधीकरण गरिएको थियो ।

स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनको अवस्था दिनप्रतिदिन सुधारात्मक र व्यापक हुँदै गएको देखिन्छ । विभिन्न जिल्लामा स्थानीय पाठ्यक्रम विकास भई त्यसको जानकारीसहित केही पाठ्यक्रमका प्रति पाठ्यक्रम विकास केन्द्रमा प्राप्त भएका छन् । यस कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको उल्लेखनीय भूमिका रहेको देखिन्छ । परिवर्तित सन्दर्भमा केही गाउँपालिका तथा नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास गरी त्यसको आधारमा पाठ्यसामग्री तयार गरेर पठनपाठन प्रारम्भ गरेका छन् ।

अन्तर्राष्ट्रिय सन्दर्भमा विभिन्न देशमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिन्छ । यसका केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ । इन्डोनेसियामा २० प्रतिशत भार बराबर स्थानीय विषयलाई छुट्याइएको पाइन्छ । यहाँको शिक्षा नीतिमा नै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको व्यवस्था गरिएको छ । जापानमा प्रत्येक विद्यालयले छुट्टै शैक्षिक योजना निर्माण गर्न पाउने व्यवस्था छ । राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका मापदण्ड पुरा गर्न विद्यालयले स्थानीय समुदायलाई पाठ्यक्रम कार्यान्वयनमा संलग्न गराउँछ । लाओसमा २० प्रतिशत पाठ्यभार स्थानीय पाठ्यक्रमलाई छुट्याइएको छ । यसका लागि कृषि, वृक्षरोपण, वन विज्ञान, हस्तकला जस्ता विषय स्थानीय विषयको रूपमा पठनपाठन गरेको देखिन्छ । मङ्गोलियामा केन्द्रबाट निर्धारित र विद्यालयमा आधारित गरेर विद्यालय पाठ्यक्रमलाई दुई भागमा वर्गीकरण गरिएको छ । केन्द्रबाट निर्धारित ५५ प्रतिशत, केन्द्रबाट दिइएका विषयमध्येबाट छनोट गर्नुपर्ने २० प्रतिशत र विद्यालयमा आधारित २५ प्रतिशत पाठ्यभार बराबरको पाठ्यक्रम रहने व्यवस्था छ । फिलिपिन्समा स्थानीय समुदायमा सान्दर्भिक विषय स्थानीय स्तरमा नै छनोट गर्न सक्ने व्यवस्था छ । दक्षिण कोरियामा केन्द्रीय, प्रोभिन्स र महानगरपालिकाले पाठ्यक्रमको ढाँचा तथा संरचना दिने र त्यसको आधारमा विद्यालयले आफ्नो अनुकूलताअनुसारका विषय छनोट गर्न पाउने सुविधा प्रदान गरिएको छ । भियतनाममा १५ प्रतिशत स्थानीय इतिहास, भूगोल, परम्परागत उत्पादन, संस्कृति आदि विषयवस्तु छनोट गरी विद्यालयले अध्ययनअध्यापन गर्न पाउने प्रावधान देखिन्छ ।

१.४ स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको

सैद्धान्तिक अवधारणाका रूपमा स्विकारेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।"

उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप र आधारभूत तह (कक्षा १ देखि ३) को पाठ्यक्रम २०७५ मा उल्लेख भएअनुसार स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा/स्थानीय भाषा, संस्कृति तथा स्थानीय सिपमध्येबाट विषयवस्तु समावेश गर्न सकिने छ । स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ, शिक्षक र विद्यार्थीबिच सम्बन्ध विकासमा सहयोग गर्छ र समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । त्यसै गरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ । नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ र समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ ।

पाठ्यक्रममा सिकारुका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने भनाइका आधारमा स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई विश्लेषण गर्न सकिन्छ ।

स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based Education Theory) ले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै समाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998) ।

शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने एउटा साधनका रूपमा पाठ्यक्रमको स्थानीयकरण प्रारम्भ भएको हो । नेपालको वर्तमान सङ्घीय संरचनाअन्तर्गत बनेका स्थानीय सरकारको कार्यस्वरूपले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको थप आधार तयार गरेको छ । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम पनि विकास गरिनुपर्छ भन्ने मान्यतालाई सैद्धान्तिक रूपमा स्वीकार गरी स्थानीय पाठ्यक्रमको आवश्यकता विकास भएको पाइन्छ । पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा महत्त्वपूर्ण निकाय भनेको विद्यालय र व्यक्ति भनेको शिक्षक हुने भएकाले शिक्षकले विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने मान्यताबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो ।

स्थानीय पाठ्यक्रमको अर्को सैद्धान्तिक अवधारणा भनेको पाठ्यक्रम जसका लागि बनाइने हो तिनीहरूको संलग्नता पनि आवश्यक छ भन्ने रहेको छ । यस अर्थमा पाठ्यक्रम विद्यार्थीका लागि बनाइने भएकाले उनीहरूको सहभागिता जरुरी देखिन्छ । पाठ्यक्रमबाट उत्पादित जनशक्तिको असर तथा प्रभाव जजसलाई पर्छ, पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा तिनीहरूको सहभागिता पनि आवश्यक छ भन्ने मान्यताअनुसार यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका पाठ्यक्रम विकास तथा कार्यान्वयनमा रहनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिकोणबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ ।

स्थानीय पाठ्यक्रमलाई स्थान विशेषमा आधारित पाठ्यक्रम (Area Based Curriculum) का रूपमा पनि हेर्ने गरिन्छ । यसले विद्यालयको वरिपरि वा निश्चित स्थान वा क्षेत्र (जस्तै: गाउँ, वडा, गाउँ वा नगरपालिका) केन्द्रित भएर त्यहाँका विशेषता तथा आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यस्तो पाठ्यक्रम निर्माण र कार्यान्वयन स्थानीय सहकार्य र सहभागितामा हुने गर्दछ । यसमा स्थानीय सन्दर्भ तथा साधनको प्रयोग गरेर सिकाइने र स्थानीय सरोकारवालाको सहकार्यमा पाठ्यक्रम निर्माण तथा सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । यसमा पाठ्यक्रम तथा सिकाइ क्रियाकलाप स्थानीय बालबालिका र समुदायकै विशिष्ट आवश्यकतामा आधारित हुने गर्दछ । यसबाट स्थानमा आधारित पाठ्यक्रम स्थानका बारे, स्थानीयद्वारा र स्थानीयका लागि तयार गरिएको हो (Thomas, 2012) भन्न सकिन्छ ।

स्थानीय पाठ्यक्रमलाई अलग्गै विषयका रूपमा मात्र नलिई कुनै ज्ञान, सिप, सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन, कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रूपमा लिने दृष्टिकोण पनि रहेको छ । पाठ्यक्रमको यस्तो सान्दर्भीकरणले अलग्गै विषयका रूपमा स्थानीय पाठ्यक्रम निर्माण गर्नेभन्दा पनि सिकाइ प्रक्रियामार्फत विभिन्न विषय वा विषयवस्तुलाई स्थानीय परिवेश, उदाहरण, अनुभवसँग एकाकार गर्नु भन्ने बुझाउँछ । यसरी सान्दर्भीकृत (Contextualized) पाठ्यक्रमका रूपमा स्थानीय पाठ्यक्रमलाई लिन सकिने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पुरा नहुने हुँदा विविध क्षेत्रका आवश्यकता पुरा गर्ने सैद्धान्तिक अवधारणाको आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरी यसको प्रावधान राखिएको पाइन्छ । यसका लागि स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको छ । यसले सबै क्षेत्रको विकासका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिइन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने मान्यता स्थापित गर्न खोजेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम हुनका लागि मुख्य रूपमा निम्नलिखित तीन पक्ष हुनुपर्ने देखिन्छ :

(क) स्थानीय आवश्यकता

स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्नुपर्दछ । स्थानीय समुदायको आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई मात्र स्थानीय पाठ्यक्रम भन्न सकिन्छ । यसका लागि पाठ्यक्रम विकास गर्ने क्रममा स्थानीय समुदायमा रहेका व्यक्तिको सही तरिकाले आवश्यकता पहिचान गर्न सक्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माणका क्रममा सुझाव सङ्कलन गर्नका लागि स्थानीय जनप्रतिनिधि, विभिन्न क्षेत्रका स्थानीय विज्ञ, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक आदिसँग स्थानीय तहका वडा, बस्तीहरू समावेश गरी समूहगत तथा व्यक्तिगत छलफल, अन्तरक्रिया, प्रश्नोत्तर तथा निश्चित समूहकेन्द्रित छलफल (Focal Group Discussion) गर्नुपर्छ ।

(ख) स्थानीय विषयवस्तु

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हो होइन भनेर जाँच्ने कसी भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप, प्रविधि हुनु जरुरी छ । यसमा मातृभाषा, स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयवस्तु, स्थानीय सिपमध्येबाटै विषयवस्तु समावेश गर्न सकिन्छ तर ती विषयवस्तु स्थानीय समुदायसँग सम्बन्धित हुनुपर्दछ ।

(ग) स्थानीय सहभागिता र विज्ञता

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय पाठ्यक्रम हुनका लागि पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा स्थानीय समुदायमा रहेका व्यक्तिको सहभागिता अनिवार्य हुन्छ । यसमा उनीहरूकै विज्ञताको प्रयोग गरिन्छ । पाठ्यक्रम विकासमा स्थानीयको सहभागितालाई पाठ्यक्रम विकास तथा परिमार्जनमा सुझाव दिने कार्यमा, पाठ्यक्रम लेखनमा विशेषज्ञको रूपमा, विभिन्न स्रोत, साधन र सूचना उपलब्ध गराउने सूचना सम्प्रेषकका रूपमा विज्ञताको उपयोग गर्न सकिन्छ । यसै गरी पाठ्यक्रम कार्यान्वयन गराउने क्रममा कक्षाकोठाभित्र तथा बाहिर विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराउन शिक्षकको रूपमा, स्रोत व्यक्तिको रूपमा, विद्यालय तथा शिक्षकलाई सल्लाह प्रदान गर्ने सल्लाहकारको रूपमा, विभिन्न सहयोग प्रदान गर्ने सहयोगीको रूपमा पनि सहभागिता बढाउन सकिन्छ ।

कुनै विषय स्थानीय पाठ्यक्रमअन्तर्गत पर्छ पर्दैन भन्ने कुरालाई उल्लिखित तीनओटा सैद्धान्तिक पक्षबाट हेर्न सकिन्छ । कुनै विषय स्थानीय आवश्यकता हो होइन, उक्त विषयमा स्थानीय विषयवस्तु समावेश गरिएका छन् छैनन् र उक्त विषयको पाठ्यक्रम तथा अन्य सामग्री विकास र कार्यान्वयन प्रक्रियामा स्थानीय सहभागिता छ छैन भन्ने प्रश्नको उत्तर सकारात्मक आएमा उक्त विषय स्थानीय पाठ्यक्रम मान्न सकिन्छ । यी तीनओटा प्रश्नमध्ये सबै वा कुनै एकको मात्र पनि नकारात्मक उत्तर प्राप्त भएमा उक्त पाठ्यक्रमलाई सैद्धान्तिक रूपमा नै स्थानीय पाठ्यक्रमको रूपमा मान्यता दिन सकिँदैन ।

निम्नलिखित मान्यताका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ :

- स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने
- स्थानीय विषयवस्तुमा आधारित हुने
- पाठ्यक्रम स्थानीय तहबाटै विकास हुने
- स्थानीय भौतिक र मानवीय स्रोतको उपयोग हुने
- पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्व रहने
- पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने
- विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने
- न्यून मूल्यका स्थानीय सामग्रीको प्रयोग हुने
- सरोकारवालाको सक्रिय सहभागिता रहने

नेपालमा विद्यालय शिक्षाका लागि तयार पारिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपले उल्लेख गरेका पाठ्यक्रम निर्माणका केही सैद्धान्तिक आधार निम्नअनुसार रहेका छन् :

- पाठ्यक्रमले बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्षका विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर हासिल हुने अवस्था सिर्जना गर्ने विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, हरेक विविधतालाई सम्मान गर्ने र समालोचना तथा सिर्जनात्मक अभिव्यक्तिको सिप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित गर्ने
- विद्यार्थीका विविध आवश्यकता र चाहनालाई पुरा गर्न स्थानीयतालाई स्थान दिई सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गर्ने
- विद्यालयले राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा सहयोग गरी स्थानीय संस्थाको क्षमता विकास गर्ने

स्थानीय पाठ्यक्रम विकास, निर्माण, कार्यान्वय र मूल्याङ्कनमा राष्ट्रिय पाठ्यक्रमले निर्देशन गरिरहेको हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणका समयमा देखिएका आवश्यकता एवम् मागलाई राष्ट्रिय पाठ्यक्रम विकासको आधार बनाउन सकिन्छ । यसबाट राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमलाई एकअर्काका परिपूरकको रूपमा बुझ्न सकिन्छ ।

विश्वव्यापी रूपमा सोच्ने र स्थानीय आवश्यकतानुसार कार्य गर्ने भन्ने अवधारणाको साथसाथै स्थानीय सन्दर्भमा सोच्ने, कार्य गर्ने र समालोचनात्मक हुने मान्यता स्थापित हुनुपर्ने देखिन्छ । व्यवस्थापन क्षेत्रमा पछिल्लो समयमा स्थापित विश्व स्थानीकरण शब्दले नेपाली सन्दर्भमा महत्त्व पाउनुपर्ने विद्यमान अवस्था

छ । यसले स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वसँग जोड्न र विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीय परिवेशमा प्रयोग योग्य हुने गरी सान्दर्भिक बनाउन सहयोग गर्नुपर्दछ भन्ने मान्यता पनि राख्दछ । यसै सन्दर्भमा हेर्दा स्थानीय आवश्यकतालाई ध्यान दिई पाठ्यक्रम विकास गर्ने अवधारणा सुरु भएको मान्न सकिन्छ ।

पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिलाई समेट्न सघाउँछ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यताअनुरूप बनाउँछ । यसले विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदानप्रदान संस्कृतिको विकास गराउँछ । त्यस्तै यसले सरोकारावालाको सक्रिय सहभागिताको अपेक्षा गर्दछ र निर्णय प्रक्रियामा सबै पक्षको अर्थपूर्ण सहभागिता गराउँछ ।

स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप र प्रविधि तथा स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा यसले योगदान पुऱ्याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुन्छ ।

१.५ स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पुरा गर्न सम्भव नहुन सक्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औँल्याएका छन् ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन् :

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु

- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सोकारवालालाई जिम्मेवारी बोध गराउनु
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु
- स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु
- विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अत: स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ ।

नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनसमुदायाले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ ।

१.६ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका चुनौती

देशको सामाजिक र आर्थिक विकासका लागि शिक्षा नीतिले ठुलो प्रभाव पार्दछ । उत्पादनशील, सिर्जनशील, गुणात्मक, राष्ट्रिय चिन्तनमुखी, रोजगारमूलक र विश्वपरिवेशअनुकूलको शिक्षाको व्यवस्थापन गरी दक्ष जनशक्ति विकास गर्नु आजको आवश्यकता बनेको हो । यसका लागि शिक्षाका राष्ट्रिय उद्देश्य पुरा गर्न स्थानीय तहमा निर्माण गर्ने गरी स्थानीय पाठ्यक्रमको निर्माण गरिँदै आएको छ ।

स्थानीय तहको पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयका सन्दर्भमा निम्नलिखित चुनौती रहेका छन् :

(क) आवश्यकता पहिचान गर्ने पद्धति र संयन्त्र विकास गर्न

(ख) स्थानीय तहका सरोकारवालाको सहभागिता र संस्थागत क्षमता अभिवृद्धि गर्न

(ग) स्थानीय आवश्यकता र राष्ट्रिय अन्तर्राष्ट्रिय आवश्यकताबिच सन्तुलन कायम गर्न

(घ) भौगोलिक, सांस्कृतिक र सामाजिक विविधतालाई सम्बोधन गर्न

(ङ) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन संयन्त्र तथा प्रक्रियालाई स्थापित गर्न

(च) राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच सामञ्जस्य स्थापित गर्न

(छ) निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रबोधीकरण र प्रभावकारी कार्यान्वयन गर्न

(ज) स्थानीय तहलाई पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जिम्मेवार बनाउन

(झ) प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी सिप विकासमा सहयोगी बनाउन

(ञ) स्थानीय पाठ्यक्रम सम्बन्धमा सरोकारवालामा अपनत्वको भावना विकास गराउन

(ट) स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने जनशक्ति तयार गर्न

(ठ) स्थानीय विषयका पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोग वृद्धि गर्न

(ड) प्रभावकारी अनुगमन, मूल्याङ्कन, पृष्ठपोषणसंयन्त्र विकास र कार्यान्वयन गर्न

(ढ) स्थानीय पाठ्यक्रमअनुसार निर्माण गरिएका पाठ्यसामग्री शिक्षण गर्न स्थानीय विज्ञलाई परिचालन गर्ने

(त) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको खोज, विकास तथा परिचालन गर्ने

स्थानीय तहको पाठ्यक्रम निर्माणका सन्दर्भमा उल्लिखित चुनौती सामना गरी यसको विकास र कार्यान्वयनलाई प्रभावकारी बनाइनु आवश्यक छ । यसका लागि निम्नलिखित कार्यहरू गर्नु आवश्यक छ

(क) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा कार्यान्वयनका लागि स्थानीय स्तरमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने

(ख) स्थानीय पाठ्यक्रम निर्माणमा सबै तहका व्यक्ति, सरोकारवाला, बुद्धिजीवी, शिक्षाविद्, शिक्षक, विद्यार्थी, स्थानीय सिपका ज्ञातालगायतका व्यक्तिलाई समेटेर स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने व्यावहारिक पाठ्यक्रम निर्माणका लागि व्यापक बहसको थालनी गर्ने

(ग) सबै विषयमा स्थानीय तहको आवश्यकतालाई समेट्ने पाठ्यक्रम निर्माण र समावेशका लागि राजनीतिक तहमा व्यापक सहभागिता कायम गर्ने

(घ) स्थानीय पाठ्यक्रमलाई राष्ट्रिय पाठ्यक्रमसँग अन्तरसम्बन्धित गर्ने र यसलाई अन्तर्राष्ट्रिय सन्दर्भसँग जोड्ने गरी पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि सबै पक्षको सकारात्मक र रचनात्मक सहयोग जुटाउने वातावरण सिर्जना गर्ने

(ङ) सबै स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेअनुरूप आफ्नो क्षेत्रभित्रको आवश्यकतालाई सम्बोधन हुने गरी स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने अनिवार्य दायित्वको कानुनी आधार निर्माण गर्ने

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

२.१ नेपालको संविधान

जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ ।

अत: यसलाई व्यवहारत: कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक माध्यम रहेको छ ।

२.२ पन्ध्रौं योजनाको अवधारणा पत्र (२०७६/०७७-२०७९/०८०)

पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रममार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीति लिइएको छ । यसका लागि विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्डबमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति तय गरिएकोछ ।

२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

२.४ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारूपले उल्लेख गरेको छ :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने

२.५ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७५/२/१८ को बैठकले सिफारिस गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा समय छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

२.६ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

वि. सं. २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकारसमक्ष प्रतिवेदन पेस गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहायबमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

(क) ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नुका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ।

(ख) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ ।

(न) प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(घ) कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनुपर्छ ।

२.७. प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने

(ख) मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने

(ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ) पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको

(ङ) स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने

२.८. आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९

आभारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रस्ट पार्दै भनिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने

(ख) स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सिप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

(ग) मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ) अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषय पर्ने। उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दै जाने

२.९. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५

आधारभूत तहमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास

गरी कार्यान्वयन गरिने छ ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(ग) कक्षा १–३ को कुल पाठ्यभार २६ पाठ्यघन्टामध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघन्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ ।

२.१० आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम

वि.सं. २०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षमा कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४–८ कक्षा मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ । कक्षा १–८ यो समयावधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् । सामान्यतया कक्षा १–३ मा कम्तीमा २ देखि बढीमा ५ पाठ्यघन्टा तथा कक्षा ४–५ कम्तीमा २ देखि बढीमा ४ पाठ्यघन्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुने छ । कक्षा ६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा, मातृभाषा र अन्य कुनै एक स्थानीय विषय वा स्थानीय विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

स्थानीय पाठ्यक्रमको अन्तरसम्बन्ध

३.१ शिक्षाको राष्ट्रिय उद्देश्यसँग स्थानीय पाठ्यक्रमको सम्बन्ध

मुलुकले तय गरेको शिक्षाको राष्ट्रिय उद्देश्यको प्राप्ति गर्ने कार्यको थालनी पाठ्यक्रमबाट हुन्छ । नागरिक चेतनाको विकास, मानवहितको संरक्षण, प्राकृतिक स्रोतको जगेर्ना, सामाजिक तथा सांस्कृतिक सम्पत्ति र सम्पदाको उचित सदुपयोग, संरक्षण र विकास, उत्पादन र वितरण प्रणालीको सन्तुलन, धार्मिक आस्थाको प्रवर्धन, स्वतन्त्रताप्रतिको जागरुकता र इमानदारी, कर्तव्य र अधिकारप्रतिको सचेतता शिक्षाका राष्ट्रिय उद्देश्य रहेका छन् । यी राष्ट्रिय उद्देश्य प्राप्तिका लागि केन्द्रीयस्तरमा बनेको पाठ्यक्रम मात्र पर्याप्त नभएकाले स्थानीय पाठ्यक्रमको विकास गर्ने प्रावधान गरिएको छ । त्यसैले स्थानीय पाठ्यक्रम विकासको आधार शिक्षाका राष्ट्रिय उद्देश्य नै भएकाले स्थानीय पाठ्यक्रम र शिक्षाका राष्ट्रिय उद्देश्यबिच सिधा सम्बन्ध हुने गर्दछ । स्थानीय पाठ्यक्रमको गुणस्तर र त्यसको सफल तथा प्रभावकारी कार्यान्वयनबाट शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

राष्ट्रिय र स्थानीयस्तरका पेसा, व्यवसाय एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्ने राष्ट्रिय उद्देश्य पुरा गर्न केन्द्रबाट निर्देशित पाठ्यक्रम मात्र पर्याप्त भएन । निर्देशित पाठ्यक्रमले समेट्न नसकेको लुप्त (Hidden) विषयवस्तु र स्थानीय जीवन पद्धतिलाई समेत स्थानीय पाठ्यक्रमको माध्यमबाट नियमित सिकाइमा समावेश गर्न सकिन्छ । यसका लागि स्थानीय ज्ञान, सिप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न स्थानीय आवश्यकतामा आधारित विद्यालय पाठ्यक्रम स्थानीय तहमा उपलब्ध जनशक्तिबाट नै तयार गर्न सकिन्छ । यसबाट शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना गरेको सिपयुक्त तथा दक्ष जनशक्ति तयार गर्न सहयोग पुग्दछ । देशको भौगोलिक, सांस्कृतिक, जातीय, लैङ्गिक, वर्गीय, विविधतालाई सम्बोधन गर्ने, समावेशी पाठ्यक्रममा जोड दिने तथा रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्ने शिक्षाको राष्ट्रिय उद्देश्यअनुरूप नै स्थानीय स्तरको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास गरिन्छ । शैक्षिक क्षेत्रमा स्थानीय आवश्यकता सम्बोधन गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्नसमेत स्थानीय पाठ्यक्रम नै एक उपयुक्त विकल्प हुन सक्छ ।

शिक्षाको राष्ट्रिय उद्देश्य र स्थानीय पाठ्यक्रमबिचको सम्बन्ध निम्नलिखित आधारबाट पुष्टि गर्न सकिन्छ :

१. स्थानीय स्तरमा रहेका पेसा, व्यवसाय र रोजगारसम्बन्धी ज्ञान, सिप प्रदान गर्ने विषयवस्तु समेट्ने

२. स्थानीय कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारमा सहयोग पुऱ्याउने

३. पाठ्यक्रम निर्माणमा स्थानीयस्तरमा उपलब्ध विज्ञको समावेशीकरणसहित सक्रिय सहभागिता गराउने

४. शिक्षालाई विद्यार्थीका दैनिक क्रियाकलापसँग जोडी व्यक्तिको जीवन पद्धति विकास गर्न एवम् चरित्रवान् र नैतिकवान् नागरिक तयार गराउने

५. शैक्षिक क्रियाकलापमा अभिभावक तथा समुदायको सहभागिता बढाउने

६. स्थानीय स्रोत, साधन र विज्ञतालाई उपयोगमा ल्याउने

७. स्थानीय तहमा आवश्यक जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउने

८. स्थानीय पाठ्यक्रमबाट समाज र राष्ट्रिय आवश्यकता पुरा गराउने

९. स्थानीय ज्ञान, सिपलाई विश्व ज्ञानसँग उपयुक्त समायोजन गरी कामको संसारसँग सम्बन्धित गराउने

१०. शिक्षण सिकाइमा स्थानीय अभिभावक तथा विज्ञको सहभागिता सुनिश्चित हुने

राष्ट्रिय पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि देशको भौगोलिक, सांस्कृतिक, जातीय, क्षेत्रीय लैङ्गिक, वर्गीय विविधतालाई सम्बोधन गर्न, समावेशी पाठ्यक्रममा जोड दिन, रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्न, स्थानीय ज्ञान, सिप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको विकास, विस्तार र कार्यान्वयन गर्न आवश्यक छ ।

३.२ राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिचको सम्बन्ध

राष्ट्रिय तहमा रहेर कुनै खास स्थानको आवश्यकतामा आधारित नभई औसत रूपमा राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने गरी देशको शिक्षा नीतिबाट निर्देशित भई केन्द्रीय निकायद्वारा विषय विज्ञबाट निर्माण गरिने पाठ्यक्रम नै राष्ट्रिय पाठ्यक्रम हो । यस्तो पाठ्यक्रमले स्थानीय तहको आवश्यकतालाई पूर्णरूपमा सम्बोधन नगर्न सक्छ ।

कुनै समाज वा देश वा स्थानमा लागु भएको पाठ्यक्रम अर्को समाज वा देश वा स्थानका लागि जस्ताको तस्तै लागु गर्न कठिन हुन सक्दछ । अतः पाठ्यक्रम समय र स्थान विशेष हुनुपर्दछ । विद्यालयीय शिक्षा व्यवस्थापनमा स्थानीयताअनुकूलको पाठ्यक्रमबारे छलफल हुने गर्दछ । सोअनुरूप स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने मान्यता विश्वव्यापी रूपमा अगाडि आएको छ । समाजले आफ्नो स्थानीय आवश्यकता परिपूर्ति गर्न स्थानीय तहमा नै स्थानीय व्यक्तिकै सहभगितामा विकास गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा स्थान विशेष ज्ञान, सिप तथा कलाको विशिष्ट महत्त्व हुन्छ । यो पाठ्यक्रम विकासको विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यास हो ।

माथि उल्लिखित अवस्थालाई हेर्दा स्थानीय पाठ्यक्रमले :

१. स्थानीय आवश्यकताको परिपूर्ति गर्छ ।

२. स्थानीय मागमा आधारित हुन्छ ।

३. स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।

४. सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।

५. अपनत्वको भावनाको विकास गराउँछ ।

६. स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।

७. रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।

८. सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।

९. विद्यार्थीकेन्द्रित विधिमा जोड दिन्छ ।

केन्द्रीय तहमा विकास गरिएको राष्ट्रिय पाठ्यक्रम र स्थानीय आवश्यकतामा आधारित स्थानीयस्तरमा नै तयार गरिएको पाठ्यक्रमका बिचमा निम्नानुसारको समानता रहेका छन् :

१. राष्ट्रिय उद्देश्यबाट निर्देशित हुने

२. पाठ्यकम विकासका ढाँचा र तत्त्व समान रहने

३. आवश्यकतामा आधारित हुने

४. सरोकारवालाको संलग्नता रहने

५. विद्यार्थीलाई ज्ञान, सिप र अभिवृत्ति प्रदान गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. कामको संसारसँग जोड्दै व्यक्तिलाई सहज जीवनयापनका लागि सहयोग गर्ने

८. सामाजिक एकतालाई सुदृढ गर्ने

राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच केही समानता रहे तापनि यी दुई पाठ्यक्रमका बिचमा भिन्नता धेरै छन् । विभिन्न आधारबाट यी दुई पाठ्यक्रमका बिचमा रहेका भिन्नतालाई निम्नअनुसार तुलना गर्न सकिन्छ :

आधार	राष्ट्रिय पाठ्यक्रम	स्थानीय पाठ्यक्रम
उद्देश्य	व्यापक दायरा	विशिष्टीकृत दायरा
अवधारणा	सिद्धान्तमा आधारित	व्यवहारमा आधारित
आवश्यकता	राष्ट्रिय आवश्यकतामा आधारित	स्थानीय आवश्यकता आधारित
विकास गर्ने स्थान	केन्द्रीय स्तर	स्थानीय स्तर
विकास	विषय विज्ञ	स्थानीय विज्ञ
विषय	अनिवार्य विषयमा परम्परागत अवधारणा (केन्द्रीय सोचबाट निर्देशित)	ऐच्छिक विषयमा आधुनिक धारणा (स्थानीय सोचअनुरूप)

आधार	राष्ट्रिय पाठ्यक्रम	स्थानीय पाठ्यक्रम
सहभागिता	प्रतिनिधिमूलक सहभागिता	व्यापक सहभागिता
पद्धति	केन्द्रबाट निर्देशित	स्वनिर्देशित
प्रकृति	वितरण प्रणालीमा आधारित	मागमा आधारित
प्रमाणीकरण	केन्द्रीय स्तरमा	स्थानीय स्तरमा
अपनत्व	कम	बढी
पाठ्यवस्तु	स्थानीय परिवेशमा सान्दर्भिक नहुन सक्ने	सान्दर्भिक, उपयोगी र ग्राह्य
एकरूपता	हुन्छ	हुँदैन

वर्तमान अवस्थामा विश्वव्यापीकरण र स्थानीयकरणको ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रमले संयोजन गर्नुपर्दछ । यसै तथ्यलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपमा स्थानीय आवश्यकतामा आधारित शिक्षासम्बन्धी अवधारणा अगाडि सारिएको छ ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको जिम्मेवारी

स्थानीय पाठ्यक्रम विकासमा विभिन्न निकायको उल्लेखनीय भूमिका रहन्छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाको सक्रिय भूमिका रहन्छ । तिनले गर्नुपर्ने कार्यको सङ्क्षिप्त विवरण तल प्रस्तुत गरिएको छ :

८.१ विद्यालय तह

शिक्षाका तीन सरोकारवाला विद्यालय तहमै हुन्छन् । ती तीन सरोकारवालामा विद्यार्थी, शिक्षक र अभिभावक पर्दछन् । त्यस्तै विद्यालय एक संस्थाको रूपमा आउँछ भने शिक्षक, अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति पनि पर्छ । शिक्षाका नीति, नियम आदिले विद्यालयको सङ्गठन, व्यवस्थापन, सञ्चालन, अनुगमन, मूल्याङ्कनबाट निरन्तर प्रगतिउन्मुख बनाउने अङ्गको रूपमा यी समितिको भूमिकालाई स्पष्ट गर्न खोजेका छन् । तिनीहरूको भूमिका निम्नानुसार रहेको छन :

(क) **विद्यार्थी** : पाठ्यक्रम निर्माणमा १० वर्षदेखि १५ वर्षसम्मका विद्यार्थीको समूहलाई सम्मिलित गराउन सकिन्छ । कक्षा ५ देखि ८ सम्म अध्ययनरत विद्यार्थीले शिक्षण अवधि र प्रक्रियाको कुरा बुझ्न तथा बुझाउन मदत गरेका हुन्छन् । सम्बन्धित तहका विद्यार्थी निरन्तर सम्मिलित हुने वा गराउनुपर्ने समूह हुन् । उनीहरूको भूमिकालाई यसरी उल्लेख गर्न सकिन्छ :

(अ) अध्ययनका कारण, स्थिति तथा अपेक्षा बताउनु

(आ) अध्ययनका विषयवस्तुका पक्षबारेमा कठिनाइ, रुचि, क्षमता, सरलता, सन्दर्भ, आवश्यकता आदिबारे आफ्नो स्वतन्त्र विचार अभिव्यक्त गर्नु

(इ) छलफल, सर्वेक्षण, अध्ययन, अनुसन्धान, योजना, कार्यक्रम, अन्तर्वार्ता आदिमा सक्रिय सहभागिता जनाउनु र आफ्नो अनुभव प्रकट गर्नु

(ख) **शिक्षक/प्रधानाध्यापक** : विद्यार्थीको उमेर, क्षमता, रुचि आदि व्यक्तिगत कुरा तथा उनीहरूको घरायसी अवस्था, विद्यालयको स्थिति, भित्री तथा बाहिरी वातावरण आदिलाई मनन गरी अध्ययन अध्यापनको वास्तविक स्थितिको बोध गराउने प्रमुख सरोकारवाला शिक्षक वर्ग नै हुन् । उनीहरूले नै पाठ्यक्रमको वास्तविक कार्यान्वयन गरेर त्यसको उद्देश्य पुरा गर्दछन् । यसर्थ उनीहरू नै पाठ्यक्रम निर्माण, परिमार्जन तथा परिवर्तनका कारक हुन् । उनीहरूले पाठ्यक्रम निर्माणमा निम्नानुसारको भूमिका निर्वाह गर्न सक्छन् :

(अ) पाठ्यक्रमका विषयवस्तु र सिकाइ प्रक्रियासम्बन्धी वस्तुस्थिति बुझ्न प्रयोग गरिने प्रक्रियामा सक्रिय सहभागिता जनाउने, आवश्यक प्रतिक्रिया दिने, राय, सुझाव दिने, प्रश्नावली, रुजु

सूची, सर्वेक्षण फाराम आदि भर्ने, अन्तर्वार्तामा सहभागी भई सही प्रतिक्रिया अभिव्यक्त गर्ने तथा व्यक्तिगत तथा सामूहिक रूपमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा पाठ्यक्रम निर्माणमा सहभागिता जनाउने र व्यावसायिक प्रतिक्रिया अभिव्यक्त गर्ने

(आ) आफ्नै सक्रियतामा वा निर्देशित रूपमा विद्यार्थी, अभिभावक तथा समुदायमा विभिन्न व्यक्ति, संस्था आदिबाट पाठयक्रमसम्बन्धी रायप्रतिक्रिया सङ्कलन, विश्लेषण र प्रतिवेदन दिने/लिने गरी प्रत्यक्ष रूपमा संलग्न हुने

(इ) विद्यार्थी/अभिभावकको आवश्यकता, स्थिति र पाठ्यक्रमका विषयवस्तु तथा सिकाइ प्रक्रिया अनि सिकाइ सामग्रीबारे सामूहिक तथा पेसागत रूपमा आवश्यक संशोधनका लागि सक्रियता जनाउने

(ई) विद्यार्थीको अध्ययन तथा प्रगतिबारेमा कक्षागत तथा विषयगत अभिलेख अध्ययन गरी आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने, प्रतिवेदन दिने

(उ) पाठ्यक्रम निर्माण समितिमा प्रतिनिधि पठाउने

(ऊ) समितिमा सक्रियतापूर्वक कार्य गर्ने

(ग) अभिभावक : अभिभावक नै आफ्ना सन्तानको प्रगति चाहने शिक्षाका प्रमुख सरोकारवाला हुन् । यो शिक्षकसँग सहकार्य गरेर र अलग्गै आफ्ना छोराछोरीको भलो हुने कार्यमा निरन्तर लागिरहने वर्ग पनि हो । यसर्थ उनीहरूले निम्नलिखित भूमिका निर्वाह गरेर पाठ्यक्रम निर्माणमा सहयोग गर्न सक्छन् :

(अ) आफ्ना छोराछोरीको अध्ययनबाट अपेक्षा गरेका कुरा अभिव्यक्त गरेर

(आ) विद्यार्थीका लागि आवश्यक विषयवस्तु र सिकाइ प्रक्रिया निर्धारणमा आफ्नो राय, सुझाव तथा प्रतिक्रिया दिएर

(इ) विद्यालयमा गएर, कक्षामा शिक्षण गरेर र त्यसको अनुभव र अभिलेख आवश्यक व्यक्तिलाई उपलब्ध गराएर

(ई) आआफ्नो व्यावसायिक क्षेत्रका कुरा आवश्यक समयमा विद्यार्थी, शिक्षक तथा अन्य शिक्षासँग सम्बन्धित व्यक्तिलाई आवश्यक ज्ञान, सिप सिकाएर तथा सूचना उपलब्ध गराएर

(उ) मनोनयन वा छनोट भएका बखत प्रत्यक्ष संलग्न भई सक्रिय रूपमा पाठ्यक्रम निर्माणमा संलग्न भएर

(घ) शिक्षक अभिभावक सङ्घ : शिक्षक अभिभावक सङ्घले बालबालिकाको अध्ययन, अध्यापन वा सिकाइ प्रक्रियाबारे एकआपसमा विचार आदानप्रदान गरेर पाठ्यक्रमका विषयवस्तु र पाठ्यक्रम कार्यान्वयन प्रक्रियाबारे हुने छलफलमा सामूहिक राय, सुझाव दिएर, प्रतिक्रिया व्यक्त गरेर, अन्तरक्रियामा संलग्न भएर र यथार्थ जानकारी गराएर भूमिका निर्वाह गर्न सक्छ ।

(ङ) विद्यालय व्यवस्थापन समिति : विद्यालय व्यवस्थापन समितिले विद्यालय व्यवस्थापनका सिलसिलामा

अनुभव गरेका पाठ्यक्रम कार्यान्वयनका समस्या र समाधानका उपायबारे वास्तविकता वा यथार्थ कुरा सामूहिक रूपमा अभिव्यक्त गरेर आफ्नो भूमिका निर्वाह गर्न सक्छ । समितिबाट प्रतिनिधित्व गर्ने अवस्थामा सक्रिय सहभागीको भूमिका पनि निर्वाह गर्न सक्छ । स्थानीय आवश्यकतामा आधारित विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा त्यसको प्रभावकारिता अध्ययन गर्न सक्छ ।

८.२ स्थानीय तह

गाउँपालिका वा नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणका लागि प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्न सक्छ । स्थानीय तहले एउटा विद्यालय वा आफ्नो क्षेत्रभित्रका लागि स्थानीय समुदायको आवश्यकता, चाहना र मागअनुसार स्थानीय पाठ्यक्रम निर्माणमा तल लेखिएअनुसार कार्य गर्न सकिन्छ :

(अ) स्थानीय पाठ्यक्रमसम्बन्धी नीति नियमका निर्देशिका दिइएको

(आ) आफ्नो क्षेत्रभित्रका शिक्षक परिचालन गरी आवश्यक विशेषज्ञता भएका व्यक्तित्व बोलाई पाठ्यक्रम निर्माण समिति गठन गरी अगुवाइ गर्ने

(इ) विद्यालयको बिचमा समन्वय गरी मिल्दो विषयवस्तुको पाठ्यक्रम तयार गर्ने

(ई) स्थानीय तहले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि तय गरेका कार्यक्रमका लागि बजेट विनियोजन गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्ने

(उ) सञ्चालित कार्यक्रमको अनुगमनकर्ता, सुपरिवेक्षण/निरीक्षणकर्ताको र मूल्याङ्कनकर्ताको भूमिका निर्वाह गर्ने

(ऊ) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि कार्यविधि तथा संयन्त्र निर्माण गर्ने

आफ्नो स्रोत, साधन र समन्वयअनुरूप पाठ्यक्रमसम्बन्धी अध्ययनकर्ता, सोधकर्ता, अनुसन्धानकर्ता तथा यस्ता कार्यमा सहभागी हुने अंशियार/हिस्सेदारको रूपमा पनि भूमिका निर्वाह गर्न सक्छ । यसबाट प्राप्त प्रतिवेदनका आधारमा आफ्नो भावी कार्यक्रम तय गर्न सकिन्छ । शिक्षाका कार्यक्रमका साथै पाठ्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा निरन्तर परिमार्जनका कार्य अघि बढाउन सकिन्छ ।

स्थानीय तहको शिक्षा हेर्ने शाखा वा महाशाखा वा विभागले स्थानीय पाठ्यक्रम निर्माणमा निम्नलिखित भूमिका खेल्न सक्छ :

(अ) विद्यालयले सम्बन्धित कार्यका लागि माग गरेमा आफ्नो विशेषज्ञता उपयोग गरी सहयोग गर्न सक्छ ।

(आ) विभिन्न विद्यालयले सामूहिक रूपमा पाठ्यक्रम निर्माण कार्य थलोमा समन्वयकर्ता र संयोजन गर्न सहयोग गरी दुवै किसिमले सहयोग गर्न सकिन्छ ।

(इ) विद्यालयका शिक्षकलाई पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी तालिमको आवश्यकता

भएमा उनीहरूलाई तालिम प्रदान गर्ने प्रशिक्षकको व्यवस्थापन गर्न सक्छ ।

(ई) विद्यालयहरूको सहकार्यका स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको योजना निर्माण र कार्यान्वयन र अनुगमन गर्न सक्दछ ।

(उ) स्थानीय तहभित्र विद्यालयको अग्रसरतामा कार्यक्रम सञ्चालन गरिएमा वा विद्यालयबाट सामूहिक कार्य सञ्चालन गर्न सहयोग मागेमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ । विभिन्न कार्यक्रम अन्तर गाउँपालिका/नगरपालिका स्तर, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालयबाट तय भएमा आवश्यकताअनुसार सहयोग, समन्वय र सञ्चालन गर्न सक्छ ।

(ऊ) स्थानीय तह स्तर वा प्रदेश स्तर वा केन्द्रस्तरबाट तय गरिएका पाठ्यक्रम निर्माण, परिमार्जन जस्ता कार्यमा अध्ययनकर्ता, प्रवर्तनकर्ता, अनुसन्धान तथा मूल्याङ्कन र अनुगमनकर्ताको हैसियतले पनि काम गर्न सक्छ ।

८.२ स्थानीय तथा सामुदायिक संस्थाहरू

(क) धार्मिक, सामाजिक सांस्कृतिक सङ्घसंस्था

समुदायका विभिन्न क्षेत्रमा कार्य गरिरहेका गुठी, धार्मिक मठमन्दिर, चैत्य, गुम्बा, विहार, मस्जिद आदि सञ्चालन गरिरहेका समूह तथा समुदायले आफूसँग भएको सूचना उपलब्ध गराउने, त्यससम्बन्धी विषयवस्तु स्थानीय पाठ्यक्रममा राख्न लगाउने, स्रोतव्यक्तिको रूपमा विद्यार्थीलाई सिकाउने जस्ता कार्यका अतिरिक्त स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका हुन्छ । यीबाहेक सामाजिक सेवामा कार्यरत समुदाय परिचालन, पाठ्यक्रम निर्माण गर्दा आवश्यक सूचना उपलब्ध गराएर र कार्यान्वयमा स्रोतव्यक्ति उपलब्ध गराएर सहयोग गर्न सक्छ ।

(ख) शिक्षक, प्रशिक्षक तथा पेसागत सङ्घसङ्गठन

शिक्षण पेसामा कार्यरत सङ्घ सङ्गठन, प्रशिक्षण संस्थामा कार्यरत व्यक्ति तथा संस्थाले पनि स्थानीय पाठ्यक्रम निर्माणमा आयोजक भएर पाठ्यक्रम निर्माणसम्बन्धी ज्ञान भएकाले प्राविधिक पक्षमा सहयोग गरेर, विशेषज्ञता प्रदान गरेर र विषयगत, तहगत, समुदायगत आदि स्रोत सामग्री उपलब्ध गराएर योगदान गर्न सक्छन् । यससम्बन्धी शिक्षा र अन्य क्षेत्रमा कार्यरत सङ्घसङ्गठनले पनि सहयोग गर्न सक्दछन् । जस्तो स्वास्थ्य प्रशिक्षण संस्था, निर्माण मर्मतसम्बन्धी संस्था जस्ता परम्परागत रूपमा सञ्चालित पेसाकर्मी तथा संस्थाले यस क्षेत्रमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छन् ।

(ग) उद्योगी व्यवसायी र गैरसरकारी संस्था

स्थानीय समुदायमा विभिन्न उद्योगी व्यवसायी रहेका हुन सक्छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा उनीहरूले पनि सहयोग गर्न सक्छन् । पाठ्यक्रममा कामसँग सम्बन्धित विषयवस्तु राख्न सहयोग गर्न, कार्यान्वयनको क्रममा उनीहरूका उद्योग तथा व्यवसाय सञ्चालन भएका स्थानमा सिकाउन सकिने हुन सक्छ । त्यसै गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा गैरसरकारी

संस्थासँग पनि साझेदारी गरी सहयोग लिन सकिन्छ ।

८.४ प्रदेश तह

(क) सामाजिक विकास मन्त्रालय

सामाजिक विकास मन्त्रालयले प्रदेश तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न नीति निर्माण गर्न सक्छ । यस्तै स्थानीय तहका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि क्षमता विकासमा सहजीकरण गर्न सक्छ ।

(ख) शिक्षा विकास निर्देशनालय

शिक्षा विकास निर्देशनालयले स्थानीय तहमा विकास हुने स्थानीय पाठ्यक्रम विकासका लागि सहजीकरण गर्न सक्छ ।

(ग) शिक्षा तालिम केन्द्र

प्रदेश सरकारको मातहतमा रहेका शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने शिक्षकको पेसागत तालिम तथा अन्य व्यवस्थापकीय तालिममा स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनसम्बन्धी विषयवस्तु समावेश गरी क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न सक्छ ।

८.५ सङ्घीय तह

(क) पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र विद्यालय तहको पाठ्यक्रम विकास गर्ने केन्द्रीय निकाय हो । पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रमसम्बन्धी सूचना सङ्ग्रहकर्ता, पाठ्यक्रम निर्माणकर्ता, कार्यान्वयनकर्ता, अनुसन्धानकर्ता, अन्वेषणकर्ता, प्रवर्तक तथा परिवर्तनकर्ता पनि हो । यो पाठ्यक्रमसम्बन्धी नीति निर्माण गर्ने तथा निर्णयका लागि तयारी गर्ने संस्था पनि हो । हालसम्म केन्द्रीय पाठ्यक्रम निर्माण गरी आएको संस्थाको हैसियतले पाठ्यक्रम निर्माणको केन्द्रीय तथा उच्चतम संस्था हो । देशको परिवर्तित अवस्थामा यसको भूमिकामा पनि परिवर्तन आएको छ । पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम निर्माण गर्न नीति तय गर्न सक्दछ र सोहीअनुसार आवश्यक मानवीय स्रोत तथा विशेषज्ञता उपलब्ध गराई सहयोग तथा निर्देशन दिई निर्देशकको भूमिका पनि निर्वाह गर्न सक्छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि मार्गदर्शन, नमुना तथा उदाहरण प्रस्तुत गरेर प्रवर्तक र समन्वयकर्ताको कार्य पनि गरिरहेको हुन्छ । परिवर्तित परिप्रेक्ष्यमा आवश्यकताअनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय समुदायले नै आफूलाई आवश्यक पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण वा चयन केकसरी गर्न सकिन्छ भन्ने पक्षमा आवश्यक अध्ययन गर्ने, अनुसन्धान गर्ने, प्रवर्तन गर्ने तथा यी कार्यको प्रचारप्रसार र प्रकाशन गरी आवश्यक सहयोग गर्ने सहयोगी तथा निरन्तर चल्ने संस्थाको रूपमा पाठ्यक्रम विकास केन्द्र रहने छ ।

पाठ्यक्रम विकास केन्द्रले देशभरि लागु हुने विद्यालय शिक्षाको पाठ्यक्रमको ढाँचा तयार गर्नुका साथै नमुना पाठ्यपुस्तकका तथा विद्यार्थी तथा शिक्षकका लागि विभिन्न पाठ्यसामग्री विकास गर्दछ । त्यस्तै गरी विद्यालय तहमा विद्यार्थीको मूल्याङ्कनसम्बन्धी नीति, विधि तथा प्रक्रिया निर्धारण गर्नुका साथै नमुना साधनसमेत विकास गर्न सक्ने भएकाले राष्ट्रिय स्तरमा निर्मितका साथै स्थानीय पाठ्यक्रम विकास र कार्यान्यनमा समेत यसबाट सहयोग पुग्ने छ ।

(ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालन हुने शिक्षकको पेसागत तालिम तथा अन्य व्यवस्थापकीय तालिममा स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनसम्बन्धी विषयवस्तु समावेश गरी सहभागीलाई सोबारे जानकारी दिन तथा सोसम्बन्धी विषयवस्तु राखी तालिम सञ्चालन गर्न सक्छ ।

(ग) राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्

स्थानीय पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकास केन्द्र तथा अन्य सम्बद्ध संस्थाको अध्ययन अनुसन्धानबाट देखाएका समस्या समाधानार्थ आवश्यक सहयोग पुऱ्याई स्थानीय पाठ्यक्रम निर्माणका लागि क्षमता विकास गर्न, स्थानीय आवश्यकताअनुसार पाठ्यक्रम निर्माण गर्न, नीति निर्धारण र प्रक्रिया तय गर्न, निर्णय गरी सहयोग गर्न तथा नीति निर्माणको दायित्व पुरा गर्न यस परिषद्को महत्त्वपूर्ण भूमिका हुन्छ ।

(घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी नीति निर्माण र सहजीकरण एवम् बजेट व्यवस्थापन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका हुन्छ ।



शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चिराघाट, दाङ